# परिच्छेद : एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा नैसर्गिक अधिकार हो । हरेक व्यक्तिले आफू भित्रको प्रतिभालाई प्रष्फुटन गर्न शिक्षाको अवसर पाउनु पर्दछ । शिक्षाले नै देश विकासको निम्ति दक्ष जनशक्ति उत्पादन गर्दछ । त्यसैले शिक्षालाई विकासको मेरुदण्डको रुपमा लिइन्छ । शैक्षिक विकासको अभावमा समग्र रुपमा राष्ट्रको आर्थिक र सामाजिक विकास हुन सक्दैन । आजको २१औं शताव्दीमा विश्वलाई मानव जातिले शैक्षिक विकास र यसको प्रयोगले सागुरो घेरामा राख्न सफल भएको हो । आधुनिक सभ्यताको जडसुत्रको रुपमा शिक्षाले आम भूमिका खेलेको हुन्छ । शिक्षा भन्नाले वेदका ५ प्रकारका अङगहरु मध्ये मन्त्रको उच्चारण विधि भएको एक अंश हो । जुनसुकै कला वा विद्या विशेषको सल्लाह, परामर्श, अर्ति उपदेश मानेर परिभाषा गरेको पाइन्छ । समग्रमा शिक्षा भनेको एउटा ज्ञान र सीप हो । यो ज्ञानले मानवभित्र रहेका अन्तर्निहित ज्ञानलाई प्रस्फुटन गर्दै आधुनिक यूग तर्फ डोऱ्याउने कार्य गर्दछ । आजको विश्वमा जति पनि राजनीतिक आर्थिक, सामाजिक, बैज्ञानिक तथा प्राविधिक र सूचनाको क्षेत्रमा विकास गर्ने मानव जातिले सिकेका छन्, यी सबै शिक्षाका देन हुन (पौडेल २०६४) ।

मानव समाजमा शिक्षालाई ३ किसिमले ग्रहण गर्दै आएको छ । जसलाई शिक्षाको प्रकार भनिन्छ । शिक्षाका ३ प्रकारहरुमा औपचारिक शिक्षा, अनौपचारिक शिक्षा र अनियमित शिक्षा हुन् । विद्यालय वा महाविद्यालयको औपचारिक घेरा भन्दा बाहिर दिइने शिक्षा अनौपचारिक शिक्षा हो भने विद्यालय वा महा विद्यालयमा व्यवस्थित योजना बनाई प्रदान गरिने शिक्षा औपचारिक शिक्षा हो । त्यसैगरि कुनै पनि नियम वन्धनभित्र नरहि आकस्मिक रुपमा सिकिने शिक्षालाई अनियमित शिक्षा भनिन्छ । औपचारिक शिक्षामा शिक्षा दिने र लिने प्रक्रियामा औपचारिकता हुन्छ । औपचारिक शिक्षा तहगत रुपमा संरचना गरिएको हुन्छ । साथै उमेरको क्रम अनुसार श्रेणीबद्ध गरिएको हुन्छ । विद्यालयको घेरा भित्र निश्चित अनुशासनमा रहि तोकिएको पाठ्यक्रम, तोकिएको समयमा, तोकिएको व्यक्तिद्वारा पढाइ हुनु, निश्चित अवधिमा परीक्षा हुने र नतिजा निकाल्ने साथै उत्तिर्ण र अनुतिर्णको समेत निर्धारण गर्ने कार्य औपचारिक शिक्षा भित्र पर्दछ । यो शिक्षा निश्चित नियम भित्र बाधिएको हुन्छ । औपचारिक शिक्षा वर्तमान समयमा सबैभन्दा बढी प्रचलित छ । औपचारिक शिक्षामा कडा नियम, अनुशासन भित्र रहनुपर्ने, तोकिएको पाठ्यक्रममा आधारित रहेर पठनपाठन गर्नुपर्ने, विद्यार्थीको भिडभाड हुने साधनको अभाव, लागत बढी हुनु र प्राप्त उपलब्धी न्यून रहनु, सिकारुले आफ्ना आवश्यकता अनुसारका ज्ञान, सीप, हासिल हुने, नसकेको विद्यमान अवस्थाले गर्दा सिकारुमा औपचारिकता शिक्षा प्रति आकर्षण घट्दो छ । यसरी औपचारिक शिक्षामा देखिएका समस्याहरुको समाधानको विकल्पको रुपमा खुला सिकाइ वा खुला शिक्षाको अवधारणा अघि आएको छ । खुला शिक्षा कुनै औपचारिक कडा नियममा वाधिएको हुदैन । यो अनौपचारिक प्रकृतिको सिकाइ अवधारणा हो (शर्मा एण्ड शर्मा २०६३) ।

### १.१.१ खुला विद्यालय शिक्षाको अवधारणा

समाजमा मानिसहरु अनौपचारिक शिक्षा लिएर वा नलिएर पनि आफ्नो गुजारा गरिरहेका छन् । विभिन्न सामाजिक, आर्थिक, भौगोलिक कठिनाइहरुका कारण केहि मानिसहरु विद्यालयमा जान नपाएर शिक्षा आर्जन गर्नबाट वन्चित रहेको अवस्था छ भने केहि विद्यालय गएर पनि विद्यालय तह पार गर्न नसकि औपचारिक शिक्षा लिन बन्चित हुन्छन् । औपचारिक शिक्षा लिनबाट वन्चित भएका विपन्न,सुविधा विहिन, पिछाडि परेका जनजाति, दलित, महिला र अवसर नपाएका व्यक्तिलाइ लक्षित गरि शिक्षामा आएको नयाँ सोच, नयाँ अवधारणा वा नयाँ दृष्टिकोण खुल्ला सिकाइ वा खुला शिक्षा हो । औपचारिक शिक्षा अन्तर्गत विद्यालयको पर्खाल नाघि खुला रुपमा शिक्षा प्राप्त गर्ने प्रक्रियालाई खुला सिकाइ भनिन्छ । औचारिक नीति, नियम वा बन्धनमा नरहि सिमित पूर्वाधारहरुका आधारमा र पूर्व शैक्षिक अनुभवका आधारमा शिक्षा दिइने प्रक्रियालाई खुला शिक्षा भनिन्छ । खुला मन मानव अधिकारको महत्व पूर्ण पक्ष पनि हो (काफ्ले र साथीहरु २०६१) । "खुला सिकाइलाई खुला सिकाइ, खुला, स्वतन्त्र, आवश्यकतामा आधारित र अनौपचारिक प्रकृतिको हुन्छ । खुला विश्व विद्यालय उच्च शिक्षाका लागि दिइने कार्यक्रम हो भने खुला विद्यालय विद्यालय स्तरको खुला सिकाइ कार्यक्रम हो (शर्मा एण्ड शर्मा २०६३) ।

खुला विद्यालयहरु त्यस्ता विद्यालयहरु हुन जुन विद्यालय भित्र दिइने प्रकृतिको शिक्षा विद्यालय बाहिर पनि दिन सकिन्छ । साथै मानिसलाई सामाजिक जीवनमा आइपर्ने हरेक समस्याहरुसंग जुध्न सक्ने बनाउन सकिन्छ भन्ने उद्देश्य बाट स्थापित गरिएका हुन्छन । खुल्ला विद्यालय दूर शिक्षाको माध्यमबाट दूर शिक्षा/खुला सिकाई विद्यालय तहको शैक्षिक कार्यक्रम संचालन गर्न दूर शिक्षा समितिले सम्बन्धन प्रदान गरेको संस्था हो (निर्देशिका २०६३) ।

समाजका कमजोर र सुविधा बिहिन वर्गलाई शिक्षाको सुअवसरविस्तार गर्न लचकता र खुलापन ल्याइने गरी शिक्षा पद्धतीमा निर्माण गरिएको संस्था खुल्ला विद्यालय हो । खुला विद्यालय र खुला विश्व विद्यालयहरु खुला सिकाई पद्धतिका अवधारणामा आधारित छन् । जसको अहिले महत्व बढेको छ । औपचारिक शिक्षामा विभिन्न समस्याहरु देखिएपछि आज भन्दा करीब २५० बर्ष अघि देखि नै अनौपचारिक शिक्षाको रुपमा खुला सिकाई कार्यक्रमको अवधारणा अघि सारिएको हो । औपचारिक शिक्षामा विद्यालयको घेराभित्र कडा अनुशासनमा रहेर निश्चित उमेरका बालबालिकाहरुले तोकिएको समयमा तोकिएको पाठयक्रमको अध्ययन गर्नुपर्ने हुन्छ । यस पद्धतीमा सिकारुले आफनो आवश्यकता र चाहना अनुरुप शिक्षा लिन नपाएको हुँदा औपचारिक शिक्षा उनीहरुको जीवनोपयोगी बन्न सकेको छैन । त्यसकारण कतिपय बालबालिकाहरु विद्यालय नजाने, विद्यालय गएकाहरु मध्येपनि केहिले विद्यालय तह पूरा नगरी बीचैमा विद्यालय छाड्ने, विद्यालय तह पार गरेकाहरु पनि उच्च शिक्षामा सहभागि नबन्ने जस्ता समस्याहरु देखिएका छन । यस्ता समस्याहरु सन् १९५०/०६० को दशकतिर बेलायतमा सबै भन्दा चर्को रुपमा देखियो । बेलायतमा यस्ता समस्याहरु समाधान गर्न खुला विश्व विद्यालय र गृह

अध्ययन विश्व विद्यालय स्थापना गरी विश्व विद्यालय स्तरको शिक्षा प्रदान गर्न थालियो । यसरी बेलायतबाट खुला शिक्षाको औपचारिक शुरुवात भएको हो (काफ्ले र साथीहरु २०६१) ।

### १.१.२. खुला विद्यालय शिक्षाको अन्तराष्ट्रिय अवधारणा

खुला विद्यालय कार्यक्रमको ऐतिहासिक पृष्ठभूमि र विकासको अध्ययन गर्दा बेलायतमा औपचारिक विश्वविद्यालय तहको शिक्षामा संकटहरु देखिन थालेपछि त्यसबाट मुक्त हुन वेलायती विपक्षी नेता हेरोल्ड विल्सनले हवाई विश्व विद्यालय र गृह अध्ययन विश्व विद्यालयको धारणा ल्याए । उनले बेलायतमा चूनावी अभियानको रुपमा यसलाई अगाडी सारे । उनले सन १९६२ मा आफ्नो चूनावी घोषणा पत्रमा “बेलायतमा यूवाहरुले घरमा बसी बसी आफूले चाहे अनुसारको शिक्षा लिन पाउने अधिकार खुला विश्व विद्यालय मार्फत गरिनेछ” (शर्मा एण्ड शर्मा २०६३) भनि उल्लेख गरेका थिए । यहि घोषणा पत्रका आधारमा उनले चूनाव पनि जीते र प्रधानमन्त्री समेत बने । सन् १९६४ मा रिब्विनको प्रतिवेदनले समेत विल्सनको घोषणापत्रको धारणालाई विशेष महत्व दिएको थियो । त्यसको फलस्वरुप बेलायतमा सन १९६९ मा खुला विश्वविद्यालयको स्थापना गरियो । यसपछि भने संसारका अन्य मूलुकहरुमा समेत खुला विश्व विद्यालय खोल्ने लहर चल्यो । रेडियो, टेलिभिजन, पत्राचार आदिका माध्यमबाट शिक्षा दिने कार्य भयो । एशियाली मुलुकहरुमा इरान, पाकिस्तान, श्रीलंका, वर्मा, बंगलादेश, भारत लगायतका देशहरुमा खुला विश्वविद्यालयहरु खुले पनि नेपालमा भने हालसम्म खुला विश्वविद्यालय स्थापना हुन सकेको छैन । शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०३९ राष्ट्रिय शिक्षा, आयोग २०४९, उच्च स्तरीय शिक्षा आयोग २०५५ ले खुला विश्वविद्यालय स्थापना गर्नुपर्ने अवधारण अघि ल्याएपनि खुला विश्वविद्यालयको अवधारणालाई कार्यान्वयनमा आउन सकेको छैन । तथापी त्रिभूवन विश्वविद्यालय शिक्षा शास्त्र संकायले खुला सिकाईको शुरुवात वि.एड. का तीन बर्षे कार्यक्रम बाट शुरु गरेको छ (शर्मा एण्ड शर्मा २०६३) ।

खुला विद्यालयको शैक्षिक कार्यक्रम अनौपचारिक प्रकृतिको हुन्छ ।त्यसैले यसको ऐतिहासिक पृष्ठभूमि पनि खुला विश्वविद्यालय, खुला सिकाई हुँदै अनौपचारिक शिक्षासँग जोडिन पुग्दछ । अनौपचारिक शिक्षाको इतिहास शैक्षिक क्षेत्रमा सबै भन्दा पूरानो र लामो रहेको छ । अनौपचारिक शिक्षाको उत्पति मानविय चिन्तन सँग सँगै भएको मानिन्छ । मानिस जहिलेबाट चेतनशिल बन्यो, समूहमा बस्नथाल्यो, एक आपसमा सहयोगको आदान प्रदान गर्न थाल्यो, त्यसै बेला देखि सुरक्षा र खानाको खोजीमा लाग्न थाल्यो त्यसैबेलादेखि अनौपचारिक शिक्षाको विकास भएको हो । शब्दको भाषाको उत्पति र प्रयोग हुनु भन्दा अगाडि मानिसहरु एक आपसमा सूचनाहरु प्रवाह गर्न, सिकाउन संकेतहरु प्रयोग गर्दथे । त्यो पनि अनौपचारिक शिक्षा थियो । जब शब्दको भाषाको उत्पति र त्यसको प्रयोग हुन थाल्यो त्यसपछि औपचारिक शिक्षाको शुरुवात भयो र अनौपचारिक शिक्षा विस्तारै क्रमश: ओझलमा पर्न गयो । सन् १९६० भन्दा अगाडीसम्म अनौपचारिक शिक्षा विद्वान व्रेक भेनका अनुसार -“मौन उद्योग” का

रुपमा रऱ्यो (शर्मा एण्ड शर्मा २०६३) । औपचारिकशिक्षाको प्रभाव सँगसँगै शिक्षा क्षेत्रमा संकट समेत देखिन थालियो । औपचारिक शिक्षाबाट बालबालिकाहरुले आफूले चाहे जस्तो शिक्षा लिन पाएनन् । यसरी औपचारिक शिक्षामा संकट आएपछि त्यसको विकल्पको रुपमा खोजी हुदै जाँदा सन १९६० को दशकमा अनौपचारिक शिक्षाको अवधारणाको विकास हुन पुग्यो । औपचारिक शिक्षाको विकल्प खोज्ने सबै भन्दा पहिलो व्यक्ति फिलिप्स कुम्बस हुन । उनले सन १९६० मा अनौपचारिक शिक्षाको संरचनाको विकास गरे ।

बेलायती पूर्व प्रधानमन्त्री हयारोल्ड विल्सनले सन १९६२ को चूनावी घोषणामा खुला विश्वविद्यालयको अवधारणालाई अघि सारे । जसका प्रभावले चूनाव जीते । सन १९६९ मा बेलायतमा खुला विश्वविद्यालय स्थापना भयो । त्यसपछि खुला सिकाई मार्फत अनौपचारिक शिक्षाको विकास आन्दोलन कै रुपमा अघि सारे । सन १९७० को दशकतिर Ivan Ilitch ले विद्यालय बाहिर भन्ने अवधारणा अघि ल्याए । त्यसै दशकमा शिक्षा विद पाउलो फ्रेरेले Pedagogy of oppressed को विकास गरी Reflect Thinking को विकास गरे । यस अघि मौन बसेको अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विकल्पको रुपमा उभिने अवसर पायो । अनौपचारिक शिक्षा औपचारिक शिक्षाको विकल्पको रुपमा स्थापित हुँदै आएको बेलामा बेलायतमा खुलेको विश्व विद्यालयले धेरै बेलायतीहरुको मन जीत्न सफल भयो । त्यसको सफलताको कारण अन्य मुलुकहरुमा समेत असर पऱ्यो । त्यसैले ति मुलुकहरुले समेत खुला विश्वविद्यालय स्थापना गरी खुला सिकाई मार्फत पनि विश्व विद्यालय तहको शिक्षा प्रदान गर्न थाले । यतिले मात्र मानिसको अनौपचारिक शिक्षाको माग पूरा हुन सकेन ।

समय, उमेर, आर्थिक अवस्थाको कारण विद्यालय तहको शिक्षा लिने अवसरबाट बञ्चित बालबालिकालाई विद्यालय शिक्षाको अवसर गर्न खुला विद्यालयहरुको पनि माग हुन गयो । विश्वका विभिन्न मुलुकहरुमा खुला विद्यालयहरुपनि खुलेर शिक्षा दिन थालियो । विद्यालय तहको शिक्षाको लागि खुला विद्यालय अवधारणको राम्रो नमूना भारतले प्रस्तुत गरेको छ । विद्यालय शिक्षाको अवसरबाट बञ्चित रहेका सुविधा बिहिन आर्थिक सामाजिक दृष्टिले पछाडी परेका असहाय आदिलाई शिक्षा प्रदानगर्ने उद्देश्यले सन १९७४ बाट यस अवधारणालाई अघि बढाउदै सन १९७९ मा दिल्लीमा खुला विद्यालय स्थापनगरियो । हाल भारतमा खुला विद्यालयहरु व्यवस्थित रुपमा संचालन गरिदै आएका छन (काफ्ले र साथीहरु २०६१) ।

### १.१.३ खुला विद्यालय शिक्षाको नेपालमा अवधारणा

नेपालको सन्दर्भमा सन २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने नारालाई साकार पार्न नेपाल सरकारले पनि खुला विद्यालय कार्यक्रमलाई अघि बढाएको छ । विद्यालयको बाहिर रहेका बालबालिकाहरुलाई दृष्टिगत गरी सबैको लागि शिक्षाको अवसर प्रदान गर्ने शिलशिलामा हाल भई रहेको

औपचारिक शिक्षा पद्धतीको अतिरिक्त स्वाध्ययन र अभ्यासद्वारा आफनो अनुकूलको समय मिलाएर आफनै क्षमता र गतिमा विद्यालय शिक्षाको अवसरबाट बन्चित, पिछडिएका समुदाय, जनजाती, महिला आदिका लागि पनि माध्यमिक शिक्षामा अवसर वृद्धि गर्नका लागि देशमा राष्ट्रिय शिक्षा नीति तथा निर्देशिका समेत २०६३ सालमा स्विकृत भई खुला विद्यालय संचालन भइरहेका छन । शैक्षिक सत्र २०६४ देखि परिक्षणका लागि देश भरका मा.वि. तथा उच्च मा.वि. हरु मध्ये ५ वटा विद्यालय छनौट गरि कार्यक्रम संचालन गरियो । हाल देश भरमा ८५ वटा विद्यालयहरुमा माध्यमिक तहका खुला विद्यालयहरु संचालनमा आएका छन् (कार्यान्वय पुस्तिका २०६५) ।

वि.सं. २०५८ को जनगणना अनुसार नेपालको साक्षरता प्रतिशत ५३.६५ रहेको छ । त्यस मध्ये पुरुष ६५.१५ र महिला ४२.५५ प्रतिशत साक्षरता रहेका छन । (केन्द्रिय तथ्याङ्क विभाग २०५८) । त्यसबाट नेपालमा शिक्षाको विकास राम्रोसँग हुन सकेको देखिदैन । नेपालको साक्षरताको तथ्याङ्कले नेपाल निकै पछाडी परेको र चेतना कम रहेको प्रष्ट देख्न सकिन्छ । चेतना कै कमिले गर्दा उनीहरु गलत मुल्य र मान्यतालाई आत्मसाथ गरीरहन बाध्य भएका छन । जसकारण उनीहरुको जीवन शैली कठोरसँग वितिरहेको हुन्छ । शिक्षाले मानिसको चेतनाको स्तरलाई माथि उठाउछ । मानव श्रोत र साधनको विकास गराउछ । वर्तमान नेपालमा औपचारिक शिक्षाको माध्यमबाट यिनै कुराहरुको विकास गराउन प्रयास गरिएतापनि अझसम्म विविध समस्याका कारण जीवनोपयोगी शिक्षा प्राप्त हुन सकेको छैन । यिनै कुराहरुलाई मनन गरी विद्यालय तहको शिक्षा लिनबाट बन्चित बालबालिकाहरु, अवसरबाट बन्चित समुदाय, कामदार, गृहिणी आदि विभिन्न समुदायलाई विद्यालय र उच्च विद्यालय शिक्षाको पहुँच पुऱ्याउने हिसाबले मानवीय श्रोत विकासको चिन्तन र सचेतिकरणको सिद्धान्त, अभिप्रेरणा सम्बन्धी सिद्धान्तलाई दार्शनिक आधार मानेर देशमा खुला सिकाई कार्यक्रम मार्फत खुला विद्यालयहरु संचालन भई रहेका छन् ।

### १.२ समस्याको कथन

नेपालमा शिक्षा क्षेत्रमा हरेक बर्ष ठूलो धनराशी खर्च भइरहेको छ तथापी आशातित उपलब्धी हासिल हुन सकेको छैन् । यसबाट नेपालमा निरक्षरता उन्मूलन सम्बन्धी ठोस नीति र कार्यक्रमको खाचो रहेको देखिन्छ । निरक्षरता उन्मूलन गर्नका लागि नेपालमा औपचारिक शिक्षाको साथै अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरेको पनि लामो अवधी भई सकेको छ । नेपालमा अनौपचारिक शिक्षाको विधिवत शुरुवात वि.सं. २००८ सालदेखि भएको हो । निरक्षरता उन्मूलन उद्देश्य राखेर थालिएको अनौपचारिक शिक्षा आजसम्म पनि विभिन्न कार्यक्रमका साथ निरन्तर रुपमा संचालनमा रहेको छ । वर्तमान समयमा नेपालको अनौपचारिक शिक्षा अन्तर्गत शिक्षा सदन, महिला शिक्षा, प्रौढ शिक्षा, नव साक्षरता कार्यक्रम जस्ता शैक्षिक कार्यक्रमहरु संचालन गरि निरक्षरता उन्मूलन र सबैका लागि शिक्षा जस्ता विश्वव्यापी नारालाई सफलतापूर्वक कार्यान्वयन गरिदै आएको छ । यसका लागि औपचारिक शिक्षा र अनौपचारिक

शिक्षा दुवैलाई प्राथमिकता दिएको छ । यसका बाबजुद पनि नेपालमा साक्षरता प्रतिशत उच्च हुन सकिरहेको छैन । कतिपय बालबालिकाहरु अझैपनि विद्यालयको पहुँच भन्दा बाहिर रहेको अवस्था छ भने कतिपय बालबालिका विविध कारणले गर्दा विद्यालय तहको शिक्षा पूरा नगरी विद्यालय छाड्न बाध्य छन । यसरी विद्यालय छाड्ने बालबालिका गृहिणी, मजदुर, घरेलु सहायक विभिन्न व्यवसायमा संलग्न व्यक्तिलाई विद्यालय तहको शिक्षा पूरा गराउने उद्देश्यले हाल सरकारले अनौपचारिक प्रकृतिको शिक्षा दिन खुला शिक्षा कार्यक्रम देशका विभिन्न जिल्लाका विद्यालयहरुमा संचालन हुदै आएको छ ।

खुला शिक्षा कार्यक्रमलाई परिक्षणको रुपमा शुरुमा ५ वटा मा.वि./उ.मा.वि. लाई नमूनाको रुपमा छनौट गरिएको थियो भने हाल आएर ८५ वटा विद्यालयमा यो कार्यक्रमलाई विस्तार गरिएको छ । कुनैपनि कार्यक्रम सहज रुपमा अघि बढ्न सक्दैनन् भने ती कार्यक्रमले विविध समस्या र चूनौतीहरुको सामना गर्नुपर्ने हुन्छ । त्यस्ता समस्या र चूनौतीलाई बेलैमा पहिचान गरि समाधान गर्न सकिएमा मात्र कार्यक्रम सफलता तर्फ अघि बढ्न सक्दछ । यो कार्यक्रम वि.सं. २०६४ देखि शुरु भई हाल कार्यान्वयनको अवस्था छ । कुनैपनि कार्यक्रमका सकरात्मक र नकारात्मक पक्षहरु रहन्छन् । यस खुला विद्यालय कार्यक्रम पनि सकारात्मक र नकारात्मक पक्षहरु अवश्य पनि देखिन थालेका छन । यिनै पक्षहरुको खोजगरि खुला विद्यालय कार्यक्रमको समाजमा पारेको प्रभाव सम्बन्धी अध्ययन गर्ने उद्देश्यले यो शोध अनुसन्धान अघि सारिएको हो ।

बालबालिकाको ठूलो संख्या अझै विद्यालय बाहिरै रहेको र सबैको लागि शिक्षा भन्ने विश्वव्यापी अभियानलाई साकार पार्न खुला विद्यालय शिक्षा कार्यक्रम वर्तमान समयको माग र चाहना हो । यहि माग र चाहनालाई पूरा गर्न सरकारले यस कार्यक्रमको विस्तार गरि रहेको छ । विद्यालय शिक्षा लिनबाट बन्चित बाध्य भएका व्यक्तिहरु सबैको यस कार्यक्रम प्रति आकर्षण बढी रहेको छ । हाल यो कार्यक्रम संचालन गर्न राज्यले सम्पूर्ण आर्थिक व्ययभार सानो मात्रामा छ भने कार्यक्रम विस्तार हुँदैजांदा यो भारपनि बढ्न जान्छ । त्यसै गरी विद्यार्थी संख्या बढदै जांदा प्रशासनिक र व्यवस्थापकिय जिम्मेवारी र व्ययभार पनि बढन जान्छ । हालको दिनका यस्ता आर्थिक र प्रशासनिक समस्याहरु आउँदा दिनमा यस्ता समस्याहरु अझ ठूलो रुपमा देखा पर्ने कुरामा दुइमत छैन् । हालसम्म यस बिषयमा शोध गरिएको नपाइएकाले निम्न प्रश्नहरुमा आधारित रहेर यो शोध कार्यलाई अघि सारिएको छ ।

विद्यालय बाहिर रहेका र बीचैमा विद्यालय छाडेका बालबालिकालाई एकैपटक कक्षा १० को पाठयक्रम शिक्षण गराउँदा उनीहरुले यसलाई कसरी लिएका छन् ? कसरी सुधार गर्न सकिन्छ ? कसरी व्यवस्थित गर्ने, लगानी र प्रतिफल बीचको सामनजस्यता कसरी मिलाउने ? यस कार्यक्रमलाई समाज र शैक्षिक क्षेत्रमा कसरी प्रभावकारी ढंगबाट अघि बढाउने? खुला विद्यालय शिक्षा कार्यक्रमका समस्याहरु र

समधानका उपायहरु के के हुन् ? जस्ता  बिषयलाई समस्या मानि खुला विद्यालय शिक्षा कार्यक्रमले पारेको प्रभाव लाई शोध अनुसन्धानका रुपमा अघि सारिएको छ ।

### १.३ अध्ययनको औचित्य

शिक्षा क्षेत्रमा विविध अवधारणाहरु आउने गर्छन । तिनीहरु मध्ये खुला विद्यालय कार्यक्रम एक नयाँ अवधारणा हो । त्यसैले औपचारिक र अनौपचारिक दुवै ढंगबाट नागरिकलाई शिक्षा प्रदान गर्नु राष्ट्रको कर्तव्य हो । त्यसै कुरालाई केन्द्रमा राखी विविध कारणले विद्यालय बाहिर रहेका बालबालिका लाई शिक्षा प्रदान गर्ने उद्देश्यले खुला विद्यालय कार्यक्रम अघि सारिएको हो । यो कार्यक्रम योजना बद्ध ढंगले निश्चित नीति, नियम, निर्देशिकाका आधारमा संचालन गरिदै आएको छ । तथापी यस कार्यक्रम संचालनका क्रममा पाठयक्रम, शैक्षिक सामग्री, मूल्याङ्कन प्रक्रिया, आर्थिक पक्ष जस्ता विभिन्न समस्याहरु देखिन थालेका छन । यो कार्यक्रम आफैमा प्रारम्भिक अवस्थामा छ । तसर्थ यस कार्यक्रममा समस्याहरु प्रारम्भिक चरणमा रहेका छन र जटिल बनि सकेका छैनन । त्यस्ता समस्याहरुलाई शुरुवात अवस्थामा नै पहिचान गरी समाधान तर्फ लागि परेमा यो कार्यक्रम सफल बन्न सक्छ । जसले नेपालको साक्षरता वृद्धिगर्ने अभियान सफल हुन्छ । यिनै कुरालाई  ध्यानमा राखी यो शोधकर्ताले यो कार्यक्रमका विविध समस्याको पहिचान गरी समयमै ति समस्याहरुको समाधानका सुझावहरु पेश गर्नुका साथै यस कार्यक्रमले पारेको प्रभावलाई केलाउने उद्देश्यले खुला विद्यालय शिक्षा कार्यक्रमको बिश्लेषण बिषयक शोध अनुसन्धान छनौट गरिएको छ ।

यस अनुसन्धान कार्यक्रमबाट निर्मातालाई कार्यक्रम निर्माण गर्न सहयोग पुऱ्याउन सक्छ भने कार्यक्रम संचालकलाई संचालनमा सहयोग पुऱ्याउनेछ । त्यसैगरी प्रधानाध्यापकलाई कार्यक्रम प्रभावकारी रुपमा अघि बढाउन सहयोगी बन्नेछ । यस कार्यक्रमका लागि सहयोगी संस्थालाई आफ्नो सहयोगीको राम्रो बनाउन उपयोगी बन्नेछ । त्यसरी नै शिक्षकलाई शिक्षण कार्य सफल र उपलब्धिमूलक बनाउन, विद्यार्थी वर्गमा सिकाई सफल बनाउन र अभिभावकलाई छोराछोरीको सिकाई प्रभावकारी बनाउन सहयोग पुग्ने आशा गरिएको छ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार रहेका छन् ।

क) खुला विद्यालय शिक्षा कार्यक्रमको वर्तमान अवस्थाको पहिचान गर्नु ।

ख) खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको उपलब्धीको लेखाजोखा गर्नु ।

ग) खुलाविद्यालय शिक्षा कार्यक्रममा देखिएका समस्याहरुको पहिचान गर्नु ।

### १.५ अध्ययनको परिसीमा

अध्ययन क्षेत्रको परिसीमाङ्कन अध्ययनको प्रक्रियालाई मार्गनिर्देश गर्दै निश्चित निष्कर्षसम्म पुग्न र अध्ययनलाई सफलता पूर्वक सुसम्पन्न गर्न सहयोग गर्दछ । त्यसैले यस अध्ययनलाई अघि बढाउन देशका विभिन्न भागमा ८५ वटा विद्यालय संचालनमा रहेतापनि समय, श्रोत, साधन र आर्थिक कारणले गर्दा यस अध्ययनका परिसीमाहरु निम्न अनुसार रहेका छन्

क) यो अध्ययन कार्य मोरङ्ग र सुनसरी जिल्लामा संचालित ३ वटा खुला विद्यालयमा सिमित रहने छ ।

ख) यो अध्ययन खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गरिएका विद्यालयहरुको खुला र औपचारिक दुवै कार्यक्रम अन्तर्गतको एस.एल.सी. परीक्षाको उपलब्धि, खुला विद्यालय तर्फको विद्यार्थी भर्ना, सो विद्यालयको शिक्षक व्यवस्थापन, मुल्याङ्कन प्रक्रिया र समस्याहरुमा सिमित रहनेछ ।

ग) यो अध्ययन खुला बिद्यालय शिक्षा कार्यक्रमको वर्तमान अवस्थाको अध्ययन र विश्लेषणमा सिमित रहनेछ ।

### १.६ अध्ययनमा प्रयोग भएका शव्दावलीहरुको परिभाषा

यस अध्ययन अनुसन्धानका क्रममा प्रयोग भएका शब्दावलीहरुको परिभाषा यस प्रकार रहेका छन ।

| | | |
|---|---|---|
| खुला विद्यालय | - | औपचारिक शिक्षा लिनबाट वञ्चित वालवालिकालाई अनौपचारिक प्रकृतिको शिक्षा दिने संस्था/विद्यालयलाई बुझिनेछ । |
| विद्यालय निरीक्षक | - | यस अध्ययनक्षेत्रसँग सम्बन्धीत खुला शिक्षा कार्यक्रम हेर्ने विद्यालय निरिक्षकलाई बुझिनेछ । |
| प्राचार्य/प्रधानाध्यापक | - | यस अध्ययन क्षेत्रका खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गरिएका विद्यालयका प्राचार्य वा प्रधानाध्यापक बुझिनेछ । |
| शिक्षक/सहजकर्ता | - | यस अध्ययन सँग सम्बन्धी खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गरिएका विद्यालयमा सम्पर्क कक्षा संचालन गर्ने व्यक्तिलाई बुझिनेछ । |
| संयोजक | - | खुलाविद्यालय कार्यक्रम संचालनमा प्राचार्य वा प्रधानाध्यापकले जिम्मेवारी दिएको व्यक्तिलाई बुझिनेछ । |
| विद्यालय | - | यस अध्ययन क्षेत्र अन्तर्गत खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गरिएका विद्यालयहरु लाई बुझिनेछ । |
| अनौपचारिक शिक्षा | - | विद्यालय वा महाविद्यालयको औपचारिक घेरा भन्दा बाहिर दिइने शिक्षालाई बुझिनेछ। |
| खुला विश्वविद्यालय | - | विश्वविद्यालयको औपचारिक घेराभन्दा बाहिर विभिन्न साधनहरुको माध्यमबाट उच्च शिक्षा प्रदान गर्ने संस्थालाई बुझिनेछ |
| औपचारिक शिक्षा | - | विद्यालय वा महाविद्यालयमा व्यवस्थित योजना बनाई प्रदान गरिने शिक्षालाई बुझिनेछ । |
| अनियमति शिक्षा | - | कुनै पनि निश्चित स्थल र नियमभित्र नरही आकस्मीक रुपमा सिकिने शिक्षालाई बुझिनेछ । |

## परिच्छेद : दुई

## सैद्धान्तिक खाका र सम्बन्धीत साहित्यको पुनरावलोकन

कुनैपनि बिषयवस्तुको अध्ययन र अनुसन्धान गर्नु भन्दा अगाडि उक्त विषयसंग सम्वन्धि अध्ययन र मनन गर्नुपर्ने हुन्छ । यसै सन्दर्भमा खुला विद्यालय शिक्षा कार्यक्रमसँग सम्बन्धित रहेर अनुसन्धान गर्नु पूर्व यसै शीर्षकसँग सम्बन्धी विभिन्न अध्ययन सामग्रीहरुको समिक्षा गरिनेछ ।

### २.१ सैद्धान्तिक साहित्य

खुला विद्यालय शिक्षा कार्यक्रम शिक्षा क्षेत्रको नयाँ अवधारणा हो । यो कार्यक्रम अनौपचारिक प्रकृतिको हुन्छ । त्यसैले यस कार्यक्रमलाई औपचारिक शिक्षाको पुरकको रुपमा लिइन्छ । यो कार्यक्रम अनौपचारिक शिक्षा भएकाले यस अध्ययनको सैद्धान्तिक आधार शिक्षाविद् पाउल स्टोन र लि राय (सन् १९६०) को सामाजिक जागरण सिद्धान्त, हार्विन्सन (सन् १९७०) मानव विकास सिद्धान्त, पाउलोफ्रेरे ( सन्१०७०) को सचेतिकरणको सिद्धान्त र मास्लोको अभिप्रेरणा सम्वन्धि सिद्धान्तलाई लिएको छ ।

पाउल स्टोन र लि राय (१९६०) का अनुसार सामाजिक जागरण सिद्धान्तले जव कुनै व्यक्ति आफ्नो गन्तव्य वा लक्ष्यमा पुग्न खोज्दछ तव वीचमा वाधा अड्चन आउन सक्छ । यदि व्यक्तिको उच्च क्षमता, उच्च मनोवल र आत्मविश्वास भएको छ भने बाधा अड्चन हटाउन सक्दछ । यदि व्यक्ति कमजोर भएमा उसले वैकल्पित पाटो खोज्दछ । शिक्षा क्षेत्रलाई मध्यनजर राख्ने हो भने शिक्षाको भेदभावपूर्ण नीतिले गर्दा सबैलाई समान अवसर नदिदा समाजमा अन्याय अत्याचार र थिचोमिचो बढ्दछ एवं आफ्नो अधिकारको उपभोग गर्न नपाउँदा स्वभाविक रुपमा द्वन्द्व उत्पादन हुन्छ र त्यसबाट सामाजिक संघर्ष वा विष्फोटन हुन्छ । जागरुक विद्यालय मार्फत आफ्नो अधिकार कर्तव्य र स्वतन्त्रताबाट वंचित रहेको मौलिक हकको उपभोग गर्न नपाएका राष्ट्रिय स्रोतको प्रतिफल चाख्नबाट वन्चित रहेकाहरुका लागि अनौपचारिक शिक्षाको व्यवस्था गर्नुपर्छ (काफ्ले र साथीहरु २०६१) ।

हार्विन्सन (सन् १९७०) का अनुसार मानव संशाधनको विकास गर्नु भनेको मानिसको चिन्तनको विकास हुनुको साथै मानिसहरुलाई सूसुचित गराउनु हो । मानव संशाधनको विकास भएपछि प्राकृतिक स्रोतहरु आफै प्राप्त हुन्छन् । त्यस्ता स्रोतहरुको खोजी मानिसले आफै गर्न सक्छन् । त्यसैले यस चिन्तनको आशय मानवीय चिन्तनमा विकास गराउनु, मानिसको सोचमा परिवर्तन ल्याउनु, मानिसलाई कामप्रति क्रियाशिल वनाउनु, मानिसमा ज्ञान र सीपको विकास गराउनु रहेका हुन्छ (हार्विन्सन १९७० शर्मा एण्ड शर्मा २०६३) ।

प्राकृतिक स्रोतको विकास गर्नुभन्दा पहिला मानव संशाधनको विकास गरिनु पर्दछ । किनकी विकसित मानव संशाधनले आफै प्राकृतिक स्रोतहरुको दोहन गर्छ । त्यसबाट फाइदा उठाउछ । जस्तोबढी उव्जनी लिन उन्नत खेती गर्नुपर्छ । यसका लागि उन्नत बीऊ उपलव्ध गराउनु महत्वपूर्ण होइन । जमिन सिंचित गरि दिनुपनि त्यत्ति प्रमुख कुरा होइन । तर व्यक्तिको दिमागमा बढी उव्जनी गर्ने सोच र सीप भएको व्यक्तिको आफ्नो परिस्थिति सुहाउदो उपाय आफै पहिल्याउछ (हर्विन्सन १९७०, काफ्ले तथा साथीहरु २०६१) ।

अमेरिकी मनोवैज्ञानिक अब्राहम मास्लो (सन् १९४३) का अनुसार मानिसका प्रशस्त इच्छा , आवस्यकता र चाहना हुन्छन । त्यसको परिपूर्ती पश्चात पनि अन्य इच्छा र आवश्यकता र चाहनाहरु थप भइ रहन्छन । मानिसका कुनै चाहना पूरा हुन सक्छन तर सबै चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुदैन । जुन प्राप्तीका लागि मानिस उत्प्रेरित हुने गर्दछ । मानिसको अप्राप्त चाहनापनि अनगिन्ती हुन्छन । जसलाई एक निश्चित क्रमबद्धताको आधारमा छुट्याउन सकिन्छ । न्यून स्तरका धेरै आवश्यकताको परिपूर्ती पछि प्राथमिक क्रमका आधारमा उच्च स्तरका आवश्यकता परिपूर्तीका लागि मानिस उत्प्रेरित हुदै जान्छ (मास्लो १९४३, कोइराला, श्रेष्ठ २०६३) । यिनै कुराहरुलाई आधार मानेर मास्लोले मानिसका आवश्यकताहरुलाई निम्नानुसार पाँच श्रेणीमा विभाजन गरेका छन् ।

क) शारिरीक आवश्यकता (खाना, बाँस, विश्राम, कपडा, निन्द्रा, यौन आदि)
ख) सुरक्षााको आवश्यकता (सुरक्षा, स्थिरता, स्वास्थ्य , संचार आदि)
ग) स्नेहको आवश्यकता (माया, ममता, स्नेह, समायोजन हुने अपनत्व बढाउने समितिमा बस्ने आदि)
घ) आत्म आदरको आवश्यकता ( मानसम्मान, पहिचान, स्थानको खोजी )
ङ) आत्म परिचयको आवश्यकता (आत्मा यथार्थता, आत्म गौरव, आत्म उपलब्धी आदि)

मानिसका यी आवश्यकताहरु एकपछि अर्को गरी आउने आवश्यकता हुन । यिनै आवश्यकता पूर्तीका लागि मानिस जहिल्यै पनि काम प्रति उत्प्रेरित भइरहन्छन ।

शिक्षा शास्त्री पाउलो फ्रेरे (१९७०) का अनुसार वर्गिय समाजको अवधारणा अनुसार उत्पिडित र सर्वहारा वर्गलाई शिक्षाको माध्यमबाट सचेत बनाउने सिद्धान्त नै सचेतीकरणको सिद्धान्त हो । यस सिद्धान्त अनुसार मार्क्सवादी अवधारणामा रहि समाजको वर्गीकरण र विश्लेषण गरिन्छ । यसो गर्नु भनेको समालोचनात्मक बुझाइ हुन्छ । समालोचनात्मक बुझाई नै सचेतीकरण हो । त्यसैले यस सिद्धान्तलाई सचेतीकरणको सिद्धान्त भनिएको हो । यसरी सचेत भएको व्यक्तिले सामूहिक अध्ययन गर्ने आफ्नो समुदाय वा समूहको वस्तुस्थितीको अध्ययन गर्ने र व्यक्तिगत र सामूहिक निष्कर्षमा पुग्ने काम गर्दछ ।

यसरी व्यक्तिगत विचारका आधारमा सामुहिक निर्णयमा पुग्ने कार्यलाई समालोचनात्मक सामाजिक विश्लेषण भनिन्छ । समालोचनात्मकको विश्लेषणले व्यक्तिका विचारहरुको सम्मान र कदर हुन्छ । यस प्रकृयामा प्रत्येक व्यक्ति सचेत हुन्छन् । यो पाउलो फ्रेरेका अनुसार सचेतीकरण हो । (फ्रेरे १९७०, शर्मा एण्ड शर्मा २०६३) पाउलो फ्रेरेको सचेतीकरणको सिद्धान्तको सोचको ढाँचा धार्मिक उदारतावाद हो । त्यसमा उनले मार्क्सवादी चिन्तनलाई मिलाएर समाजलाई विश्लेषण गर्न सीप थप गरे । यसरी धार्मिक उदारतावाद माक्सवादी समाज विश्लेषणको संयूक्त नामलाई समालोचनात्मक बुझाई ठाने । यहि बुझाइलाई नै समालोचनात्मक सचेतीकरण भनि नामाकरण गरे । र सामुहिक अध्ययन र विश्लेषण गर्ने, विश्लेषण पछि प्राप्त निष्कर्षको आधारमा सामूहिक कार्य शुरु गर्ने गर्छन । यी सबै कामको संयुक्त नामलाई उनले आदत अभ्यास भनि नामाकरण गरे । उनले शिक्षार्थीलाई समाज विश्लेषण बनाउने शिक्षण विधिको शुरुवात गरे भने शिक्षकलाई मानवतावादी, विवेकशील एवं सामुहिक रुपमा काम गर्ने क्रियाशील व्यक्तिका रुपमा स्थापित गरिदिए । साथै शिक्षार्थीलाई समाज विश्लेषण र आफनो हकहितका लागि सामुहिक कार्य गर्ने व्यक्तिको रुपमा विकसित गरिदिए । फ्रेरेको सचेतीकरणको सिद्धान्तले गरीब, निमुखा र शक्तिहिनहरुलाई *"धन होइन न्याय चाहियो"* भनी माग्नका लागि तयार पार्ने शैक्षिक संरचनाको शुरुवात गऱ्यो (फ्रेरे १९७०,काफले र साथीहरु २०६१) ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

खुला विद्यालय शिक्षा कार्यक्रम नेपालको सन्दर्भमा नयाँ अवधारणाको रुपमा अघि सारिएको छ । यी कार्यक्रम वि.सं. २०६४ साल देखि शुरुवात भएको हो ।अझ सम्म यस कार्यक्रमका बारेमा शोध कार्य भई शोध प्रकाशमा आएको पाइएको छैन । यस कार्यक्रम सम्बन्धमा पुस्तकहरु पत्रिकाहरु र लेख रचनाहरु पनि प्रशस्त मात्रामा प्रकाशित भएका छैनन । तसर्थ यस शोध कार्यमा सम्बन्धित साहित्यको पुनरावलोकन गर्ने क्रममा केहि शोध अध्ययन र पुस्तकहरु, खुला विद्यालय सम्बन्धि निर्देशिका, अनौपचारिक शिक्षा सम्बन्धि लेख रचनाहरुको अध्ययन गरिएको छ ।

तिम्सिना (२०६६) ले साक्षरता विकासमा अनौपचारिक शिक्षाको भूमिका सम्बन्धमा अध्ययन गर्नु भएको थियो । यस बिषयमा शोध अनुसन्धान गर्दा शोध अनौपचारिक कार्यक्रमको लेखाजोखा साक्षरतामा अनौपचारिक शिक्षामा प्रभाव पार्ने तत्वहरु सम्बन्धमा अध्ययन गर्नुभएको थियो । उहाँले आफ्नो अध्ययन मोरङ्ग जिल्लाका ३ वटा गा.वि.स हरु बेलवारी, इन्द्रपुर र सुन्दरपुरमा संचालित अनौपचारिक साक्षरता शिक्षा अन्तर्गत प्रौढ साक्षरता शिक्षालाई आधार बनाई अध्ययन गर्नु भएको थियो । उहाँले अध्ययनको प्राप्तिमा आर्थिक अवस्था न्यून भएका कारणले सहभागीहरु पूरै अवधी नरहने गरेको पाइयो । यस कार्यक्रमले दैनिक जीवन व्यवहारमा सहयोग पुगेको, सहभागीहरुको यसप्रति सकारात्मक दृष्टिकोण रहेतापनि व्यवसायिक सीपमूलक शिक्षा नरहेको ,भौतिक सुविधाको अभाव रहेको, निरक्षरता व्यक्तिहरुले सामान्य लेखपढ गर्न सकेको, सहभागीहरुलाई शिक्षा समयानुकूल नभएको समय कम रहेकोले

कार्यक्रमको समय बढाई कार्यक्रमलाई अझ प्रभावकारी र व्यापक रुप दिनुपर्ने उल्लेख गर्नु भएको छ । त्यसैगरी यो कार्यक्रमलाई प्रभावकारी र उद्देश्यमूलक बनाउन अनिवार्य रुपमा सीपमूलक शिक्षा, व्यवसायीक शिक्षालाई बढी प्राथमिकता दिनुपर्ने, दक्ष जनशक्तिको छनौट गर्नुपर्ने, आवश्यक रकम समयमा नै उपलब्ध गराउनु पर्ने, भौतिक सुविधाको व्यवस्था गर्नुपर्ने, सामाजिक संरचनात्मक आधारीत भएर आधुनिकरण सम्बन्धी शिक्षा दिनुपर्ने, समय समयमा निरीक्षण र अनुगमन हुनु पर्ने, जनचेतना मुलक प्रचार-प्रसार गर्नुपर्ने, व्यवहारिक सीपमूलकशिक्षा व्यवस्था गर्नुका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाको बढी लगानी गर्नुपर्ने, कोटा अनुसार सीपमूलक शिक्षामा लगानी गर्नुपर्ने, कार्यक्रम संचालन गर्न बेग्लै निकाय गठन गर्नुपर्ने, कार्यक्रमका बारेमा सबैमा जानकारी गराउनु पर्ने, यस कार्यक्रमले निरक्षरता उन्मूलन गरी सबैको लागि शिक्षा भन्ने अन्तराष्ट्रिय अभियानमा टेवा पुगेको र जनचेतना वृद्धि गर्न ठूलो टेवा पुगेको भनि उल्लेख गर्नु भएको छ ।

काफ्ले (२०६३) ले दूर शिक्षा विशेषाङ्क पत्रिकामा खुला शिक्षाको सैद्धान्तिक धरातलमा नेपाल व्यवहारिक उपयोगको भविष्यपरक दृष्टिकोण शिर्षकमा एउटा विश्लेषणात्मक लेख लेख्नु भएको छ । लेखको शुरुवात बिषय प्रवेशबाट उठान गरिएको छ । ज्ञान, सीप, प्रविधि आदिमा भएको विकास र परिवर्तनले मानव जीवनमा परिवर्तन आयो । परिवर्तन सन्दर्भमा बाँच्न र रहन सबैले शिक्षा आर्जन गर्नुपर्ने भयो । धेरैलाई अवसर प्रदान गर्ने क्रममा विकल्प खोजी हुदै जांदा खुला शिक्षा पद्धतीको उत्पति हुन गयो । साथै गुणात्मक शिक्षाको खोजी गर्न पनि खुला शिक्षालाई गन्तव्य ठम्यायो भनि बिषय प्रवेश गरिएको छ । नेपालमा खुला शिक्षाले प्रवेश कसरी पायो र त्यसको अवस्था के छ विभिन्न किसिमका शैक्षिक दस्तावेजहरुले यस सम्बन्धमा के भन्छन भन्ने कुराको चर्चा गरिएको छ । खुला शिक्षा जीवनोपयोगी हुने, जुन सबै स्थानमा पनि उपयोगी हुने, कम खर्चिलो हुने, गरेर सिक्ने , सिकेको ज्ञानलाई अध्यावधिक गर्न सकिने सिकाईलाई निरन्तरता दिन सकिने उमेर र समय सिकाईका निम्ति बाधक नबन्ने भएकोले खुला विद्यालय कार्यक्रम खुला शिक्षाको आवश्यकता र महत्व धेरै रहेको उल्लेख गर्नु भएको छ । त्यसैगरी यस कार्यक्रम संचालनमा नीतिगत अस्पष्टता, नागरिक दवाव र गैरसरकारी क्षेत्रको उदासिनता, लगानीमा समस्या, राजनितिक प्रतिवद्धताको कमी जस्ता कुराहरुले गर्दा खुला शिक्षा कार्यक्रमले अपेक्षित उपलव्धी हासिल हुन सकेको छैन भन्ने कुरालाई अघि सार्नु भएको छ । यस कार्यक्रमलाई सफल बनाउनलाई व्यापक छलफल र अर्न्तक्रिया मार्फत सहि कार्यक्रम र कार्यनीति तर्जुमा गरी नीजि, गैरसरकारी र सरकारी क्षेत्रको सम्बन्धमा सरकारले प्रमुख भूमिका निर्वाह गर्नु पर्ने सुझावहरु दिनु भएको छ ।

काफ्ले र साथीहरु (२०६१) ले खुला सिकाई कार्यक्रम मानिसहरु सँगको अन्तक्रियाको माध्यमबाट गरिने भएको र औपचारिक झन्झटबाट मुक्त हुने भएकाले सिकारु सबै सिक्न उत्सुक रहन्छ । यस्तो सिकाईमा सिक्ने र सिकाउनेको बीचमा दुरी कम हुने भएकाले एक अर्कामा केहि न केहि सिक्ने

अवसर पाउँछन र लाभन्वित पनि हुन्छन । खुला सिकाईले सिकारुलाई औपचारिक नीति, नियम वा बन्धनमा सिमित नगरी सिकारुलाई सिक्नका निम्ति पूर्वाधार र सिकाई वातावरणको सिर्जना गर्दछ भनि उल्लेख गर्नु भएको छ । खुला सिकाइले समाजको विभिन्न तहको विभिन्न भौगोलिक क्षेत्रमा छरिएका विभिन्न उमेर समूहका व्यक्तिहरु जो औपचारिक शिक्षाबाट बन्चित भएकालाई उपयोगी नयाँ नयाँ उत्सुकता जगाउनुका साथै शिक्षाको अवसर सिर्जना गर्ने कुरा औल्याउनु भएको छ । त्यसैगरी यस कार्यक्रमले गर्ने "सबैका लागि शिक्षा" नामक अभियानलाई सफल बनाउनका लागि महत्वपूर्ण वैकल्पित साधन भएको बताएका छन् । मानिस स्वभावैले खुलापन चाहने भएकाले औपचारिक शिक्षाको थोपरिएको कार्यक्रम भन्दा खुला शिक्षाको स्व अध्ययनबाट सिकारुले आफनो लक्ष्य प्राप्त गर्न सक्ने कुरालाई जोडदिएका छन । सामूहिक सहभागिता र प्रजातान्त्रिक भावना निरन्तर शिक्षक र लैगिंक मूलक प्रवाहिकरण यस कार्यक्रमका राम्रा पक्षहरु हुन । तथापी यस कार्यक्रममा *ToP Down Approach* भने उपयुक्त नहुने कुरालाई औल्याएका छन ।

वाग्ले (२०६४) ले "प्रौढ शिक्षाको सन्दर्भमा साक्षरता कार्यक्रमको प्रभावकारीता" शीर्षकमा खोज अनुसन्धान गर्नु भएको थियो । देशमा रहेका निरक्षर प्रौढहरुलाई साक्षर बनाउने उद्देश्यले सरकारद्वारा यस कार्यक्रमलाई अघि सारिएको बताउनु भएको छ । त्यसै गरी यस कार्यक्रमका माध्यमद्वारा गाउँ घरमा धेरै प्रौढहरु लाभान्वित भई घरायसी कामकाज गर्न सहज बन्न सफल भएको, देशबाट निरक्षरता उन्मूलनमा सहयोग बन्न सकेको, प्रौढहरुलाई उत्साह थप्न सफल बनेको जस्ता सकारात्मक प्रभावहरु पार्न सकेको उल्लेख गर्नु भएको छ । तथापी यस कार्यक्रमलाई बस्ती बस्तीसम्म विस्तार गर्न नसकिएको, प्रौढ साक्षरता कार्यक्रमा सहभागीहरु नियमित रुपमा उपस्थित नहुनु, आवश्यक शैक्षिक सामग्री उपलब्ध नहुनु, साक्षरोत्तर र नियमित कक्षाका लागि आवश्यक पुस्तकहरु सहितको पुस्तकालय नहुनु, कक्षा संचालन स्थल  अध्ययन गर्न उपयुक्त नहुनु, सहयोगी कार्यकर्तालाई आवश्यक तालिमको अभाव हुनु , योग्य र सक्षम सहयोगी कार्यकर्ताहरुको अभाव, सक्षम व्यक्तिलाई सहयोगी कार्यकर्तामा आकर्षित गर्न नसक्नु, व्यवसायीक र पेशागत सीप तथा ज्ञानलाई अंगाल्न नसक्नु जस्ता कमजोरीलाई औल्याउनु भएको छ । त्यसैगरी उल्लेखित कमिकमजोरीलाई सुधार गर्न सकेमा प्रौढ शिक्षा प्रभावकारी बन्न सक्ने साथै बेरोजगारी समस्या समाधानमा समेत सहयोग पुग्ने कुरा उल्लेख गर्नु भएको छ ।

एजुकेशनल पेजेज (२०६३ चैत्र १-१५) मा खुला सिकाइका लागि व्यवहार खुला भएन शीर्षकमा शैक्षिक जनशक्ति विकास केन्द्रले सरोकारवालाहरुसँग लिएको सुझावमा उमेर समयको बन्देज नभएको विद्यालय वा विश्व विद्यालय नियमित उपस्थित हुनु नपर्ने आफूले इच्छाएको बिषय अध्ययन गर्न पाउने, विभिन्न साधनहरुको प्रयोगबाट अध्ययन गर्न, सकिने, कम खर्चिलो, आफ्नो पेशा वा व्यवसायलाई कुनै बाधा नपुग्ने भएकाले यस कार्यक्रम महत्व बढेको उल्लेख गरिएको छ । त्यसैगरी देशका हरेक ठाउँमा यस कार्यक्रमको पहुँच नपुगेको समयमा पाठयसामग्री उपलब्ध नहुने, ३५ दिनमा नै सबै कक्षा सिध्याउने

भएकाले समय कम भएको, शिक्षकहरु तालिम प्राप्त नहुनु, लामो समयको अन्तराल पछि एकैचोटी कक्षा १० को पाठयक्रमसँग सामना गर्दा कठिनाई रहेकोले सम्पर्क कक्षाको समय अवधि वृद्धि गर्नुपर्ने स्वअध्ययन सामग्री समय मै उपलब्ध गराउनु पर्ने र यस कार्यक्रमलाई प्रभावकारी बनाउन यस कार्यक्रमलाई अझ प्रचार प्रसार गरिनु पर्ने, शिक्षकहरुलाई खुला शिक्षा सम्बन्धी तालिम दिनु पर्ने, पाठयक्रम सुधार गरि औपचारिक शिक्षाको भन्दा फरक र सरल सुधार हुनु पर्ने, विद्यालयहरुको संख्या बढाउनु पर्ने, सबै ठाउँमा र सबैको पहुँच सम्म पुऱ्याउनु पर्ने, समयमा नै पाठयसामग्री र अन्य सामग्रीहरु उपलब्ध गराउनु पर्ने आवश्यकता रहेको उल्लेख गरिएको छ ।

शर्मा एण्ड शर्मा (२०६३) ले प्रस्तुत शैक्षिक प्रविधी र अनौपचारिक शिक्षामा खुला विद्यालयको अवधारणा शीर्षकमा खुला विद्यालयलाई शिक्षा क्षेत्रमा आएको नयाँ अवधारणाको रुपमा लिइएको छ । औपचारिक शिक्षा लिन नसक्ने वा औपचारिक शिक्षाबाट बञ्चित भएका सुविधा बिहित बालबीलकाहरुका लागि विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्न आएको अवधारणा भएको उल्लेख गरिएको छ । विद्यालय शिक्षालाई औपचारिकताबाट बाहिर निकाली खुला शिक्षाका रुपमा विद्यालय शिक्षालाई विकास गर्नु खुला विद्यालय हो । यो अनौपचारिक प्रकृतिको शिक्षा कार्यक्रम हो । विद्यालय स्तरको शिक्षा प्रदान गर्न खुला रुपमा व्यवस्थापन गरिने शिक्षाको अवधारणा खुला विद्यालयीकरण हो यस प्रकारका कार्यक्रमहरु विभिन्न मुलुकहरुमा धेरै पहिलेदेखि संचालन हुदै आएको भएपनि नेपालमा नयाँ कार्यक्रमको रुपमा संचालन हुदै आएको छ । यस कार्यक्रमका उद्देश्यहरु विद्यालय र उच्च माध्यमिक तहका पाठ्यक्रमहरुको वैकल्पित पद्धतीको रुपमा अनौपचारिक र जीवन सम्पन्न बनाउने पाठयक्रमहरु प्रदान गर्नु अनुसन्धान प्रकाशन र सूचना प्रसारण मार्फत खुला/दुर सिकाई पद्धतिको विकास गर्नु, विद्यालय शिक्षाको पहुँच वृद्धि गर्नु रहेका छन । खुला विद्यालयको लक्षित र योग्यतामा विभिन्न काममा लागेका यूवा यूवतीहरु, आर्थिक अवस्थाले गर्दा औपचारिक शिक्षा लिनबाट बन्चित कक्षा ७ र ८ पूरा गरी विद्यालय छोडेका र व्यवसायिक प्राविधिक शिक्षालाई राम्रो जीवनयापन गर्न चाहने विद्यार्थीहरुका लागि यो कार्यक्रम उपयोगी हुनेछ भनेर उल्लेख गरिएको छ ।

शर्मा (२०६३) ले दुरशिक्षा विशेषाङ्क पत्रिकामा खुला विद्यालय संचालन नीतिगत सोच, परिवेश आवश्यकता र चुनौती शीर्षकमा खुला विद्यालय संचालन गर्न राष्ट्रको योजना, हालसम्मका प्रयासहरु , यस कार्यक्रमको आवश्यकता यसको शुरुवात गर्ने र यसका चुनौतीहरु सम्बन्धमा खोजमूलक विश्लेषण गर्नु भएको छ । राष्ट्रको योजना अन्तर्गत विभिन्न आयोगहरुको प्रतिवेदनका आधारमा दुर शिक्षा प्रणालीका माध्यमबाट रेडियोबाट प्राथमिक शिक्षक तालिम कार्यक्रम प्रशारण २०५० सालमा दूरशिक्षा केन्द्रको स्थापना, २०६१ सालमा दूरशिक्षा तथा खुला सिकाई महाशाखाको स्थापना गरी संस्थागत प्रयासहरु भइरहेको कुरालाई अघि सार्नु भएको छ । त्यसै गरी देशमा गरिबीले छाएको त्यसबाट मुक्त हुनका लागि शिक्षालाई प्रमुख साधनको रुपमा लिइएको तर धेरै बालबालिकाहरु निरक्षर रहेको विद्यालयको पहुँचबाट टाढा रहेको, औपचारिक विद्यालयको कठोरताका कारण विद्यालयमा भर्ना भएका बालबालिकाहरु पनि विद्यालय छोडी विद्यालय बाहिर बस्न थालेको तथ्यलाई विचार गर्दै उनीहरुले

आफनो आवश्यकता र समयलाई प्रदान गर्न दिदै, सिकाईमा निरन्तता दिई पढाईलाई सहजता प्रदान गर्न र सबैका लागि शिक्षा अभियानलाई साकार बनाउनु भएको छ । यस दुर र खुला सिकाईका लागि दूर दृष्टि राख्दै सबै सरकारी र गैर सरकारी संस्था बीच समन्वय गरेर सूचना र संचारको प्रविधिहरु प्रयोग गर्दै अघि बढेमा कार्यक्रमहरुमा लक्षित वर्गको छनौट, पाठयक्रमको छनौट, मूल्याङ्कन प्रक्रिया र लगानीको व्यवस्था कसरी गर्ने सवाललाई अघि सार्नु भएको छ ।

### २.३ अध्ययनको उपादेयता

शिक्षा मानिसको आधारभूत आवश्यकता हो । शिक्षा विना विकास असंभव छ । मानसिको प्रतिभाको प्रस्फूटन गराउने साधन शिक्षा हो । त्यसैले शिक्षा हर व्यक्तिको पहुँच सम्म पुऱ्याउनु पर्दछ । औपचारिक शिक्षाबाट विविध कारणले बन्चित भएका र जीवनोपयोगी शिक्षा पाउन नसकेका पिछडिएका दुर्गम क्षेत्र, दलित ,गृहिणी, अल्पसंख्यक, घरेलु सहयोगीलाई शिक्षाको अवसर प्रदान गर्न अनौपचारिक प्रकृतिको खुला विद्यालय शिक्षा नेपालको सन्दर्भमा आजको अपरिहार्य आवश्यकता बन्न पुगेको छ ।
शिक्षाले मानविय संसाधनको विकास गर्दछ जुन समाजको ठूलो सम्पति हो । मानविय संसाधनले नै प्राकृतिक श्रोत र साधनको विकास गराउदछ । त्यसैले खुलाविद्यालय शिक्षा कार्यक्रमले समय, श्रोत र साधनका कारण औपचारिक शिक्षा लिनबाट बन्चित भई निराश भएर बसेका बालबालिका तथा व्यक्तिलाई हौसला प्रदान गरी जोश र जाँगर बढाउदै ज्ञान, सीप भरी उच्च शिक्षाको  ढोका खोल्नु खुलाविद्यालय शिक्षा कार्यक्रमको उद्देश्य हो । शिक्षा जर्वजस्ती लादिनु हुन्न । शिक्षा व्यक्तिको इच्छा र आवश्यकता अनुसारको हुनु पर्दछ । जीवनोपयोगी शिक्षाले मात्र हौसला र आत्म विश्वास बढाउछ । औपचारिक शिक्षाबाट यि सबैकुराहरु प्राप्त गर्न नसकिएकोले खुला विद्यालयको महत्व बढ्न गएको हो ।

नेपालमा वि.सं. २०६४ साल देखि परिक्षणको रुपमा शुरु भएको खुला विद्यालय शिक्षा कार्यक्रम ८५ वटा विद्यालयमा संचालनमा छ । यस्ता विद्यालयहरुमा अध्यापनरत  विद्यार्थी तथा विद्यालय स्वयंले संचालनका क्रममा भोगेका समस्याहरु के कस्ता छन भनि यस शोध कार्यमा शोधकर्ताले खुला विद्यालय संचालनको वर्तमान अवस्था शैक्षिक उपलब्धी, औपचारिक विद्यालयसँगको उपलब्धीको लेखाजोखा, खुला विद्यालयले भोगेका समस्या र ती समस्याका समाधानका उपायहरुको खोज गर्न माथि अध्ययन गरिएका शोध, लेख रचनाहरुका निष्कर्षलाई अवलम्बन गर्नुपर्ने देखिन्छ । प्रस्तुत शोधमा अझै बढी कारण र तथ्यहरु फेला पार्न र सकारात्मक सुझावहरु दिई खुला विद्यालय कार्यक्रमलाई अझ बढी प्रभावकारी ढंगबाट अघि बढाउन उपयोगी हुनेछ भन्ने विश्वास छ ।


# परिच्छेद -तीन

# अध्ययन विधि

अनुसन्धान कार्य एउटा जटिल तर महत्वपूर्ण कार्य हो । यस कार्यबाट बिषय वस्तुहरुको प्रभावकारिता र समस्याका सम्बन्धमा विस्तृत सूचना प्राप्त गरी निष्कर्षमा पुग्न सकिन्छ ।

## ३.१ अनुसन्धानका ढाँचा

अनुसन्धानका लागि निश्चित योजना र रणनीति आवश्यकता पर्दछ । पूर्व योजना अथवा तयारी विना गरिने अनुसन्धान निश्चित लक्ष्य सम्म पुग्न सक्दैन । अनुसन्धान कार्यका लागि तयार गरिने बृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । खुला विद्यालय शिक्षा कार्यक्रमको विश्लेषण सम्बन्धि एक अध्ययन शीर्षकमा गरिने शोध कार्यमा गुणात्मक एवं परिणात्मक अध्ययन विधि प्रयोग गरि अध्ययन गरिने छ ।



### ३.२. जनसंख्या

यस अध्ययनसंग सम्बन्धित खुला विद्यालय तथा औपचारिक विद्यालय, त्यससँग सम्बन्धीत कार्यक्रम निर्माता, संचालनकर्ता, प्र.अ., शिक्षक, अभिभावक सबैलाई यस शोधकार्यका लागि जनसंख्याको रुपमा लिइएको छ ।

### ३.३. नमूना छनौट

यस अध्ययनको नमूना यस प्रकार हुनेछ ।

#### ३.३.१ जिल्ला छनौट

यस अध्ययनलाई सम्पन्न गर्न सुविधा जनक नमूना छनौट विधिद्वारा मोरङ र सुनसरी जिल्लालाई छनौट गरिनेछ ।

#### ३.३.२. विद्यालय छनौट

यस अनुसन्धानलाई अघि बढाउन उद्देश्यात्मक नमूना छनौट अनुसार मोरङ्ग र सुनसरी जिल्लामा खुला शिक्षा कार्यक्रम संचालन गरेका ३ वटा विद्यालयहरु छनौट गरिनेछ ।

#### ३.३.३ प्रधानाध्यापक छनौट

यस अध्ययन अध्ययनलाई प्रभावकारी रुपमा सम्पन्न गर्न नमूना छनौटमा परेका खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गरिएका विद्यालयका प्रधानाध्यापकहरु उद्देश्यात्मक नमूना छनौट विधिद्वारा छनौट गरिनेछ ।

#### ३.३.४ शिक्षक छनौट

यस अनुसन्धानका निम्ति छनौटमा परेका विद्यालयमा सोहि कार्यक्रममा संलग्न शिक्षकहरु मध्ये प्रत्येक विद्यालयबाट २ जनाका दरले ६ जना शिक्षकहरु सामान्य संभावना युक्त नमूना छनौटद्वारा छनौट गरिनेछ । उक्त शिक्षकहरुलाई प्रश्नावलीका माध्यमबाट आवश्यक प्राथमिक सूचनाहरु संकलन गरिनेछ ।

#### ३.३.५ विद्यार्थी छनौट

नमूना छनौटमा परेका प्रत्येक विद्यालयबाट चार जनाका दरले सामान्य सम्भावना युक्त नमूना छनौटद्वारा विद्यार्थीहरु छनौट गरिनेछ । उक्त विद्यार्थीहरुलाई प्रश्नावलीको माध्यमबाट प्राथमिक सूचना संकलन गरिनेछ ।

### ३.३.६ विद्यालय निरिक्षक छनौट

नमूना छनौटमा परेका जिल्लाको जिल्ला शिक्षा कार्यालय अन्तर्गत अनौपचारिक शिक्षा कार्यक्रम हेर्ने विद्यालय निरीक्षक उद्देश्यात्मक नमूना छनौट विधिद्वारा छनौट गरिनेछ र अन्तवार्ता मार्फत प्राथमिक सूचना संकलन गरिनेछ ।

### ३.४ तथ्याङ्क संकलन श्रोतहरु

अध्ययनको एउटा मूख्य र जटिल पाटोको रुपमा तथ्याङ्क संकलन कार्य रहेको हुन्छ । तथ्याङ्क नै अनुसन्धानको मेरुदण्ड हो । सहि र उपयुक्त तथ्याङ्कले नै अनुसन्धानलाई विश्वसनिय , प्रभावकारी तथा उद्देश्यमूलक बनाउने कुरालाई मध्यनजर गर्दै यस अध्ययनको क्रममा आवश्यक पर्ने तथ्याङ्कका स्रोतहरु प्राथमिक र द्वितिय दुवैलाई उपयोगमा ल्याइने छ।

### ३.४.१ प्राथमिक स्रोतहरु

प्राथमिक तथ्याङ्क संकलनका लागि मुख्य रुपमा प्रश्नावली र अन्तवार्ता प्रयोग गरिनेछ । यसका निम्ति सम्वन्धित विद्यालयका शिक्षक र विद्यार्थीहरुलाई प्रश्नावली र प्रधानाध्यापक र विद्यालय निरिक्षकलाई अन्तवार्ता लिई प्राथमिक तथ्याङ्क संकलन गरिनेछ ।

### ३.४.२ द्वितिय स्रोतहरु

तथ्याङ्क संङ्लनका क्रममा द्वितिय स्रोतका रुपमा विद्यार्थी  भर्ना अभिलेख, एस. एल.सी परीक्षाका खुला र औपचारिक दुवै तर्फका मार्क लेजर शिक्षक विवरण अभिलेखबाट सर्वेक्षण फारम भरी तथ्याङ्क संकलन गरिनेछ । त्यसैगरी खुला विद्यालय संचालन निर्देशिका, पत्रपत्रिका, पुस्तकालय तथा दस्तावेज अध्ययन गरी सूचना संकलन गरिनेछ ।

### ३.५ साधनहरुको निर्माण

यस शोध कार्यलाई निष्कर्षमा पुऱ्याउनका लागि तथ्याङ्क संकलन गर्ने निम्न साधनहरुको निर्माण गरी आवश्यक तथ्याङ्क संकलन गरिनेछ ।

### ३.५.१ प्रश्नावली

सूचनादाताबाट सूचना प्राप्त गर्नको लागि निर्माण गरीएको प्रश्नहरुको संगालो प्रश्नावली हो । अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क संकलन गर्ने साधनको रुपमा प्रश्नावली प्रयोग गरिएको छ । विद्यालयका सहजकर्ता/शिक्षक र नमूना छनौटमा परेका विद्यार्थीहरुमा अलग-अलग किसिमका प्रश्नावलीहरु भर्न लगाई तथ्याङ्क संकलन गरिनेछ । प्रश्नावली खुला र बन्द दुवै प्रकृतिका हुने छन । सो प्रश्नावलीहरु अनुसूची १-३ मा राखिएको छ ।

### ३.५.२ अन्तवार्ता

दुई वा दुई भन्दा बढी व्यक्तिहरु आमने सामने बसेर निश्चित उद्देश्य र प्रश्नहरुमा केन्द्रित भई दोहोरो वार्तालाप गरी सूचनाहरु संकलन गर्ने साधन अन्तवार्ता हो । तथ्याङ्क संकलन गर्नका लागि विद्यालय निरिक्षक र प्रधानाध्यापकसँग अन्तवार्ता लिइनेछ । सो अन्तवार्ता अनुसूची ३ र ४ मा राखिएको छ ।

### ३.५.३ तथ्याङ्क संकलन फारम

यस अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्याङ्कहरुसंकलन गर्न फारमहरु प्रयोग गरिएको छ । यस्ता सर्वेक्षण फारमहरु प्रयोग गरी विद्यार्थीहरुको विवरण, एस.एल.सी परीक्षाको सिकाई उपलब्धी विवरण, शिक्षकहरुको विवरण संकलन गरिएको छ । यी फारमहरुको नमूना अनुसूची ५-९ मा राखिएको छ ।

### ३.५.४ अवलोकन

कुनै पनि अध्ययनका विषयलाई विना नियन्त्रण स्वयं हेरेर सूचना संकलन गर्ने विधि अवलोकन हो । यस अध्यनलाई आवश्यक सूचना संकलन गर्नका लागि खुला र औपचारिक दुवै कार्यक्रम तर्फका कक्षाहरुको अवलोकन गरिनेछ । कक्षा अवलोकन फारम अनुसुची १० अनुसार हुनेछ ।

### ३.६ साधनको वैधता

यस अध्ययन अनुसन्धानका लागि आवश्यक पर्ने प्राथमिक तथा द्वितीय  सूचनाहरु संकलनका लागि प्रयोग गरिने साधनहरुको आवश्यकता सूचना संकलन गर्न सक्छ कि सक्दैन भनि साधनको वैधता परीक्षणका लागि सम्बन्धित बिषयका प्राध्यापक वा बिषय विज्ञको अध्ययन र परामर्श साथै पूर्वपरिक्षणद्वारा साधनहरुको वैधता निर्धारण गरिनेछ ।

### ३.७ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धानका लागि मोरङ्ग र सुनसरी जिल्लाका ३ वटा खुला विद्यालय शिक्षा कार्यक्रम संचालन भएका विद्यालयहरु छनौट गरिनेछ । ती विद्यालयका प्राचार्य/ प्रधानाध्यापक, शिक्षक/सहजकर्ता, विद्यार्थी र विद्यालय निरिक्षकसँग अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा गई प्राथमिक र द्वितीय सूचनाहरु संकलन गरिनेछ । जसका लागि प्रधानाध्यापक र विद्यालय निरिक्षकलाई अन्तरवार्ता, नमूना छनौटमा परेका शिक्षक तथा विद्यार्थीहरुमा प्रश्नावलीका माध्यमबाट प्राथमिक सूचना संकलन गरिनेछ भने सम्वन्धित विद्यालयबाट विद्यार्थी विवरण, दुवै कार्यक्रमको मार्कलेजर, शिक्षक विवरण, निर्देशिका, पत्रपत्रिका, पुस्तकालय अध्ययनबाट द्वितिय सूचनाहरु संकलन गरिनेछ ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानको महत्वपूर्ण अंगको रुपमा तथ्याङ्क विश्लेषणलाई लिइन्छ । प्राथमिक तथा द्वितीय श्रोतबाट प्राप्त तथ्याङ्कलाई क्रमबद्ध रुपमा शिलशिला मिलाएर विश्लेषण गर्ने कार्यलाई अध्ययन अनुसन्धानको क्षेत्रमा अति महत्वपूर्ण काम गरिन्छ । यसर्थ मोरङ्ग र सुनसरी जिल्लामा संचालनमा रहेका ३ वटा खुलाविद्यालयको वर्तमान अवस्था, विद्यालय संचालन गर्न आइपरेका समस्या र ती समस्याको समाधानका उपायहरुको व्याख्या गरिनेछ भने खुला र औपचारिक विद्यालयको एस.एल.सीं परीक्षा सम्बन्धी लेखा जोखा गर्न भने तालिकीकरण चित्र, ग्राफ, चार्ट आदिको माध्यमबाट क्रमबद्ध विश्लेषण गरिनेछ ।

# परिच्छेद -४

# अध्ययन क्षेत्रको परिचय

"खुला विद्यालय शिक्षा कार्यक्रमको विश्लेषण" शीर्षकमा गरिएको यस शोध कार्यलाई अघि बढाउनको लागि पूर्वाञ्चल विकास क्षेत्र अर्न्तगत मोरङ र सुनसरी जिल्लालाई अध्ययन क्षेत्र बनाएको थियो ।

## ४.१ मोरङ जिल्लाको परिचय

मोरङ जिल्ला पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चलमा पर्दछ। यो जिल्ला झण्डै ४ पाटे आकारमा फैलिएर रहेको छ । यस जिल्लाको पूर्वमा झापा र इलाम, पश्चिममा सुनसरी, उत्तरमा धनकुटा र पाँचथर साथै दक्षिणमा भारतको विहार पर्दछ। यो जिल्ला २६°२०' उत्तरदेखि २६°५३'उत्तरी आक्षांश र ८७°१९' पूर्व देखि ८७°४१' पूर्वी देशान्तरमा फैलिएको छ । यसको कुल क्षेत्रफल १८५५ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको भू-बनोट हेर्दा दक्षिणमा समतल मैदान देखि उत्तरमा चुरे भावर र महाभारत पहाड पर्दछ । राजनीतिक प्रशासनिक विभाजन अनुसार यस जिल्लामा ६४ वटा गा.वि.स., एउटा उपहानगरपालिका र १ नगरपालिका रहेको छ। जसमध्ये ५६ वटा गा.वि.स. तराइमा र ८ वटा गा.वि.स. पहाडी क्षेत्रमा रहेको छन् । यस जिल्लालाई ९ वटा निर्वाचन क्षेत्र र १७ वटा इलाकामा विभाजन गरिएको छ । यस जिल्लाको हावापानी उष्ण र समशितोष्ण छ (जिल्ला पार्श्व चित्र, मोरङ २०५९) ।

वि.स. २०५८ को जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या ८,४६,९७० छ जसमा पुरुष ४,२६,१०१ र महिला ४,२०,८६९ छ। कूल घर संख्या १,४७,०७३ छ भने जनघनत्व ४५६.६ रहेको छ। यसैगरी सरदर परिवार संख्या ४.९९ छ भने जनसंख्या वृद्धिदर २.२७% छ। औषत आयु ६६.५ वर्ष रहेको छ। यस जिल्लामा शहरी क्षेत्रमा २२.०४% र ग्रामीण क्षेत्रमा ७७.९६% मानिस बसोवास गर्दछन् ।

यस जिल्लाको कूल साक्षरता दर ५८% रहेकोमा पुरुष ६९% र महिला ४७% साक्षर छन् यस जिल्लाको शैक्षिक सूचाङ्क ०.३९४ रहेको छ।

**यस जिल्लाको शैक्षिक संस्थाको विवरण**

| | | |
|---|---|---|
| १. | पूर्व प्रा.वि. | १०१६ |
| २. | सामुदायिक प्रा.वि. | ३०३ |
| ३. | नि.मा.वि. | १०७ |
| ४. | मा.वि. | १४१ |
| ५. | उ.मा.वि. | ४५ |

| | | |
|---|---|---|
| ६. | खुला विद्यालय | २ |
| ७. | विश्वविद्यालय | १ |
| ८. | संस्थागत प्रा.वि. | १४७ |
| ९. | संस्थागत नि.मा.वि. | २७ |
| १०. | संस्थागत मा.वि. | १३८ |
| ११. | संस्थागत उ.मा.वि. | २२ |
| १२. | निजि क्याम्पस | १८ |

श्रोत : शैक्षिक बुलेटिन, मोरङ्ग-२०६८

## ४.२ सुनसरी जिल्लाको परिचय

सुनसरी जिल्ला पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चलमा पर्दछ । यो जिल्लाको पूर्वमा मोरङ जिल्ला , उत्तरमा धनकुटा, पश्चिममा सप्तरी र उदयपुर र दक्षिणमा भारतको विहार पर्दछ । यो जिल्ला २६°२०' उत्तरदेखि २६°५३'उत्तरी आक्षांश र ८७° ५' पूर्व देखि ८७°१६' पूर्वी देशान्तरमा फैलिएको छ । यसको कुल क्षेत्रफल १२५७ वर्ग कि.मि. रहेको छ । यस जिल्लाको भू-बनोट हेर्दा दक्षिणमा समतल मैदान देखि उत्तरमा चुरे भावर र महाभारत पहाड पर्दछ । राजनीतिक प्रशासनिक विभाजन अनुसार यस जिल्लामा ४९ वटा गा.वि.स., ३ नगरपालिका रहेको छ ।  जसमध्ये ४६ वटा गा.वि.स. तराइमा र ३ वटा गा.वि.स. पहाडी क्षेत्रमा रहेको छन् । यस जिल्लालाई ६ वटा निर्वाचन क्षेत्र र १४ वटा इलाकामा विभाजन गरिएको छ । यस जिल्लाको हावापानी उष्ण र समशितोष्ण छ (जिल्ला पार्श्व चित्र, सुनसरी २०६५) ।


वि.स. २०५८ को जनगणना अनुसार यस जिल्लाको कूल जनसंख्या ६,४०,२५९ छ जसमा पुरुष ३,२१,९६२ र महिला ३,१८,२९७ छ । कूल घर संख्या १,२८,१५५ छ भने जनघनत्व ५०९ रहेको छ । यसैगरी सरदर परिवार संख्या ५ छ भने जनसंख्या वृद्धिदर २.९६% छ । यस जिल्लामा शहरी क्षेत्रमा २७.२४% र ग्रामीण क्षेत्रमा ७२.७६% मानिस बसोवास गर्दछन् ।यस जिल्लाको कूल साक्षरता दर ५९.५५% रहेकोमा पुरुष ६८.३०% र महिला ५०.७२% साक्षर छन् यस जिल्लाको शैक्षिक सूचाङ्क ०.४०२३ रहेको छ ।

**यस जिल्लाको शैक्षिक संस्थाको विवरण**


| | | |
|---|---|---|
| १. | पूर्व प्रा.वि. | ८१८ |
| २. | सामुदायिक प्रा.वि. | ३१४ |
| ३. | नि.मा.वि. | ३१९ |
| ४. | मा.वि. | ७५ |
| ५. | उ.मा.वि. | २१ |
| ६. | खुला विद्यालय | १ |
| ७. | संस्थागत प्रा.वि. | ६७ |
| ८. | संस्थागत नि.मा.वि. | ३९ |
| ९. | संस्थागत मा.वि. | ६३ |
| १०. | निजि क्याम्पस | १२ |
| ११. | मदरसा | ५७ |

श्रोत : शैक्षिक बुलेटिन, सुनसरी-२०६७

# मोरङ्ग जिल्लाको नक्शा



# सुनसरी जिल्लाको नक्सा



# परिच्छेद -५

## तथ्याङ्क विश्लेषण र व्याख्या

कुनै पनि अध्ययन कार्यका लागि प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त सूचनाहरुको संकलन गरिसकेपछि ती सूचनाहरुको विश्लेषण र व्याख्या गर्नुपर्ने हुन्छ । प्राप्त सूचनाहरुको सहि ढंगबाट गरिने व्याख्या र विश्लेषणले मात्र अध्ययनको उद्देश्य प्राप्त गर्न सकिन्छ । तसर्थ यस अनुसन्धानका क्रममा प्राप्त भएका सूचनाहरुलाई गुणात्मक र परिणात्मक अध्ययन विधिद्धारा व्याख्या  र विश्लेषण गरिएको छ

### ५.१ खुला विद्यालय शिक्षा कार्यक्रमको वर्तमान अवस्था

यस अध्ययन क्षेत्रका संचालित ३ वटा खुला विद्यालय अन्तर्गत विद्यार्थी भर्ना प्रक्रिया, विद्यार्थी विवरण, प्रशासनिक कार्य ,सेवा र सुविधा ,सम्पर्क कक्षाको समय निर्धारण, शैक्षिक सामग्रीहरुको व्यवस्थापन र प्रयोग, आन्तरीक मूल्याङ्कन प्रक्रिया, सहजकर्ताको व्यवस्था, विद्यार्थीको सिकाई उपलब्धी,शिक्षक विवरण सम्बन्धित प्राप्त सूचनाका आधारमा वर्तमान अवस्थाका बारेमा विश्लेषण गरिएको छ ।

### ५.१.१ विद्यार्थी भर्ना प्रक्रिया

यस अध्ययन क्षेत्र अन्तर्गत मोरङ्ग र सुनसरी जिल्लामा संचालित खुला विद्यालयमा विद्यार्थी भर्नाको आधार सम्बन्धमा संयोजकलाई प्रश्न गर्दा तीन वटै विद्यालयका संयोजकहरुको समान जवाफ " खुलाविद्यालय संचालनसम्बन्धी कार्यान्वयनपुस्तिका २०६५ मा व्यवस्था भए बमोजिम कक्षा ८ वा सो सरहको परीक्षा उत्तिर्ण भई कम्तिमा २ बर्ष पूरा भएका र १५ बर्ष उमेर पुगेका दलित,आदिवासी, पिछडिएको समुदाय , विपन्न वर्ग र अन्य समुदायबाट आएका छात्र छात्रालाई खुला विद्यालयमा लिने गरिएको" जानकारी प्राप्त भयो । यसलाई आधार मानेर हेर्दा कार्यक्रम उद्देश्य अनुरुप नै संचालन गरेको पाइयो । तथापी प्रचार-प्रसार, आर्थिक अभाव र पारिवारीक व्यस्तता जस्ता कारणले अझैपनि कार्यक्रमलाई लक्षित वर्गसम्म पुऱ्याउन सकिएको पाइएन ।

### ५.१.२ विद्यार्थी भर्ना विवरण

यस शोध कार्यको अध्ययन क्षेत्रमा संचालित ३ वटा खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत २०६५ साल देखि २०६८ सम्म के कति विद्यार्थी भर्ना भएका थिए भनि स्थलगत अध्ययन गर्दा निम्न अनुसारको विवरण पाइयो ।

## तालिका -१

## विद्यार्थी भर्ना विवरण

| क. सं. | वि.ना. | | २०६५ | | | २०६६ | | | २०६७ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १ | ज.मा.वि. | संख्या | २१ | ६१ | ८२ | ४५ | ६३ | १०८ | ४० | ८८ | १२८ |
| | | प्रतिशत | २५.६ | ७४.४ | १०० | ४१.६६ | ५८.३४ | १०० | ३१.२५ | ६८.७५ | १०० |
| २ | आ.उ.मा.वि. | संख्या | १३० | ६० | १९० | २७ | ३६ | ६३ | ११ | १६ | २७ |
| | | प्रतिशत | ६८.४२ | ३१.५८ | १०० | ४२.८५ | ५७.१५ | १०० | ४०.७४ | ५९.२६ | १०० |
| ३ | न.मा.वि. | संख्या | | | | २२ | ३४ | ५६ | ७ | ११ | १८ |
| | | प्रतिशत | | | | ३९.२८ | ६०.७२ | १०० | ३५.८३ | ६४.१७ | १०० |

श्रोत : स्थलगत अध्ययन २०६८

माथि प्रस्तुत तालिका अध्ययन गर्दा २०६५ सालमा जनता मा.वि. इटहरी र आदर्श उ.मा.वि. विराटनगरमा मात्र खुला विद्यालयशिक्षा कार्यक्रम संचालन गरेको पाइयो । जनता मा.वि. इटहरीमा २०६५ सालमा छात्र २१ जना (२५.६०%) र छात्रा ६१ जना (७४.४०%) भर्ना भएको पाइयो । त्यसबर्ष यस विद्यालयमा छात्र भन्दा छात्रा झण्डै ३ गुणा बढी भर्ना भएको पाइयो । यस कार्यक्रमको उद्देश्य नै पिछडिएको वर्ग,दलित, अल्पसंख्यक महिलालाई प्राथमिकता दिनु रहेकोमा छात्राको संख्या बढी हुनुले कार्यक्रम उद्देश्य अनुरुप नै संचालन भएको पाइयो ।

त्यसैगरी आदर्श उ.मा.वि. विराटनगर मा२०६५ सालमा १९० जना विद्यार्थी भर्ना भएकोमा छात्र १३० (६८.४२%) र छात्रा ६० (३१.५८%) भर्ना भएको थिए । तर यस विद्यालयमा भने छात्रा भन्दा छात्रको संख्या दोब्बर भन्दा पनि बढी भर्ना भएको पाइयो ।यस सम्बन्धमा संयोजकसँग प्रश्न राख्दा याङ्शिला र टाँडी मोरङ स्थित माओवादी जनमुक्ति सेनाका जवानहरु भर्ना भएका थिए । जनमुक्ति सेनामा पुरुषको संख्या बढी रहेकाले छात्रको संख्या बढी हुन पुगेको बताउनु भएको थियो । यसबर्ष जम्मा २७२ जना छात्र छात्राहरु भर्ना भएकोमा छात्र १५१ जना (५५.५१%) र छात्रा १२१ जना (४४.४९%) रहेको देखिन्छ । नरग्राम मा.वि. टंकी सिनुवारीमा भने यस बर्ष यो कार्यक्रम संचालन भएको थिएन ।

शैक्षिक सत्र २०६६ मा भने ३ वटै विद्यालयमा यो कार्यक्रम संचालन भएको पाइयो । जनता मा.वि. इटहरीमा जम्मा १०८ जना विद्यार्थी भर्ना भएकोमा छात्र ४५(४१.६६%) जना र छात्रा ६३ जना (५८.३४%) पाइयो । त्यसै गरी आदर्श उ.मा.वि. विराटनगरमा जम्मा ६३ जना विद्यार्थी मात्र भर्ना भएका थिए । त्यसमा छात्र २७ जना (४२.८५%) र छात्रा ३६ जना (५७.१५%) पाइयो । नरग्राम मा.वि. टंकीसिनुवारीमा जम्मा ५६ जना विद्यार्थी भर्ना भएकोमा छात्र २२ जना (३९.२८%) र छात्रा ३४ जना (६०.६२%) पाइयो । यो बर्ष ३ वटै विद्यालयबाट जम्मा २२७ जना छात्र छात्राहरु भर्ना भएकोमा छात्र ९४

जना (४१.४०%) र छात्राहरु १३३ जना (५८.६०%) पाइयो । यसबाट यो बर्ष छात्र भन्दा छात्राको भर्ना संख्या बढी देखियो । यसर्थ कार्यक्रम उद्देश्य तर्फ उन्मूख देखिन्छ ।


शैक्षिक सत्र २०६७ मा जनता मा.वि. इटहरीमा १२८ जना छात्र छात्रा भर्ना भएको थिए । त्यसमा छात्र ४० जना (३१.२५%) र छात्रा ८८ जना (६८.७५%) पाइयो । त्यसैगरी आदर्श उ.मा.वि. विराटनगरमा जम्मा २७ जना छात्र छात्रा भर्ना भएको थिए । त्यसमा छात्र ११ जना (४०.७४%). छात्रा १६ जना (५९.२६%) पाइयो भने नरग्राम मा.वि. टंकिसिनुवारीमा जम्मा १८ जना विद्यार्थी भर्ना भएका थिए । त्यसमा ७ जना (३५.८३%) छात्र र ११ जना (६४.१७%) छात्राहरु रहेको पाइयो ।

माथि दिएको तथ्याङ्कलाई मनन गर्दा यस कार्यक्रम अन्तगर्त भर्ना हुने बिद्यार्थीको संख्या सुरुका बर्ष भन्दा पछिल्ला बर्षहरुमा कम हुँदै गएको देखिन्छ । तथापी छात्रहरुको तुलनामा छात्राहरुको भर्ना प्रतिशत बढ्दै गएको (२०६५ मा ४४.४९%, २०६६ मा ५८ .६०% र २०६७ मा ६४.१७ % रहेबाट ) देखिन्छ । तसर्थ यस कार्यक्रमको उद्देश्य नै महिलाहरुमा शिक्षाको पहुँच पुऱ्याउनु रहेबाट कार्यक्रम उद्देश्यतर्फ उन्मुख रहेबो देखिन्छ ।

**तालिकामा प्रस्तुत हरेक शैक्षिक सत्रको विद्यार्थी भर्ना विवरणलाई स्तम्भ चित्रमा देखाउँदा ।**

**चित्र नं १**

**विद्यार्थी भर्ना विवरण (२०६५-२०६७)**




माथि दिएको स्तम्भ चित्रको अध्ययन गर्दा यस अध्ययन क्षेत्रमा २०६५ सालमा खुला विद्यालय तर्फ २७२ जना भर्ना भएकोमा छात्र १५१ जना (५५.५१%) छात्रा १२१ जना (४४.४९%) रहेको देखिन्छ । त्यसैगरी २०६६ सालमा २२७ जना विद्यार्थी भर्ना भएकोमा छात्र ९४ जना (४१.४०%) र छात्रा १३३

जना (५८.६०%) रहेको पाइयो । २०६७ सालमा १७३ जना विद्यार्थीहरु भएका थिएको थिए त्यस मध्ये छात्र ६२ जना (३५.८३%) र छात्रा १११ जना (६४.१७%) रहेको पाइयो । यसबाट हरेक बर्ष विद्यार्थी भर्ना संख्या घट्दै गएको पाइयो । तथापी कूल संख्यामा छात्राहरु भर्ना प्रतिशत बढ्दो देखिन्छ । यसबाट कार्यक्रम सन्तोष जनक ढंगले अघि बढेको देखिन्छ । माथि उल्लेखित तालिका तथा चित्रबाट भर्ना हुने विद्यार्थीहरुको संख्या न्यून हुने क्रम बढदो देखियो ।

यस सम्बन्धमा संयोजकलाई प्रश्नगर्दा माओवादी जनसेनाको भर्ना यी विद्यालयमा नलिनु साथै विद्यालय जान नपाएर बन्चित रहेका व्यक्तिको संख्या कम हुँदै जानु रहेको जानकारी पाइयो । भर्ना हुन आउने विद्यार्थीको संख्या घट्दै गएतापनि जति पनि भर्ना हुन आएका छन त्यसमा हरेक बर्ष छात्राको प्रतिशत तीन बर्षमा (४४.४९%), (५८.६०%) र (६४.१७%) बढदै गएको पाइयो । यसबाट औपचारिक शिक्षाको अवसरबाट बन्चित छात्राहरुलाई खुला विद्यालय शिक्षा कार्यक्रमले शिक्षाको अवसर प्रदान गरेको पाइयो ।

शिक्षाविद पाउल स्टोन र लि राय (सन् १९६०) को सामाजिक जागरण सिद्धान्त अनुसार जब जब व्यक्ति आफ्नो गन्तव्य वा लक्ष्यमा पुग्न खोज्दछ तब बीचमा बाधा अड्चन आउन सक्छ । यदि व्यक्तिको उच्च क्षमता, उच्च मनोवल र आत्मविश्वास छ भने  देखिएका बाधा उड्चन हटाउन सक्छ र अघि बढ्दछ ।

यसै सिद्धान्त अनुसार शिक्षाको अवसरबाट विविध कारणले बन्चित छात्राछात्राहरु यस खुला विद्यालय शिक्षा कार्यक्रमा सहभागि भई उच्च शिक्षाको ढोका खोल्न सक्नु उनीहरुमा रहेको उच्च क्षमता ,उच्च मनोवल र आत्मविश्वास कै कारणले संभव भएको हो । तसर्थ यो सामाजिक जागरणको सिद्धान्तको औचित्य पुष्टी हुन्छ ।

शिक्षा शास्त्री हार्विन्सन (सन् १९७०) को मानव संशाधनको विकास सिद्धान्त अनुसार मानव संशाधनको विकास भनेको मानिसको चिन्तनको विकास गर्नु, मानिसलाई सुसूचित गराउनु, सोचमा परिवर्तन गराउनु, काम प्रति क्रियाशील गराउनु हो । त्यसैले विद्यालय जानबाट बन्चित वा विद्यालयशिक्षा पूरागर्न नसकि निरास भएर घरमै बसेका छात्रछात्राहरुलाई माध्यिमक तहको शिक्षा हासिल गरी उच्च शिक्षा हासिल गर्न ढोका खोल्न र मानव संशाधनको विकास गराउने काममा खुलाविद्यालय शिक्षा कार्यक्रमले ठूलो सहयोग पुऱ्याएको पुष्टी हुन्छ । त्यसरी नै मनोवैज्ञानिक अब्राहम मास्लो (सन् १९४३) को अभिप्रेरणाको सिद्धान्त अनुसार मानिसको इच्छा, चाहना,आवश्यकताहरु प्रशस्त रहेको हुन्छ । आधारभुत आवश्यकताको पूर्तिपछि प्राथमिकताका उच्च स्तरका आवश्यकता पूर्तिका निम्ति उत्प्रेरणीत हुँदै जान्छ । यसबाट जब व्यक्ति विद्यालय स्तरको शिक्षा पाउनबाट बन्चित रहन्छ तब उसले खुला विद्यालयको शिक्षा कार्यक्रमको माध्यमबाट उसका आधारभूत आवश्यकता पूरा गर्दछ । जसले उसको उच्च शिक्षाको ढोका खोल्दछ र उच्च शिक्षा प्राप्तीको निम्ति अघि बढदछ । शिक्षा शास्त्री पाउलो फ्रेरे ( सन्१९७०) का अनुसार उत्पिडित र सर्वहारा वर्गलाई शिक्षाको माध्यमबाट सचेत गराउने सिद्धान्त नै सचेतिकरणकोसिद्धान्त हो । सचेतिकरणको सिद्धान्त " शिक्षाले व्यक्तिको आशा  जगाउनु पर्दछ " भन्ने

मान्यतामा आधारीतछ । खुला विद्यालय शिक्षा कार्यक्रमले पनि उत्पिडित ,पिछडिएको, अल्पसंख्यक, विपन्न महिला जो विद्यालयको पहुँच भन्दा बाहिर छन त्यस्ता व्यक्तिलाई शिक्षाको अवसर दिएर उनीहरुमा सचेतना ल्याएको छ र निराश भएर घरमै बसेका व्यक्तिमा उत्साह र आशा जगाउन सफल भएबाट यस कार्यक्रमको सचेतिकरणको सिद्धान्त औचित्य साबित गर्दछ ।

### ५.१.२.१ जातजातीगत विद्यार्थी भर्ना विवरण

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गत मोरङ्ग र सुनसरी जिल्लामा संचालित खुला विद्यालय शिक्षा कार्यक्रमा भर्ना भएका विद्यार्थीहरुको जातजातीगत भर्ना विवरण निम्नानुसार रहेको पाइयो ।

**तालिका : २**

**जातजातीगत विद्यार्थी विवरण**

| क्र. सं. | वि.ना. | २०६५ | | | | २०६६ | | | | २०६७ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ज. मा.वि. | | ३३ | ४९ | ८२ | | ४३ | ६५ | १०८ | ७ | ४६ | ७५ | १२८ |
| | *प्रतिशत* | | ४०.२० | ५९.७६ | १०० | | ३९.८१ | ६०.१९ | १०० | ५.४६ | ३५.९३ | ५८.६२ | १०० |
| २ | आ.उ.मा .वि. | ७ | ९३ | ९० | १९० | १ | १६ | ४६ | ६३ | ३ | १० | १४ | २७ |
| | *प्रतिशत* | ३.६८ | ४८.९४ | ४७.३८ | १०० | १.५८ | २५.३९ | ७३.१३ | १०० | ११.११ | ३७ | ५१.८९ | १०० |
| ३ | न.मा.वि. | | | | | २ | ३४ | २० | ५६ | २ | ५ | ११ | १८ |
| | *प्रतिशत* | | | | | ३.५७ | ६०.७१ | ३५.७२ | १०० | ११.११ | २७.७७ | ६१.१२ | १०० |
| | ***जम्मा*** | ७ | १२६ | १३९ | २७२ | ३ | ९३ | १३१ | २२७ | १२ | ६१ | १०० | १७३ |
| | ***प्रतिशत*** | २.५७ | ४६.३२ | ५१.११ | १०० | १.३२ | ४०.९६ | ५७.७२ | १०० | ६.९४ | ३५.२६ | ५७.८० | १०० |

*श्रोत : स्थलगत अध्ययन २०६८*

माथि प्रस्तुत तालिका अनुसार २०६५ सालमा यस अध्ययन क्षेत्रका ३ वटा विद्यालय मध्ये २ वटा विद्यालयमा मात्र खुला विद्यालय शिक्षा कार्यक्रम संचालन भएको थियो । जसमा जनता मा.वि. इटहरीमा जम्मा ८२ जना विद्याथी भर्ना भएका थिए । त्यसमा एकै जना पनि दलित विद्यार्थी सहभागी भएका थिएनन् भने जनजाती विद्यार्थी ३३ जना (४०.२४%) थिए । अन्य जातीबाट ४९ जना (

५९.७६%) थिए । त्यसैगरी आदर्श उ.मा.वि. विराटनगरमा १०८ जना विद्यार्थी भर्ना भएकोमा दलित विद्यार्थीको सहभागिता ७ जना (३.६८%) रह्यो । जनजाती विद्यार्थी ९३ जना (४८.९४%) र अन्य जातीका विद्यार्थी ९० जना (४७.३८%) रहेको थियो । नरग्राम मा.वि. टंकिसिनुवारीमा भने सो बर्ष यो कार्यक्रम संचालन भएको थिएन ।


२०६६ सालमा जनता मा.वि. इटहरीमा १०८ जना विद्यार्थी भर्ना भएका थिए । त्यसबर्ष एकजना पनि दलित विद्यार्थी सहभागी भएका थिएनन् । जनजाती विद्यार्थी ४३ जना (३९.८१%) थिए भने अन्य जातीबाट ६५ जना (६०.१९%) रहेको पाइयो । यसैगरी आदर्श मा.वि. विराटनगरमा ६३ जना विद्यार्थी भर्ना भएकोमा दलित १ जना (१.५८%) जनजाती १६ जना (२५.३९%) र अन्य जातीको ४६ जना (७३.१३%) पाइयो । नरग्राम मा.वि. टंकिसिनुवारीमा पहिलो पटक कार्यक्रम संचालन भएको बर्ष ५६ जना विद्यार्थी भर्ना भएकोमा २ जना (३.५७%) दलित विद्यार्थी भर्ना भएको पाइयो भने जनजाती र अन्य जातीहरु क्रमश ३४ (६०.७१%) र २० जना (३५.७२%) भर्ना भएको थिए ।

२०६७ सालमा जनता मा.वि. इटहरीमा १२८ जना भर्ना भएकोमा ७ जना (५.४६%) विद्यार्थी दलित समुदायका थिए त्यसैगरी जनजाती विद्यार्थी ४६ जना (३५.९३%) थिए भने धेरै विद्यार्थी अन्य जातीका ७५ जना (५८.६२%) थिए । यसरी नै आदर्श उ.मा.वि. विराटनगरमा २७ जना विद्यार्थी मात्र भर्ना भएका थिए । त्यसमा ३ जना (११.११%) दलित, १० जना (३७%) जनजाती र अन्यजातीबाट १४ जना (५१.८९%) भर्ना भएका थिए । नरग्राम मा.वि. टंकिसिनुवारीमा १८ जना विद्यार्थी भर्ना भएकोमा २ जना (११.११%) दलित समुदायबाट ,जनजातीबाट ५ जना (२७.७७%) र अन्य समुदायबाट ११ जना ( ६१.१२%) विद्यार्थी भर्ना भएका थिए ।

माथि दिएको तथ्ङ्याकलाई मनन गर्दा दलित समुदायबाट भर्ना हुने बिद्यार्थीको संख्या २०६५ - २०६७ मा भर्ना भएका कुल बिद्यार्थी मध्ये क्रमश : २.५७ % , १.३२% र ६.९४% रहेको देखिन्छ । यसबाट दलित समुदायबाट भर्ना हुने बिद्यार्थीको संख्या सन्तोषजनक मान्न सकिन्छ । तर जनजाति समुदायबाट कुल बिद्यार्थी मध्ये भर्ना हुने २०६५-२०६७ मा क्रमश : ४६.३२% , ४०.९६% र ३५.२६% बिद्यार्थी भर्ना भएका थिए । यसबाट हरेक बर्ष यस समुदायबाट बिद्यार्थी भर्ना प्रतिशत न्यून हुँदै गएको देखिन्छ । त्यसैगरी अन्य जातिको बिद्यार्थी यस कार्यक्रम अन्तगर्त २०६५-२०६७ मा क्रमश : ५१.११% , ५७.७२% र ५७.८०% रहेको पाइयो । यस बाट अन्य जातिको बिद्यार्थीको भर्ना हरेक बर्ष बढेको देखिन्छ । यस कार्यक्रमको उद्देश्य दलित , जनजाती, पिछडिएको वर्गसम्म शिक्षाको पहुँच पुऱ्याउनु रहेकोमा दलितको भर्ना सन्तोषजनक रहेका पनि जनजातिको भने सन्तोषजनक देखिएन् ।

**तालिकामा प्रस्तुत जातजातीगत विद्यार्थी भर्ना विवरणलाई स्तम्भ चित्रमा देखाउदा ।**

**चित्र नं. ३**
**जातजातिगत विद्यार्थी विवरण (२०६५-२०६७)**




*श्रोत : स्थलगत अध्ययन २०६८*

माथि दिएको स्तम्भ चित्रका आधारमा २०६५ सालमा ३ वटा विद्यालय मध्ये २ वटा विद्यालयमा २७२ जना विद्यार्थी भर्ना भएकोमा ७ जना (२.५७%) दलित १२६ जना (४६.३२%) जनजाती र १३९ जना (५१.११%) अन्य जातीका थिए । त्यसैगरी २०६६ सालमा २२७ जना विद्यार्थी भर्ना भएकोमा दलित ३ जना (१.३२%) जनजाती ९३ जना (४०.९६%) र अन्यजातीबाट १३१ जना (५७.७२%) विद्यार्थी भएका थिए । २०६७ सालमा जम्मा १७३ जना विद्यार्थी भर्ना भएकोमा दलित विद्यार्थी १२ जना (६.९४%) जनजाती विद्यार्थी ६१ जना (३५.२६%) र अन्यजातीका विद्यार्थी १०० जना (५७.८%) रहेका थिए ।

यस तथ्याङ्कबाट के बुझिन्छ भने, अझैपनि दलित र पिछडिएको वर्गको शिक्षामा पहुँच पुग्न सकिरहेको छैन । केहि संख्यामा बढदै छ । तथापी सन्तोषजनक छैन । यसका निम्ति प्रचार प्रसारको आवश्यकता देखिन्छ । जनजाती समुदायको विद्यार्थीको सहभागीता उल्लेख्य रुपमा रहेको देखिन्छ । हरेक बर्ष अन्य जातीको विद्यार्थीको सहभागीता बढिरहेको देखिन्छ ।

पाउल स्टोन र लि. राय (सन् १९६०) को सामाजिक जागरण सिद्धान्तका अनुसार शिक्षाको भेदभाव पूर्ण नीतिले गर्दा सबैलाई समान अवसर नदिदा समाजमा अन्याय, अत्याचार, र थिचोमिचो बढ्दछ एवं आफ्नो अधिकारको उपभोग गर्न नपाउँदा स्वभाविक रुपमा द्वन्द्व उत्पादन हुन्छ त्यसबाट सामाजिक संघर्ष वा बिष्फोट हुन्छ । जागरुक विद्यालय मार्फत आफ्नो अधिकार र कर्तव्य र स्वतन्त्रताबाट बन्चित रहेको मौलिक हकको उपभोग गर्न नपाइएका राष्ट्रिय श्रोतको प्रतिफल चाख्नबाट बन्चित रहेकाहरुका लागि अनौपचारिक शिक्षाको व्यवस्था गरिनु पर्दछ ।

यसै कुरालाई मनन गरी सामाजिक एकता ,जातीय उत्थान, लैङ्गिक विभेद अन्त्य गर्न, क्षेत्रीय सन्तुलन कायम राख्न कै निम्ति  खुला विद्यालयशिक्षा कार्यक्रमलाई अघि बढाई रहेको छ । जसका कारण विविध कारणले विद्यालय स्तरको शिक्षा लिनबाट बन्चित छात्र छात्राहरु धमाधम भर्ना भई उच्च शिक्षाको ढोका खोल्न सफल भएको माथि प्रस्तुत तथ्याङ्कबाट प्रस्ट हुन्छ । विभिन्न जनजातीका छात्रछात्राको उल्लेख्य भर्नाले उनीहरुमा सामाजिक जागरण पलाएको पुष्टि हुन्छ ।

पाउलो फ्रेरे (सन् १९७०) को सचेतीकरणको सिद्धान्त अनुसार उत्पिडित र सर्वहारा वर्गले शिक्षाको माध्यमबाट सचेत गराउन समाजको वर्गिकरण र विश्लेषण गरिन्छ ।  हाम्रो नेपाली समाजपनि बहुवर्गीय र बहुजातीय समाज हो । जहाँ धेरै ठूलो संख्यामा गरिबी, शोषण, उत्पिडनको शिकार बनेको छ । त्यसैको अन्त्यको निम्ति शिक्षामा सबै जातजाती वर्गसमुदायलाई अवसर दिनकै निम्ति सरकारले शिक्षामा लगानी वृद्धि गर्दै आएको छ । औपचारिक शिक्षाका साथै अनौपचाीरक प्रकृतिको खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गर्दै आएको छ । जसकारण यस शोधकार्य क्षेत्रका विद्यालयमा शैक्षिक सत्र २०६७ को भर्नाको ६.९४% दलित समुदायका छात्रछात्रा, जनजाती समुदायका ३५.२६% र अन्य जातीका छात्रछात्रा ५७.८०% रहेबाट पनि समुदायमा शिक्षा प्रति सचेतना वृद्धि भएको पुष्टी हुन्छ ।

### ५.१.३ शैक्षिक र प्रशासनिक व्यवस्थापन

यस शोध अध्ययन क्षेत्र अन्तर्गत मोरङ्ग र सुनसरी जिल्लाका तीन वटा विद्यालयका शैक्षिक र प्रशासनिक व्यवस्थापन सम्बन्धी स्थलगत तथा सन्दर्भ सामग्रीको अध्ययनबाट निम्नानुसारको सूचनाहरु प्राप्त गरियो ।

#### ५.१.३.१ सम्पर्क कक्षाको समय निर्धारण

खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गर्न हरेक बर्ष संचालन गरिने १७५ वटा सम्पर्क कक्षाको समय निर्धारण कसरी गरिन्छ भनेर संयोजक तीन जना सँग अन्तरवार्ता, ६ जना सहजकर्ता र १२ जना विद्यार्थीसँग प्रश्नावलीको आधारमा निम्नानुसार जानकारी प्राप्त गरियो ।

## तालिका : ३

## सम्पर्क कक्षाको समय निर्धारण

| *क्र.सं.* | *विवरण* | *संयोजक* | *सहयकर्ता* | *विद्यार्थी* | *जम्मा* | *प्रतिशत* |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीको सहजतामा | | | ३ | ३ | १४.२९ |
| २ | शिक्षकको सहजतामा | | | | | |
| ३ | शिक्षक र विद्यार्थीको सहजतामा | ३ | ६ | ८ | १७ | ८०.९५ |
| ४ | विद्यालयको सहजतामा | | | १ | १ | ४.७६ |

*स्रोत :स्थलगत अध्ययन २०६८*

तालिका नं. ३ मा उल्लेख गरिए अनुसार सम्पर्क कक्षाको व्यवस्थापन कसरी गरिन्छ भन्दा सहभागी मध्ये ३ जना (१४.२९%) ले विद्यार्थीको सहजतामा निर्धारण हुने बताएका थिए । यसैगरी विद्यालयको सहजतामा निर्धारण गरिन्छ भनेर १ जना (४.७६%) ले बताएका थिए भने विद्यार्थी र शिक्षकको सहजतामा सम्पर्क कक्षाको निर्धारण गरिने भनेर १७ जना (८०.९५%) ले बताएका थिए । यसबाट सहभागी मध्ये ८०.९५% ले विद्यार्थी र शिक्षकको सहमतीबाट निर्धारण गरिने भन्ने जानकारी बताएकाले सम्पर्क कक्षाको निर्धारण सहमतिबाटै गरिने कुरा पुष्टी हुन्छ ।

शिक्षा शास्त्री पाउलो फ्रेरे (सन् १९७०) को सचेतीकरणको सिद्धान्त अनुसार जब व्यक्ति सचेत हुन्छ तब उ सामुहिक अध्ययन गर्ने, आफ्नो समुदाय वा वस्तुस्थितिको अध्ययन गर्ने, आफ्नो र व्यक्तिगत र सामुहिक निष्कर्षमा पुग्ने काम गर्दछ । जसमा व्यक्तिका विचारहरुको सम्मान र कदर हुनछ । खुला विद्यालय शिक्षा कार्यक्रममा पनि माथि उल्लेख गरिएको तालिका अनुसार सम्पर्क कक्षाको निर्धारण सचेतीकरणको सिद्धान्त अनुसार नै निर्धारण गरिएको पाइयो । किनकी शिक्षक र विद्यार्थीको छलफलबाट दुवै पक्षको सहजतालाई ख्याल गरी निश्कर्षमा पुग्न भनेको आफ्नो र समुदायको वस्तुस्थितिलाई ख्याल गरी निर्णय गर्नु हो । साथै अन्तरक्रिया गरी सामुहिक निर्णयमा पुग्नु भनेको एक अर्काको विचारहरुको सम्मान र कदर गरेको पुष्टी हुन्छ ।

यसैगरी हार्बिन्सन (सन् १९७०) को मानव संशाधन विकासको सिद्धान्त अनुसार मानव संशाधनको विकास गर्नु भनेको मानिसको चिन्तन गर्ने क्षमताको विकास गर्नु हो । हरेक वस्तु स्थितिको सुसुचित गराउनु हो । मानव संशाधनको विकासले मानिसको चिन्तन गर्न सक्ने क्षमताको विकास हुनेहुँदा हरेक वस्तुस्थितिलाई मनन गरी त्यसबाट सही निष्कर्षमा पुग्न सहयोग गर्दछ । यस खुला विद्यालय शिक्षा कार्यक्रममा समेत त्यसै मानव संशाधनको विकास भएकै कारण तत्कालीन

वस्तुस्थितिलाई मूल्याङ्कन गरी शिक्षक र विद्यार्थीले सम्पर्क कक्षाको समय निर्धारण सहमतिमा गरिएको पुष्टी भएको देखिन्छ ।

### ५.१.३.२ सहजकर्ताको व्यवस्थापन

यस शोधकार्यको अध्ययन क्षेत्रमा रहेका तीन वटा विद्यालयले आफ्नो सहजकर्ताको व्यवस्थापन कसरी गरेको रहेछ भनेर संयोजकहरुसँगको अन्तरवार्ता र सहजकर्तासँगको प्रश्नावलीका आधारमा प्राप्त जानकारी निम्नानुसार रहेको पाइयो ।

**तालिका : ४**

**सहजकर्ताको व्यवस्थापन सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | संयोजक | सहजकर्ता | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | औपचारिक विद्यालयका शिक्षकहरुबाट | ३ | ६ | ९ | १०० |
| २ | औपचारिक विद्यालयका शिक्षकहरु भन्दा बाहिरबाट | | | | |

*स्रोत : स्थलगत अध्ययन २०६८*

**तालिका नं. ५**

**सहजकर्ता सम्बन्धी विवरण**

| क्र. सं. | विद्यालयको नाम | शिक्षकको संख्या | शैक्षिक योग्यता | | तालिका | |
|---|---|---|---|---|---|---|
| | | | स्नातक | स्नातकोत्तर | प्राप्त | अप्राप्त |
| १ | जनता मा.वि., इटहरी | ८ | ५ | ३ | ६ | २ |
| २ | आदर्श उ.मा.वि. | ६ | १ | ५ | ६ | |
| ३ | नरग्राम मा.वि. | ७ | ३ | ४ | ६ | १ |
| | *जम्मा* | २१ | ९ | १२ | १८ | ३ |
| | *प्रतिशत* | १०० | ४२.८६ | ५७.१४ | ८५.७१ | १४.२९ |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथि दिएको तालिका नं. ४ अनुसार सहजकर्ताको व्यवस्थापन कसरी गरिन्छ भन्दा ९ जना सहभागी मध्ये सबैले (१००%) औपचारिक विद्यलायमा शिक्षकहरुलाई नै सहभागी गराउने गरेको बताएका थिए । यसबाट औपचारिक विद्यालयका शिक्षकलाई खुला विद्यालयका सहजकर्ताका रुपमा व्यवस्थापन गर्ने पुष्टी हुन्छ । त्यसैगरी तालिका ५ अनुसार ३ वटा खुला विद्यालयमा जम्मा २१ जनासहजकर्ता रहेको पाइयो । ति मध्ये ९ जना (४२.८६%) सहजकर्ता स्नातक र १२ जना (५७.१४%) सहजकर्ता स्नातकोत्तर योग्यता हासिल गरेको पाइयो । त्यसरी नै २१ जना सहभागी मध्ये १८ जना (

८५.७१%) तालिम प्राप्त र ३ जना (१४.२९%) सहजकर्ताले तालिम नलिएको देखिन्छ । यसबाट शिक्षणक्रियाकलापलाई अझ प्रभावकारी रुपमा अघि बढाउनका निम्ति तालिम अप्राप्त शिक्षकलाई तालिमको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

शिक्षा शास्त्री हार्बिन्सन (सन् १९७०) को मानव संशाधन विकास सिद्धान्त अनुसार मानव संशाधनको विकास गर्नु भनेको मानिसको चिन्तनमा विकास गर्नु हो । मानव संशाधनको विकासले प्राकतिक श्रोत प्राप्तीका निम्ति प्रयत्न गर्दछ । मानिसको सोचमा परिवर्तन ल्याउछ अनि कामप्रति क्रियाशील गराउँछ । निहित सीप र ज्ञानको विकास गर्दछ । प्राकृतिक श्रोतको दोहन गर्ने क्षमताको विकास गर्दछ । उसको दिमागमा बढी भन्दा बढी उब्जनी गर्ने सोच र सीपको विकास गर्दछ । जसकारण परिस्थिति सुहाउदो उपायहरु अझै पहिल्याउँछ । यसबाट यस अध्ययन क्षेत्रमा संचालित खुला विद्यलायहरुमा रहेका शिक्षकहरुको योग्यता स्नातक ९ जना (४२.८६%) र स्नातकोत्तर १२ जना (५७.१४%) रहेको र १८ जना (८५.७१%) तालिम प्राप्त र ३ जना (१४.२९%) शिक्षक तालिम अप्राप्त देखिन्छ । माथिल्लो योग्यता र तालिमले मानव संशाधन विकास गर्दछ । जसले विद्यार्थीको अन्तरनिर्हित क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ र बढी भन्दा बढी विद्यार्थीलाई सक्रिय गराउन र परिस्थिति अनुसार ज्ञान र सीप दिन नयाँ नयाँ विधिहरुको उपयोग गर्न सकिने देखिन्छ ।

### ५.१.३.३ शैक्षिक सामग्रीको प्रयोगको अवस्था

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गत संचालित ३ वटा खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत के कस्ता शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग गरिदै आएको छ भनि सहभागीहरुसँग अन्तरवार्ता र प्रश्नावलीका माध्यमबाट प्राप्त तथ्याङ्क निम्नानुसार पाइयो ।

**तालिका नं. ६**

**शैक्षिक सामाग्रीको प्रयोग सम्बन्धी विवरण**

| *क्र.सं.* | *शैक्षिक सामग्री* | *सहजकर्ता* | *विद्यार्थी* | *जम्मा* | *प्रतिशत* |
|---|---|---|---|---|---|
| १ | मुद्रित | ६ | १२ | १८ | १०० |
| २ | श्रव्य | ३ | १२ | १५ | ८३.३३ |
| ३ | दृश्य | २ | ८ | १० | ५५.५५ |
| ४ | श्रव्य दृश्य | | | | |

*स्रोत : स्थलगत अध्ययन -२०६८*

माथि दिएको तालिका अनुसार खुला विद्यालय शिक्षा कार्यक्रममा प्रयोग गरिने शैक्षिक सामाग्रीका सम्बन्धमा प्रश्न गर्दा सहभागीहरु सबैले (१००%) ले मुद्रित सामाग्री(पाठ्यपुस्तक,सन्दर्भ सामाग्री र सहयोगी सामाग्री)को प्रयोग गर्ने बताएका थिए भने १५ जना (८३.३३%) ले श्रव्य सामग्री(क्यासेट)को प्रयोग गर्ने बताएका थिए । त्यसैगरी १० जना (५५.५५%) सहभागीले दृश्य सामग्री पनि

प्रयोग हुने गरेका बताएका थिए । कसैले पनि श्रव्य दृश्य सामाग्रीको प्रयोग गर्ने गरेको बताएका थिएनन् । यसबाट मुद्रित सामग्री सबैले प्रयोग गर्ने गरेको पाइयो भने श्रव्य र दृश्य सामाग्री भने कहि प्रयोग गरिएको देखिदैन । तसर्थ श्रव्य दृश्य सामाग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ ।

मनोवैज्ञानिक अब्राहम मास्लो (सन् १९४३) को अभिप्रेरणा सम्बन्धी सिद्धान्त आवश्यकतामा आधारित छ । मानिसको अनगिन्ती आवश्यकता मध्ये क्रमबद्ध रुपमा प्राप्ती हुँदै जान्छ । ति आवश्यकता पूरा गर्न ज्ञान र सीपको आवश्यकता पर्दछ । सो ज्ञान र सीप सिकाई विना संभव छैन । सिकाई आवश्यकतामा निर्भर रहन्छ । जसलाई जति बढी आवश्यकता हन्छ उ त्यति नै बढी सिक्न तयार हुन्छ । शैक्षिक सामग्री सिकाईको आधार हो । जसले सिकाईलाई सरल, सहज, छिटो र सिकाई दीर्घकाल सम्म राखी राख्नुका साथै  सिकारुलाई सिकाईप्रति उत्प्रेरणा प्रदान गर्दछ ।

### ५.१.३.४ आन्तरिक मूल्याङ्कन प्रक्रिया

यस शोध कार्य अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा खुला विद्यालयमा आन्तरीक मूल्याङ्कन कसरी गरिन्छ भनि सहभागीहरुमा अन्तरवार्ता र प्रश्नावलीको माध्यमबाट प्राप्त जानकारीहरु निम्नानुसार पाइयो

**तालिका : ७**

**आन्तरीक मूल्याङ्कन प्रक्रिया सम्बन्धी विवरण**

| *क.सं.* | *साधनहरु* | *संयोजक* | *सहजकर्ता* | *विद्यार्थी* | *जम्मा* | *प्रतिशत* |
|---|---|---|---|---|---|---|
| १ | कक्षाकार्य | | | | | |
| २ | गृहकार्य | | | | | |
| ३ | एकाई परीक्षा | | | १ | १ | ४.७६ |
| ४ | नियमितता | | | १ | १ | ४.७६ |
| ५ | माथिका सबै | ३ | ६ | १० | १९ | ९०.४८ |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथिको तालिकाबाट यस कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्नका लागी विविध साधनहरुको प्रयोग गर्ने गरेको देखिन्छ । सहभागीहरु मध्ये १ जना (४.७६%) ले आन्तरिक मूल्याङ्कन एकाई परीक्षाद्वारा निर्धारण गरिन्छ भन्ने जानकारी पाइयो भने १ जना (४.७६%) ले नै नियमितताका (कक्षामा उपस्थित भएको) आधारमा आन्तरिक मूल्याङ्कन गरिने जानकारी दिएका थिए भने १९ जना (९०.४८%) ले भने आन्तरिक मूल्याङ्कनका माथि उल्लेखित सबै साधनहरुलाई प्रयोग गर्ने गरेको जानकारी दिएका थिए ।

शिक्षाविद हार्बिन्सन (सन् १९७०) को मानव संशाधनको विकास सिद्धान्त अनुसार मानव संशाधन विकास गर्नु भनेको मानिसको चिन्तनमा विकास गर्नु हो । मानव चिन्तनको विकास गर्नका

लागि शिक्षा र तालिमको आवश्यकता पर्दछ । शिक्षा र तालिम दिने क्रममा के कसरी कार्य अघि बढी रहेछ । अनि कार्यक्रमले के कति लक्षित उपलब्धी हासिल हुँदैछ र के कति कमी कमजोरीहरु देखिए तिनीहरुको कार्यक्रम संचालनकै अवस्थामा लेखाजोखा गर्नु पर्दछ  र कार्यक्रमलाई सुधारका पक्षमा अघि बढाउनु पर्दछ । यो सब काम मानवको चिन्तनको विकासबाटै मात्र संभव छ ।

खुला शिक्षा कार्यक्रम अन्तर्गत पनि यस कार्यक्रमले लिएको उद्देश्य अनुरुप अघि बढेको छ/छैन, प्राप्त उपलब्धी अपेक्षाकृत छ/छैन भनि लेखाजोखा गर्न कार्यक्रम संचालन कै क्रममा आन्तरिक मूल्याङ्कन गर्न मूल्याङ्कनका विभिन्न साधनहरु प्रयोग गरेको पाइयो । निरपेक्ष रुपमा कुनै एक साधनको मात्र उपयोग गरि कुनै पनि कार्यक्रमलाई मूल्याङ्कन गर्दा सही निष्कर्षमा पुग्न सकिदैन । माथि उल्लेखित तालिकामा ९८.४८%  सहभागीहरुले आन्तरिक मूल्याङ्कनका विविध साधनहरुको प्रयोग गर्ने गरेको बताएबाट सो विविध साधनहरुको उपयोग गर्न सक्षम जनशक्तिको आवश्यकता पर्दछ । सो जनशक्ति मानव संसाधन विकासबाट मात्र संभव भएकाले यस कार्यक्रमको आन्तरिक मूल्याङ्कनमा हार्बिन्सनको मानव संशाधनको विकासको सिद्धान्तको औचित्य साबित हुन्छ ।

### ५.१.४ सेवा र सुविधा

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा माध्यमिक स्तरका खुला विद्यालयमा कार्यरत संयोजक र सहजकर्तालाई के /कस्तो सेवा र सुविधा प्रदान गरिएको छ । त्यसबाट सम्बनधित व्यक्ति सन्तुष्ट छन/छैन भनेर सहभागीहरुलाई प्रश्नगर्दा सो सम्बन्धमा प्राप्त जानकारी निम्नानुसार रहेको पाइयो ।

**तालिका : ८**

**प्राप्त सेवा र सुविधा सम्बन्धी विवरण**

| *क्र.सं.* | *विवरण* | *संयोजक* | *सहजकर्ता* | *जम्मा* | *प्रतिशत* |
|---|---|---|---|---|---|
| १ | सन्तुष्ट | १ | १ | २ | २२.२२ |
| २ | ठीकै | १ | १ | २ | २२.२२ |
| ३ | असन्तुष्ट | १ | ४ | ५ | ५५.५६ |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथिको तालिकाबाट अहिलेप्राप्त सेवा सुविधा सँग सहभागी मध्ये २ जना (२२.२२%) सन्तुष्ट गरेको, २ जना (२२.२२%) ले नै ठिकै रहेको बताएका थिए भने ५ जना (५५.५६%) सहभागीले असन्तुष्ट रहेको बताएका थिए ।

मनोवैज्ञानिक अब्राहम मास्लो (सन् १९४६) को अभिप्रेरणाको सिद्धान्त आवश्यकतामा आधारीत छ । उनका अनुसार मानिसका अनगिन्ती आवश्यकताहरु हुन्छन । ति आवश्यकताहरु मध्ये आधारभूत आवश्यकताहरु क्रमश : पूरा गर्दै अघि बढ्दछ । जब आधारभूत आवश्यकता पूरा हुँदैन तबसम्म कुनैपनि कार्यप्रति अभिप्रेरणा प्राप्त हुँदैन । तसर्थ आधारभुत आवश्यकताको प्राप्तीले कार्यप्रति अभिप्रेरणा प्रदान गर्दछ ।

खुला विद्यालय शिक्षा कार्यक्रमका संयोजक र सहजकर्ताका पनि आधारभूत आवश्यकता हुन्छन जबसम्म उनीहरुका आधारभूत आवश्यकथा पूरा हुनेगरी सेवा र सुविधाहरु प्रदान गरिदैन तबसम्म उनीहरुमा काम प्रति प्रेरणा, हौसला र उत्साह जगाउन सक्दैन । तसर्थ उनीहरुलाई प्रदान गर्दै आएको सेवा र सुविधा वृद्धि गरेमा उनीहरुमा आफ्नो पेशाप्रतिको लगाव बढाउन सकिने भएबाट मास्लोको अभिप्रेरणाको सिद्धान्त पुष्टी हुन्छ ।

### ५.१.५ विद्यार्थीको सिकाई उपलब्धी विवरण

यस शोध अध्ययनको क्षेत्र अन्तर्गत ३ वटा माध्यमिक स्तरमा खुला विद्यालयमा भर्ना भई शैक्षिक सत्र २०६५, २०६६ र २०६७ सालमा एस.एल.सी. परीक्षामा सामेल विद्यार्थीहरुको शैक्षिक उपलब्धी विवरण देहाय बमोजिम रहेको पाइयो ।

**तालिका ९**

**खुला विद्यालय तर्फको विद्यार्थी सिकाई उपलब्धी विवरण**

| *क्र.सं.* | *विद्यालयको नाम* | *सहभागी संख्या* | | | *उत्तिर्ण संख्या* | | | *उत्तिर्ण प्रतिशत* |
|---|---|---|---|---|---|---|---|---|
| | | *छात्र* | *छात्रा* | *जम्मा* | *छात्र* | *छात्रा* | *जम्मा* | |
| २०६५ | जनता मा.वि. | २१ | ६१ | ८२ | १९ | ५० | ६९ | ८४.१ |
| | आदर्श उ.मा.वि. | १४४ | ५३ | १६७ | ९६ | ४० | १३६ | ८१.४ |
| | नरग्राम मा.वि. | | | | | | | |
| २०६६ | जनता मा.वि. | ३८ | ५७ | ९५ | २४ | ४४ | ६८ | ७१.५ |
| | आदर्श उ.मा.वि. | २७ | ३६ | ६३ | ९ | ९ | १८ | २८.५ |
| | नरग्राम मा.वि. | २२ | ३४ | ५६ | १ | | १ | १.७८ |
| २०६७ | जनता मा.वि. | ३८ | ८२ | १२० | १४ | २२ | ३६ | ३० |
| | आदर्श उ.मा.वि. | ११ | १६ | २७ | | | | |
| | नरग्राम मा.वि. | ११ | ७ | १८ | | | | |


*स्रोत : स्थलगत अध्ययन २०६८*

माथिको तालिका ९ मा दिएको २०६५ सालको खुला विद्यालय बाट एस.एल.सी. मा सामेल भई उत्तिर्ण विद्यार्थी विवरण अनुसार यस अध्ययन क्षेत्रमा ३ वटा विद्यालय मध्ये २ वटा विद्यालयले मात्र एस.एल.सी. परीक्षामा सामले भएका थिए । नरग्राम मा.वि. टंकिसिनुवारीबाट यसबर्ष विद्यार्थी एस.एल.सी. मा सामेल भएनन । जनता मा.वि. इटहरीमा जम्मा ८२ जना (छात्र २१ र छात्रा ६१) एस.एल.सी.मा सहभागी भएकोमा जम्मा ६९ जना (छात्र १९ र छात्रा ५०) विद्यार्थी सफल भएका थिए । जुन सामेल विद्यार्थीको ८४.१% हुन आउँछ । त्यसैगरी आदर्श उ.मा.वि. विराटनगरबाट जम्मा १६७ जना (छात्र १४४ र छात्रा ५३) एस.एल.सी.मा सहभागी भएकोमा जम्मा १३६ जना (छात्र ९६ र छात्रा ४०) उत्तिर्ण भएका थिए । जुन कूल सहभागीको ८१.४% हुन आउँछ ।

२०६६ सालमा भने ३ वटै विद्यालयबाट विद्यार्थीहरु एस.एल.सी मा सामेल भएका थिए । त्यसमा जनता मा.वि. इटहरीबाट जम्मा ९५ जना (छात्र ३८ र छात्रा ५७) सहभागी भएकोमा ६८ जना (छात्र २४ र छात्रा ४४) सफल भएका थिए । जुन कूल सहभागीको ७१.५% हुन आउँछ । त्यसैगरी आदर्श उ.मा.वि. विराटनगरबाट ६३ जना (छात्र २७ र छात्रा ३६) सहभागी भएकोमा जम्मा १८ जना (छात्र ९ र छात्रा ९) उत्तिर्ण भएका थिए । जुन कूल सहभागीको २८.५% हुन आउँछ । नरग्राम मा.वि. टंकिसिनुवारीबाट जम्मा ५६ जना (छात्र २२ र छात्रा ३४) विद्यार्थी एस.एल.सी. मा सहभागी भएकोमा जम्मा १ जना छात्र मात्र सफल भए जुन १.७८% हुन आउँछ ।

त्यसैगरी २०६७ सालमा जनता मा.वि. इटहरीबाट १२० जना (छात्र ३८ र छात्रा ८२) जना सामेल भएकोमा जम्मा ३६ जना (छात्र १४ र छात्रा २२) विद्यार्थी सफल भएका थिए जुन कूल सहभागीको ३०% हुन आउँछ । यसरी नै आदर्श उ.मा.वि. र नरग्राम मा.वि. बाट क्रमश २७ जना (छात्र ११ र छात्रा १६) र १८ जना (छात्र ११ र छात्रा ७) सहभागी भएकोमा दुवै विद्यालयको नतिजा शुन्य रहन गएको थियो ।

**चित्र नं ३**
**विद्यार्थी सिकाई उपलब्धी विवरण (२०६५-२०६७)**




*श्रोत : स्थलगत अध्ययन २०६८*

यसरी नै खुला विद्यालयबाट उत्तिर्ण विद्यार्थीको विवरण चित्र नं. ३ मा दिए अनुसार २०६५ सालमा जम्मा २०५ जना (८२.३२%) विद्यार्थी सफल भएका थिए । त्यसमा छात्र ११५ जना (५६%) र छात्रा ९० जना (४४%) उत्तिर्ण भएको देखिन्छ । त्यसैगरी २०६६ सालमा ८७ जना (४०.६५%) विद्यार्थी सफल भएकोमा छात्र ३४ जना (३९%) र छात्रा ५३ जना (६१%) उत्तिर्ण भएको देखिन्छ । त्यसैगरी २०६७ सालमा जम्मा ३६ जना (१८.१८%) मात्र विद्यार्थी उत्तिर्ण भएका थिए । त्यसमा छात्र १४ जना (३८.९%) र छात्रा २२ जना (६१.१%) विद्यार्थी सफल भएका थिए । यसबाट हरेक बर्ष विद्यार्थी उत्तिर्ण संख्या न्यून हुँदै गएको छ । जसकारण निराशा जनाएको छ भने अर्का तर्फ छात्राहरुको उत्तिर्ण प्रतिशत हरेकबर्ष बढदै गएको अवस्था छ । यसबाट छात्राहरुलाई शिक्षाको अवसर दिने राज्यको लक्ष्य हासिल गर्न खुला विद्यालय शिक्षा कार्यक्रमले सहयोग पुगेको देखिन्छ ।

शिक्षाशास्त्री हार्बिन्सन (सन् १९७०) को मानव संशाधन विकास सिद्धान्त अनुसार मानव संशाधन विकास भनेको मानवको चिन्तनको विकास हो । मानव संशाधन विकासले सामाजिक परिवर्तनमा टेवा पुऱ्याउँछ । मानव संशाधनको विकासमा औपचारिक शिक्षाको अलावा अनौपचारिक शिक्षाले समेत ठूलो टेवा पुऱ्याउँदै आएको छ । माथिको तथ्याङ्कले हाम्रो जस्तो रुढीबादीले गाजेको समाजमा हरेक बर्ष छात्रको तुलनामा खुला विद्यालय कार्यक्रम तर्फबाट एस.एल.सी. परीक्षामा छात्राहरुको उत्तिर्ण प्रतिशत बढी हुनुले सामाजिक परिवर्तनमा यस कार्यक्रमले ठूलो सहयोग मिलेको पुष्टी हुन्छ । त्यसैगरी पाउलो फ्रेरे (सन् १९७०) को सचेतिकरणको सिद्धान्त अनुसार समाजमा चेतनाको स्तर वृद्धि हुँदै गएको पाउन सकिन्छ । छोरीलाई शिक्षा दिनु हुन्न भन्ने हाम्रो समाजमा छात्राको भर्ना दर र उत्तिर्ण प्रतिशत उच्च हुँदै जानुले सचेतीकरणको सिद्धान्तको औचित्य साबित भएको छ ।

### ५.१.५.१ श्रेणीगत सिकाई उपलब्धी

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा खुला विद्यालयको एस.एल.सी.परीक्षाको श्रेणीगत सिकाई उपलब्धी निम्न अनुसार रहेको पाइयो ।

**तालिका नं. १०**

**खुला विद्यालयको एस.एल.सी. को श्रेणीगत उपलब्धी विवरण**

| साल | विद्यालयको नाम | प्रथम श्रेणी | | | द्वितीय श्रेणी | | | तृतीय श्रेणी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | *छात्र* | *छात्रा* | *प्रतिशत* | *छात्र* | *छात्रा* | *प्रतिशत* | *छात्र* | *छात्रा* | *प्रतिशत* |
| २०६५ | जनता मा.वि. | २ | ९ | १५.९४ | १६ | ३९ | ७९.७० | १ | २ | ४.३६ |
| | आदर्श उ.म.ावि. | १७ | ११ | २०.५८ | ६० | २६ | ६३.२० | १९ | ३ | १६.२२ |
| | नरग्राम मा.वि. | | | | | | | | | |
| २०६६ | जनता मा.वि. | | १ | १.४७ | २३ | ३९ | ९१.१७ | १ | ४ | ७.३६ |
| | आदर्श उ.म.ावि. | | | | ७ | ५ | ६६.६७ | २ | ४ | ३३.३३ |
| | नरग्राम मा.वि. | १ | | १०० | | | | | | |
| २०६७ | जनता मा.वि. | | | | १२ | १६ | ७७.७८ | २ | ६ | २२.२२ |
| | आदर्श उ.म.ावि. | | | | | | | | | |
| | नरग्राम मा.वि. | | | | | | | | | |

*स्रोत : स्थलगत अध्ययन -२०६८*

माथि दिएको तालिका ९ अनुसार यस अध्ययन क्षेत्र अन्तर्गत ३ वटा माध्यमिक स्तरको खुला विद्यलायहरुबाट २०६५ मा एस.एल.सी. परीक्षामा जनता मा.वि. बाट ६९ जना (८४.१%) उत्तिर्ण भएकोमा प्रथम श्रेणीमा २ जना छात्र, ९ जना छात्रा गरी जम्मा ११ जना (१५.९४%) उत्तिर्ण भएका थिए भने द्वितीय श्रेणीमा १६ छात्र र ३९ छात्रा गरी ५५ जना (७९.७०%) उत्तिर्ण भएका थिए । यसैगरी १ जना छात्र र २ जना छात्रा जम्मा ३ जना (४.४६%) विद्यार्थी तृतीय श्रेणीमा उत्तिर्ण भएका थिए । आदर्श उ.मा.वि. बाट जम्मा १३६ जना (८१.४%) विद्यार्थी उत्तिर्ण भएकोमा १७ जना छात्र र ११ जना छात्रा गरी २८ जना (२०.५८%) प्रथम श्रेणीमा उत्तिर्ण भएका थिए । त्यसैगरी ८६ जना (६३.२०%) विद्यार्थी द्वितीय श्रेणीमा उत्तिर्ण भएकोमा छात्र ६० र छात्रा २६ जना उत्तिर्ण भएका थिए । तृतीय श्रेणीमा १९ जना छात्र र ३ जना छात्रा गरी जम्मा २२ जना (१६.२२%) विद्यार्थी उत्तिर्ण भएका थिए । यसबर्ष नरग्राम मा.वि. बाट एस.एल.सी मा विद्यार्थी सामेल भएका थिएनन् ।


२०६६ सालमा जनता मा.वि. इटहरीबाट ६८ जना (७१.५%) विद्यार्थी उत्तिर्ण भएका थिए । त्यसमा प्रथम श्रेणीमा १ जना (१.४७%)  छात्रा मात्र उत्तिर्ण भएकी थिइन् । त्यसैगरी द्वितीय श्रेणीमा २३ जना छात्र र ३९ जना छात्रा गरी ६२ जना (९१.१७%) विद्यार्थी उत्तिर्ण भएका थिए भने तृतीय श्रेणीमा १

जना छात्र र ४ जना छात्रा गरी ५ जना (७.३६%) उत्तिर्ण भएका थिए । त्यसैगरी आदर्श उ.मा.वि. बाट १८ जना (२८.५%) विद्यार्थी उत्तिर्ण भएका थिए । त्यसमा एकैजना पनि प्रथम श्रेणीमा उत्तीर्ण भएका थिएनन् । द्वितीय श्रेणीमा ७ जना छात्र र ५ जना छात्रा गरी १२ जना (६६.६७%) विद्यार्थी सफल भएका थिए । तृतीय श्रेणीमा २ जना छात्र र ४ जना छात्रा गरी ६ जना (३३.३३%) उत्तिर्ण भएका थिए । नरग्राम मा.वि. बाट १ जना मात्र विद्यार्थी उत्तिर्ण भएकोमा सो १ जना छात्र प्रथम श्रेणीमा उत्तिर्ण भएका थिए ।

२०६७ सालमा जनता मा.वि. बाट १२० जना विद्यार्थी परीक्षामा सामेल भएकोमा ३६ जना ( ३०%) विद्यार्थी उत्तिर्ण भएका थिए । प्रथम श्रेणीमा कोहिपनि विद्यार्थी उत्तिर्ण हुन सकेनन् । उत्तीर्णमध्ये द्वितीय श्रेणीमा १२ जना छात्र र १६ जना छात्रा गरी २८ जना (७७.७८%) उत्तिर्ण भएका थिए । त्यसैगरी तृतीय श्रेणीमा २ जना छात्र  र ६ जना छात्रा गरी ८ जना (२२.२२%) उत्तिर्ण भएका थिए भने आदर्श उ.मा.वि. र नरग्राम मा.वि. बाट भने कुनैपनि विद्यार्थी उत्तिर्ण भएका थिएनन् । धेरै बिद्यार्थी अनुत्तर्णि हुनुमा यस कार्यक्रममा सर्म्पक कक्षाको संख्या कम हुनु, विद्यार्थीहरुमा पूर्वज्ञानको अभाव हुनु, विद्यार्थी न्यून उपस्थित हुनु न्यून सहभागीता र पारिवारीक व्यवस्तता जस्ता कारणहरु रहेको जानकारी दिएका थिए ।

**२०६५-०६७ सम्मको श्रेणीगत उत्तिर्ण संख्यालाई बृतचित्रमा देखाउँदा**

**चित्र नं ४**
**श्रेणीगत विद्यार्थी उत्तिर्ण विवरण (२०६५-२०६७)**




*श्रोत : स्थलगत अध्ययन २०६८*

त्यसैगरी चित्र ४ मा दिएको वृतचित्रका अनुसार २०६५ साल देखि २०६७ साल सम्ममा यस अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत ३२८ जना विद्यार्थी उत्तिर्ण

भएकोमा प्रथम श्रेणीमा ४१ जना (१२.५%) द्वितिय श्रेणीमा २४३ जना (७४%) र तृतीय श्रेणीमा ४४ जना (१३.५%) विद्यार्थी उत्तिर्ण भइसकेका छन् ।

शिक्षा शास्त्री हार्बिन्सन (सन् १९७०) को मानव संशाधन विकास सिद्धान्तका अनुसार मानव संशाधन विकास भनेको मानवको चिन्तनको विकास हो । मानव चिन्तनको विकासका निम्ति श्रोत साधनको उपलब्धता ,लगनशीलता र अवसरको खाँचो पर्दछ । यी ३ वटा अवस्थाले नै मानव संशाधनको विकासमा फरक पार्दछ । खुला विद्यालय कार्यक्रममा समेत यसले प्रभाव पारेको देखिन्छ । किनकी यस कार्यक्रम अन्तर्गतका उत्तिर्ण विद्यार्थीहरु अधिकांश विद्यार्थी (७४%) द्वितीय श्रेणीमा उत्तिर्ण भएका र प्रथम श्रेणीमा (१२.५%) विद्यार्थीमात्र उत्तिर्ण भएका र विशिष्ट श्रेणीमा १ जनापनि उत्तिर्ण नभएबाट उत्कृष्ट मानव संशाधनको विकास नभएको देखिन्छ । यसबाट हार्बिन्सनको मानव संशाधनको सिद्धान्तको औचित्य पुष्टी हुन्छ ।

### ५.१.६ खुला विद्यालय शिक्षा कार्यक्रमले समाजमा पारेको प्रभाव

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गत ३ वटा विद्यालयहरुमा खुला विद्यालय शिक्षा कार्यक्रम संचालनभए पश्चात समाजमा यस कार्यक्रमले के कस्तो प्रभाव पारेको छ अर्थात मानिसहरुमा यस कार्यक्रमको के कस्तो प्रभाव पारेको छ भनि विद्यालय निरीक्षक तथा संयोजक सँग अन्तरवार्ता साथै सहजकर्ता र विद्यार्थीहरुमा प्रश्नावलीका माध्यमले सूचना संकलन गर्दा निम्नानुसारको जानकारी प्राप्त भयो ।

**तालिका नं. ११**

**खुला विद्यालय शिक्षा कार्यक्रमले पारेका प्रभाव सम्बन्धि विवरण :**

| *क्र.सं.* | *विवरण* | *संयोजक* | *वि.नि.* | *सहजकर्ता* | *विद्यार्थी* | *जम्मा* | *प्रतिशत* |
|---|---|---|---|---|---|---|---|
| १ | मनोबल वृद्धि | ३ | २ | ६ | १० | २१ | ९१.३ |
| २ | सामाजिक सहभागिता | ३ | २ | ५ | १० | २० | ८६.९५ |
| ३ | समालोचनात्मक क्षमताको वृद्धि | २ | १ | ४ | ८ | १५ | ६५.२१ |
| ४ | शिक्षामा जागरुकता | ३ | २ | ६ | १० | २१ | ९१.३ |
| ५ | विद्यालय प्रति चासोमा वृद्धि | २ | १ | ४ | ११ | १८ | ७८.२६ |
| ६ | महिला सहभागितामा वृद्धि | ३ | २ | ६ | १२ | २३ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथि उल्लेखित तथ्याङ्कका आधारमा खुला विद्यालय शिक्षा कार्यक्रमले समाजमा पारेको प्रभावका सम्बन्धमा कार्यक्रम सयोजक वि.नि.,सहजकर्ता र विद्यार्थी गरी ३३ जना सहभागिहरुसँग प्रतिक्रिया लिंदा २१ जना (९१.३%) ले यस कार्यक्रमले व्यक्तिको मनोबलमा वृद्धि गरेको बताएका थिए । त्यसैगरी २० जना (८६.९५%) सहभागिले सामाजिक सहभागीतामा वृद्धि गरेको बताएका थिए । यसैगरी १५ जना (६५.२१%) ले समालोचनात्मक क्षमतामा वृद्धि गरेको बताएका थिए भने २१ जना (९१.३%) ले शिक्षामा जागरुकता आएको बताएका थिए । त्यसैगरी १८ जना (७८.२३%) सहभागिले विद्यालय प्रति चासोमा वृद्धि भएको बताएका थिए ।सहभागी मध्ये २३ जनाले (१००%) ले नै यस कार्यक्रमको माध्यमबाट शिक्षामा महिला सहभागीतामा वृद्धि भएको बताएका थिए ।

शिक्षाशास्त्री पाउलो फ्रेरे (सन् १९७०) का अनुसार उत्पिडित र सर्वहारा वर्गलाई शिक्षाको माध्यमबाट सचेत बनाउने सिद्धान्त नै सचेतिकरणको सिद्धान्त हो । उनका अनुसार समालोचनात्मक बुझाई नै सचेतिकरण हो । सामुहिक अध्ययन र विश्लेषण गर्ने, विश्लेषण पछि प्राप्त निष्कर्षका आधारमा सामुहिक कार्य गर्ने गर्दछन । यस सिद्धान्तले शिक्षार्थीलाई समाज विश्लेषण र आफ्नो हकहितको लागि सामुहिक कार्य गर्ने व्यक्तिको रुपमा विकसित गरिदिए । यस सिद्धान्तले गरीब, निमूखा र शक्तिहिनहरुलाई “धन होइन न्याय चाहियो” भनि माग्नका लागि तयार पार्ने शैक्षिक संरचनाको शुरुवात गरे ।

यसै सिद्धान्त अनुरुप खुला विद्यालय शिक्षा कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको हो । यस कार्यक्रमले विद्यालय स्तरको शिक्षा लिनबाट बन्चित दलित, पिछडिएको वर्ग, विपन्न महिला आदिलाई लक्षित गरि पिडछिएको वर्ग, विपन्न महिला आदिलाई लक्षित गरी यो कार्यक्रमलाई अघि सारिएको हो । यस कार्यक्रमकै प्रभावले समाजमा पिछडिएको वर्ग, विपन्न दलित, महिलाहरु आज शिक्षालाई मौलिकहकको रुपमा लिएर पारिवारीक व्यस्तता र अन्य अवरोधका बाबजुदपनि यस कार्यक्रम अन्तर्गत सहभागी भई उच्च शिक्षाको ढोका खोली अघि बढन सफल भएका छन । समाजमा पिछडिएको उत्पिडित, दलित, विपन्न वर्गहरुमा पनि शिक्षाको महत्व बुझेर शिक्षा प्रति सकरात्मक सोचको विकास भएको छ भने यसले उनीहरुमा आत्मबल समेत बढाएको छ । त्यसैले आज उनीहरुको हरेक सामाजिक क्रियाकलापमा सहभागीता बढेको छ । समालोचनात्मक सोचाईको विकास भएको छ । विश्लेषण गर्ने क्षमताको विकास भएको छ । विश्लेषण पछि सामुहिक निष्कर्ष र कार्यान्वयन मा सहभागिता बढेको कारणले खुला विद्यालय शिक्षा कार्यक्रम सकरात्मक प्रभाव पारेको पुष्टि हुन्छ ।

## ५.२ खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सी परीक्षाको लेखाजोखा

खुला विद्यालय शिक्षा कार्यक्रम वि.सं. २०६४ सालमा ५ वटा माध्यमिक विद्यालयमा परीक्षणको रुपमा शुरु भई आज पाचौ बर्षमा आइपुग्दा ७५ वटै जिल्लाका जम्मा ८५ वटा विद्यालयमा यो कार्यक्रम संचालनमा रहेको छ । तसर्थ यस कार्यक्रमको मध्यावधि मूल्याङ्कन गरी यसमा के कस्ता कमी कमजोरी छन र समयमा नै कसरी सुधार गरी कार्यक्रमको प्रभावकारीतामा जोडदिन सकिन्छ भनेर खुला र

औपचारिक विद्यालय तर्फको एस.एल.सी. परीक्षाको नतिजाको तुलनात्मक लेखाजोखा गर्न प्राप्त तथ्याङ्क तल प्रस्तुत गरिएको छ ।

### ५.२.१ खुला तथा औपचारिक विद्यालयका विद्यार्थीहरुको एस.एल.सी परक्षिाको उपलब्धी

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा विद्यालयहरुको २०६५-२०६७ सम्मको खुला र औपचारिक विद्यालयका विद्यार्थीहरुको उपलब्धी निम्नानुसार रहेको छ ।

**तालिका नं. १२**

**खुला तथा औपचारिक विद्यालयका विद्यार्थीहरुको एस.एल.सी परीक्षाको उपलब्धी विवरण**

| *परीक्षामा सामेल* | | | *उत्तिर्ण* | | | |
|---|---|---|---|---|---|---|
| *साल* | *खुला* | *औपचारिक* | *खुला* | | *औपचारीक* | |
| | | | *संख्या* | *प्रतिशत* | *संख्या* | *प्रतिशत* |
| २०६५ | २४९ | २०५ | २०५ | ८२.३२ | १३८ | ६७.३१ |
| २०६६ | २१४ | ३२७ | ८७ | ४०.६५ | ११६ | ३५.४७ |
| २०६७ | १६५ | ३५० | ३६ | २१.१८ | ९१ | २६.० |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथि प्रस्तुत तालिकाको आधारमा २०६५ सालमा खुला विद्यालय तर्फ २४९ जना विद्यार्थी परीक्षामा सामेल भएकोमा २०५ (८२.३२%) विद्यार्थी उत्तिर्ण भएका थिए र त्यसैगरी सोहि बर्ष औपचारिक विद्यालय तर्फबाट २०५ जना विद्यार्थी परीक्षामा सामेल भएकोमा १३८ (६७.३१%) विद्यार्थी उत्तिर्ण भएका थिए । त्यसैगरी २०६६ सालमा खुला विद्यालय तर्फबाट २१४ जना परीक्षामा सामेल भएका मध्ये ८७ जना (४०.६५%) विद्यार्थी उत्तिर्ण भएका थिए भने औपचारिक विद्यालय तर्फबाट ३२७ जना परीक्षामा सामेल भएका थिए त्यसमा ११६ जना (३५.४७%) विद्यार्थी सफल भएका थिए । २०६७ सालमा खुला विद्यालय तर्फबाट १६५ जना सामेल भएका थिए । त्यसमा ३६ जना (२१.१८%) सफल भएका थिए । त्यसमा ३ वटा विद्यालय मध्ये २ वटा विद्यालय तर्फ बाट १ जना पनि विद्यार्थी सफल भएका थिएनन् । त्यसै गरी औपचारिक विद्यालय तर्फ ३५० जना विद्यार्थी सामेल भएका मध्ये ९१ जना (२६%) विद्यार्थी सफल भएका थिए । माथि दिएको तथ्याङ्कबाट खुला विद्यालयको सहभागी संख्या र उत्तिर्ण प्रतिशत दुवै हरेक बर्ष कम हुँदै गएको देखिन्छ । त्यसै गरी औपचारिक विद्यालय तर्फको परीक्षामा सामेल हुने विद्यार्थीको संख्या त हरेक बर्ष बढी रहेको देखिन्छ तथापी उत्तिर्ण प्रतिशत भने हरेक बर्ष घट्दो क्रममा रहेको देखिन्छ । खुला तर्फको नतिजा हरेक बर्ष झण्डै आधा (५०%) ले घटेको देखिन्छ भने औपचारिक तर्फको भने केही कम करीब ३७% ले घटेको देखिन्छ । यसबाट औपचारिक विद्यालय तर्फको नतिजा भन्दा खुला विद्यालय तर्फको नतिजा घट्दो क्रममा रहेको देखिन्छ ।

शिक्षाशास्त्री हार्बिन्सन (सन् १९७०) को मानव संशाधन विकासको सिद्धान्त अनुसार मानव संशाधन विकास भनेको मानव चिन्तनको विकास गर्नु हो । प्राकृतिक स्रोतको खोजी र उपयोग गर्न सक्ने क्षमतामा अभिवृद्धि गर्नु हो । आजको शिक्षा प्रणाली पनि सोहि मानव संशाधन विकासको सिद्धान्त अनुरुप मानव संशाधनको विकास गर्नुपर्ने हुन्छ तर त्यसको बदला केवल सैद्धान्तिक ज्ञान मात्र दिएको शिक्षा व्यवहारीक र सीपमूलक नभएकै कारण विद्यार्थीको लगान घटदै गएको छ । जसको परिणाम हरेक बर्ष एस.एल.सी परीक्षाको नतिजा घटदो क्रममा रहेको छ । तसर्थ अबको शिक्षा सैद्धान्तिक भन्दा पनि व्यहारिक र सीपमूलक शिक्षाको आवश्यकता रहेबाट हार्बिन्सनको मानव संशाधनको विकास सिद्धान्तको औचित्य पुष्टि हुन्छ ।

### ५.२.२ खुला तथा औपचारिक विद्यालयको बिषयगत औषत उपलब्धी

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा माध्यमिक विद्यालयको खुला तथा औपचारिक विद्यालय तर्फको बिषयगत औषत उपलब्धी निम्नानुसार रहेको पाइयो ।

**तालिका १३**

**खुला तथा औपचारिक विद्यालयको बिषयगत औषत उपलब्धी विवरण :**


| क्र.सं. | विद्यालय को किसिम | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | जनसंख्या | ऐ. प्रथम | ऐ. द्वितीय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | खुला | ३३.१४ | ३१.२३ | २५.५७ | ४३.७१ | ३२.७७ | ४८.८ | ३५.८३ | ४७.३७ |
| २ | औपचारिक | ४६.९९ | ३६.७६ | ४३.३४ | ५०.२९ | ३७.०१ | ५९.०७ | ४५.९५ | ५६.८७ |

*स्रोत : स्थलतगत अध्ययन २०६८*

दिएको तालिकालाई स्तम्भ चित्रमा देखाउदा

चित्र नं. :५ क


खुल्ला विद्यालय तर्फको विषयगत सिकाई उपलब्धी विवरण




दिएको तालिकालाई स्तम्भ चित्रमा देखाउदा

चित्र नं. :५ख

औपचारिक विद्यालय तर्फको विषयगत सिकाई उपलब्धी विवरण




माथि प्रस्तुत तालिका तथा स्तम्भ चित्रका अनुसार खुला विद्यालय र औपचारिक विद्यालयको बिषयगत औषत उपलब्धी अंग्रेजीमा खुला तर्फ ३३.१४ र औपचारिक तर्फ ४६.९९% रहेको छ। नेपाली

बिषयमा खुला तर्फ ३१.२३ छ भने औपचारिक तर्फ ३६.७६ रहेको पाइयो । त्यसैगरी गणितमा खुलातर्फ २५.५७ र औपचारिक तर्फ ४३.३४ रहेको छ भने विज्ञानमा खुलातर्फ ४३.७१ र औपचारिक तर्फ ५०.२९ रहेको छ । त्यसरी नै सामाजिकमा खुलातर्फ ३२.७७ र औपचारिक तर्फ ३७.०१ पाइयो । जनसंख्या तथा वातावरणशिक्षामा खुला तर्फ ४८.८ र औपचारिक तर्फ ५९.०७ रहेको छ । ऐच्छिक प्रथममा खुलातर्फ ३५.८३ र औपचारिक तर्फ ४५.९५ र ऐच्छिक द्वितीय बिषयको खुला तर्फ ४७.३७ औपचारिक तर्फ ५६.८७ रहेको पाइयो । प्रस्तुत तथ्याङ्कका आधारमा हरेक बिषयमा खुला विद्यालय तर्फ भन्दा औपचारिक विद्यालयको औषत उपलब्धी बढी रहेको पाइयो ।

शिक्षा शास्त्री हार्बिन्सन (सन् १९७०) को मानव संशाधनको विकास सिद्धान्त अनुसार मानव संशाधन विकास भन्नाले मानिसको चिन्तन क्षमताको विकास गर्नु हो । शिक्षाले नै मानिसको अन्तरनिर्हित क्षमताको प्रष्फुटन गरी स्रोतको पहिचान र उपयोग गर्दछ । चिन्तन क्षमताको विकास अवसर र साधन स्रोतको उपलब्धता र उपयोगमा निर्भर रहन्छ । जसले बढी अवसर पाउछ ,साधन र स्रोतको उपलब्धता र उपयोग गरी सिक्दछ उसको क्षमता पनि उति नै बढी विकास हुन्छ ।

यहाँ खुला विद्यालय र औपचारिक विद्यालयको बिषयगत औषत उपलब्धी हेर्दा हार्बिन्सनको मानव विकासको सिद्धान्तसँग मेल खान्छ । औपचारिक विद्यालयमा सिक्ने अवसर धैरै पाउँछन । शिक्षकहरु नियमित उपलब्ध हुने र साधनहरु बढी उपलब्ध र उपयोग गर्न पाउछन भने अर्कोतिर खुला विद्यालयमा सम्पर्क कक्षा न्यून हुनु , शिक्षक र विद्यार्थीको बीचमा निरन्तर अन्तरक्रिया नहुनु ,साधन र स्रोतको उपलब्धता र उपयोग न्यून हुनुले बिषयगत उपलब्धी खुला विद्यालय तर्फको औपचारिक विद्यालयको भन्दा कम हुनुले हार्बिन्सनको मानव संशाधनको विकासको सिद्धान्तको औचित्य पुष्टी हुन्छ ।

### ५.२.३ खुला विद्यालय शिक्षा कार्यक्रमका न्युन औषत उपलब्धीका कारणहरु

यस शोध कार्यको अध्ययन क्षेत्र अन्तर्गतका ३ वटा खुलाविद्यालयको एस.एल.सी परीक्षामा प्राप्त औषत उपलब्धी न्यून हुनका कारणहरु सम्बन्धमा सहभागीहरुसँग गरिएको अन्तरवार्ता र प्रश्नावलीका मार्फत प्राप्त तथ्याङ्कहरु निम्नानुसार रहेको पाइयो ।

## तालिका नं. १४

## खुला विद्यालयको औषत उपलब्धी न्यून हुनका कारण सम्बन्धी विवरण

| क्र. सं. | कारणहरु | संयोजक | वि.नि. | सहजकर्ता | विद्यार्थी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पर्क कक्षा न्यून | ३ | २ | ६ | १२ | २३ | १०० |
| २ | पूर्व ज्ञानको अभाव | ३ | २ | ६ | १२ | २३ | १०० |
| ३ | पाठयक्रमको क्षेत्र बढी | २ | २ | ४ | १० | १८ | ६८.२३ |
| ४ | कार्य व्यस्तता | ३ | २ | ५ | १० | २० | ८६.९५ |
| ५ | शैक्षिक सामग्रीको अभाव | २ | १ | ४ | ८ | १५ | ६५.२१ |
| ट | विद्यार्थीको न्यून सहभागीता | ३ | २ | ५ | १२ | २२ | ९५.६५ |
| ७ | व्यवहारीक ज्ञानको अभाव | ३ | २ | ५ | १० | २० | ८६.९५ |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथिको दिएको तालिकाका आधारमा खुला विद्यालयका विद्यार्थीको औषत उपलब्धी औपचारिक विद्यालयका विद्यार्थीको भन्दा न्यून हुनका कारणहरुमा सम्पर्क कक्षा न्यून हुनु र पूर्व ज्ञनाको अभाव रहेको २३ जना (१००%) ले बताएका थिए । पाठ्यक्रमको क्षेत्र बढी भएको १८ जना (६८.२३%) र सहभागीहरुको कार्यव्यस्तता कारणले न्युन औषत उपलब्धीप्राप्त भएको भन्नेमा २० जना (८६.९५%) ले बताएका थिए ।

यसबाट वर्तमान खुला विद्यालयको पाठयक्रमको समसामयिक व्यवहारीक ज्ञानदिन नसकेको, सम्पर्क कक्षाको संख्या न्यून रहेकोले विद्यार्थी सबै समस्यासँग परिचित नभएको देखिन्छ । कक्षा ८ उत्तिर्ण गरी २ बर्ष पूरा भएका विद्यार्थीले मात्र यस कार्यक्रममा भर्ना हुन पाउने व्यवस्थाले उनीहरुमा आवश्यक पूर्वज्ञानको अभाव रहेको देखिन्छ ।

शिक्षा शास्त्री हार्बिन्सन (सन् १९७०) को मानव संशाधनको विकास सिद्धान्त अनुसार मानव संशाधन विकास भनेको मानिसको चिन्तन गर्ने क्षमताको विकास हो । शिक्षाले नै मानिसको अन्तरनिर्हित क्षमतालाई प्रष्फूटन गर्नसहयोग गर्दछ । मानव संशाधनको विकासले गर्दा व्यक्ति प्राकृतिक स्रोतको खोजी गर्दछ र सो स्रोतको उपयोग गर्न सक्षम हुन्छ । मानव संशाधनको विकास गर्न शिक्षा र तालिमको आवश्यकता पर्दछ । त्यसको निम्ति प्रशस्त अवसर, स्रोत साधनको उपलब्धता र ती साधनको उपयोगले मात्र मानव संशाधनको विकास संभव छ ।

खुला विद्यालय कार्यक्रम अन्तर्गत पनि मानव संशाधनको विकास गरी उपलब्धी उच्च राख्नलाई सिक्ने अवसर, स्रोत साधनको उपलब्धता र उपयोगको आवश्यकता पर्दछ जसका अभावमा न्युन उपलब्धी रहेको पुष्टि हुन्छ ।

## ५.३ खुला विद्यालय शिक्षा कार्यक्रममा देखिएका समस्याहरु

यस शोध कार्यको अध्ययन क्षेत्रसँग सम्बन्धित विद्यालयका संयोजक,विद्यालय निरीक्षक, सहजकर्ता, विद्यार्थीसँग यस कार्यक्रम सम्बन्धी समस्या छन्/छैनन् भनि प्रश्न गर्दा सो सम्बन्धी प्राप्त जानकारीहरु निम्नानुसार रहेको पाइयो ।

**तालिका १५**

**खुला विद्यालयको संचालन सम्बन्धी समस्याहरु सम्बन्धि विवरण**

| *क.सं.* | *विवरण* | *संयोजक* | *वि.नि.* | *सहजकर्ता* | *विद्यार्थी* | *जम्मा* | *प्रतिशत* |
|---|---|---|---|---|---|---|---|
| १ | प्रशस्त | २ | २ | ४ | ७ | १५ | ६५.२१ |
| २ | सामान्य | १ | | २ | ४ | ७ | ३०.४३ |
| ३ | नगन्य | | | | १ | १ | ४.३६ |
| ४ | छैनन | | | | | | |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथि उल्लेख गरिएको तालिका अनुसार खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत प्रशस्त समस्याहरु छन भन्ने जानकारी १५ जना (६५.२१%) ले दिएका थिए । त्यसैगरी यस कार्यक्रममा सामान्य समस्याहरु छन भन्ने ७ जना (३०.४३%) पाइयो । त्यसरी नै यस क्षेत्रमा नगन्य समस्या छन भन्ने १ जना (४.३६%) रहेको थिए भने समस्या छैनन् भन्ने जवाफ कोहिबाट पनि पाइएन् ।

यस तथ्यलाई मनन गर्दा खुला विद्यालय शिक्षा कार्यक्रम संचालन गरेको पाँचौ बर्ष प्रवेश गरेको अवधि सम्ममा समस्याहरु प्रशस्त छन भन्ने कुरा १५ जना (६५.२१%) ले जानकारी दिएबाट यस कार्यक्रम संचालनमा प्रशस्त समस्याहरु रहेको देखिन्छ । खुला विद्यालय संचालनमा संलग्न कार्यक्रम संयोजक, सम्बन्धित अध्ययन क्षेत्रका वि.नि. ,सहजकर्ता र सहभागी विद्यार्थीहरुसँग यस कार्यक्रम अन्तर्गत के कस्ता समस्याहरु छन भनि प्रश्न गर्दा प्राप्त निम्नानुसारको जानकारी प्राप्त गरियो ।

**तालिका १६**

**खुला विद्यालय संचालनमा देखिएका समस्याहरु सम्बन्धी विवरण**

| *क्र. सं.* | *समस्याहरु* | *संयोजक* | *वि.नि.* | *सहजकर्ता* | *विद्यार्थी* | *जम्मा* | *प्रतिशत* |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पर्क कक्षा न्यून हुनु | ३ | २ | ६ | १२ | २३ | १०० |
| २ | विद्यार्थीको अनियमित उपस्थिती | ३ | २ | ६ | १० | २१ | ९१.३ |
| ३ | पूर्व ज्ञानको अभाव | ३ | २ | ६ | १२ | २३ | १०० |
| ४ | असमान उमेर | ३ | | ३ | ६ | ११ | ४७.८२ |
| ५ | आर्थिक व्यवस्थापन | ३ | २ | ४ | ५ | १३ | ५६.५२ |
| ६ | भवनको अभाव | ३ | २ | ५ | ११ | २१ | ९१.३ |
| ७ | नियमित अनुगमनको अभाव | ३ | | ४ | १० | १७ | ७३.९३ |
| ८ | न्यून सहभागीता | ३ | २ | ६ | १० | २१ | ९१.३ |
| ९ | व्यवहारीक ज्ञानको अभाव | ३ | २ | ५ | १२ | २२ | ९५.६५ |
| १० | सेवा र सुविधा न्यून | ३ | २ | ५ | १२ | २२ | ९५.६५ |
| ११ | विद्यार्थीको अनुशासनको कमी | ३ | १ | ४ | ५ | १२ | ५२.१७ |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथि प्रस्तुत तथ्याङ्कका आधारमा २३ जना सहभागी ले ११ किसिमका समस्याहरु रहेको जानकारी दिएका थिए । उनीहरुलेदिएको मत अनुसार सम्पर्क कक्षा न्यून रहेकोमा २३ जना (१००%), विद्यार्थीको अनियमित उपस्थितिमा २१ जना (९१.३%) को मत थियो । त्यसैगरी पूर्व ज्ञानको अभावमा २३ जना (१००%) ले विचार राखेका थिए । असमान उमेर हुनुमा ११ जना (४७.८२%) ले बताएका थिए । त्यसरी नै आर्थिक व्यवस्थापन सम्बन्धी समस्यामा १३ जना (५६.५२%) ले जानकारी दिएका थिए । भवनको अभावमा २१ जना (९१.३%) ले बताएका थिए । नियमित अनुशासनको अभाव रहेकोमा १७ जना (७३.९१%) र विद्यार्थीको न्युन सहभागीतामा २१ जना (९१.३%) को मत रहेको पाइयो । यसै गरी व्यवहारिक ज्ञानको अभाव र सेवा तथा सुविधा न्यून हुनुमा समान २२ जना (९५.६५%) रहेको थियो भने विद्यार्थीको अनुशासनको अभावमा १२ जना (५२.१०%) ले अभिमत दिएका थिए ।

यसबाट संयोजक र सहजकर्ता तथा विद्यार्थीद्वारा समाधान गर्न सकिने समस्याहरु थोरै मात्र पाइयो भने राष्ट्रिय स्तरबाटै गर्नुपर्ने धेरै समस्याहरु पाइयो ।

मनोवैज्ञानिक अब्रामह मास्लो (सन् १९४३) को अभिप्रेरणाको सिद्धान्त आवश्यकतामा आधारित छ । उनका अनुसार मानिसका अनगिन्ती आवश्यकताहरु मध्ये आधारभूत आवश्यकता पूरा भएपछि मात्र अन्य आवश्यकताहरु पूरा हुँदै जान्छन् । जबसम्म आधारभूत आवश्यकताहरु पूरा हुँदैनन् तबसम्म व्यक्ति

आफ्नो काम प्रति उत्प्रेरित हुन सक्दैन । यसैले यस कार्यक्रमका पनि धेरै आवश्यकता छन । ति मध्ये पनि आधारभूत आवश्यकताहरु नै पूरा भएका छैनन् । त्यसैले यो कार्यक्रम संचालन गरी राम्रो उपलब्धी हासिल गर्न गाह्रो हुनुले मास्लोको अभिप्रेरणाको सिद्धान्तको यस कार्यक्रमसँगको सम्बन्धको औचित्य पुष्टि हुन्छ ।

### ५.४ खुला विद्यालय संचालनमा देखिएका समस्याहरुको समाधानका उपायहरु

यस शोध कार्यको अध्ययन क्षेत्रका ३ वटा खुला विद्यालयको समस्याहरुको पहिचान गरिसकेपछि ति समस्याहरुको समाधानका उपायहरु के के हुन सक्छन भनि प्रश्न राख्दा सहभागीहरुबाट निम्न अनुसारका उपायहरु प्राप्त भएको थिए ।

**तालिका १७**

**खुला विद्यालय शिक्षा कार्यक्रम संचालनका समस्याहरुका समाधानका उपायहरु सम्बन्धी विवरण**

| क.सं. | समाधानका उपायहरु | संयोजक | वि.नि. | सहजकर्ता | विद्यार्थी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सम्पर्क कक्षाको अवधि बढाउनु पर्ने | ३ | २ | ६ | १२ | २३ | १०० |
| २ | शैक्षिक तथा सन्दर्भ सामग्रीको प्रयोग बढाउनु पर्ने | ३ | २ | ६ | १२ | २३ | १०० |
| ३ | प्रचार प्रसार र अन्तरक्रिया गर्नुपर्ने | ३ | २ | ४ | ९ | १८ | ७८.२६ |
| ४ | विद्यार्थी नियमित र सहभागीता बढाउनु पर्ने | ३ | २ | ६ | १० | २१ | ९१.३ |
| ५ | सेवा र सुविधा वृद्धि गर्नुपर्ने | ३ | २ | ६ | | ११ | ४७.८२ |
| ६ | नियमित अनुगमन गर्नुपर्ने | २ | २ | ५ | ४ | १३ | ५६.५२ |
| ७ | भवन तथा भौतिक व्यवस्थापन | २ | २ | ६ | ८ | १८ | ७८.२६ |
| ८ | आर्थिक व्यवस्थापनमा जोड | ३ | २ | ६ | १० | २१ | ९१.३ |
| ९ | व्यवहारीक शिक्षा/सीपमूलक शिक्षा दिनुपर्ने | ३ | २ | ५ | १२ | २२ | ९५.६५ |
| १० | पूर्व ज्ञान सम्बन्धी अवधारणको विकास | ३ | २ | ६ | १२ | २३ | १०० |

*स्रोत : स्थलगत अध्ययन २०६८*

माथि दिएको तालिकाबाट खुला विद्यालय शिक्षा कार्यक्रममा देखिएका समस्याहरुको समाधानका उपायहरु सम्बन्धमा २३ जना सहभागीताहरु बाट प्राप्त सूचना सम्पर्क कक्षाको अवधि बढाउनु पर्ने , शैक्षिक सामग्री र सन्दर्भ सामग्रीको प्रयोग बढाउनु पर्ने र पूर्वज्ञान सम्बन्धी अवधारणाको विकास गर्नुपर्ने कुरामा २३ जना (१००%) ले एकै मत दिएका थिए । त्यसैगरी व्यवहारिक ज्ञान वा सीपमूलक शिक्षा दिनुपर्नेमा २२ जना (९५.६५%) ले बताएका थिए । विद्यार्थी नियमितता र सहभागीता बढाउनु पर्ने साथै आर्थिक व्यवस्थापनमा जोड दिनुपर्नेमा २१ जना (९१.३%) ले सुझाव दिएका छन । प्रचार प्रसार गर्नुपर्ने र भवन तथा भौतिक व्यवस्थापन गर्नुपर्नेमा १८ जना (७८.२६%) ले सुझाव दिएका थिए । त्यसै गरी नियमित अनुगमन हुनु पर्नेमा १३ जना (५६.५२%) र सेवा तथा सुविधा वृद्धि गर्नुपर्नेमा ११ जना (

४७.८२%) ले सल्लाह दिएका थिए । यसबाट स्थानिय स्तरबाट केहि र केन्द्रिय स्तरबाट धेरै पहल गरेमा यस कार्यक्रमलाई उद्देश्य अनुरुप अघि बढाउन सकिने देखिन्छ ।

शिक्षाशास्त्री हार्बिन्सन (सन् १९७०) को मानव संशाधनको विकास सिद्धान्त अनुसार मानव संशोधन विकास भन्नाले मानिसको चेतनाको विकास गर्नु हो । मानव संशाधनको विकासले प्राकृतिक साधनको प्राप्ती र उपयोग गर्न सक्षम बनाउछ । यसले वस्तुस्थितिको मूल्याङ्कन गरी अघि बढ्न सिकाउँछ । तसर्थ खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गतका समस्याहरुको चिन्तन र मनन गरी त्यस्ता समस्याको समाधानका उपायहरुको खोजी गर्न पनि मानव संशाधनको विकास सिद्धान्तको औचित्य पुष्टि हुन्छ ।

# परिच्छेद -६

# प्राप्ती निष्कर्ष र सुझावहरु

## ६.१ प्राप्ती

"खुला विद्यालय शिक्षा कार्यक्रमको विश्लेषण"सम्बन्धमा गरिएको यो शोध कार्य मोरङ्ग र सुनसरी जिल्लामा संचालित जम्मा ३ वटा विद्यालयलाई अध्ययनको क्षेत्र बनाई अध्ययन गरिएको थियो । यो कार्यक्रम संचालन गरेका विद्यालयका संयोजक, सहजकर्ता, विद्यालय निरीक्षक र विद्यार्थीहरुमा अनुसूचीमा दिए बमोजिमको अन्तरवार्ता र प्रश्नावली तथा दस्तावेज अध्ययनबाट प्राप्त गरिएका सूचनाहरुलाई विश्लेषण गर्दा निम्नानुसारको तथ्यहरु पत्ता लागेको छन् ।

### ६.१.१ खुला विद्यालय शिक्षा कार्यक्रमको वर्तमान अवस्था सम्बन्धी

क) यो कार्यक्रम ७५ जिल्लाको ८५ वटा माध्यमिक विद्यालयमा संचालन गरेको पाइयो ।

ख) यस कार्यक्रम अन्तर्गत विद्यार्थी भर्ना गर्दा "खुला विद्यालय संचालन सम्बन्धी कार्यान्वयन पुस्तिका निर्देशिका २०६५" अनुसार गर्ने गरेको पाइयो ।

ग) विद्यार्थीहरुमा रजिष्ट्रेशन शुल्क र एस.एल.सी परीक्षा आवेदन शुल्क बाहेक अन्य शुल्क लिएको पाइएन् । साथै विद्यार्थीहरुमा कुनै छात्रवृत्ति दिएको पनि पाइएन ।

घ) विवाहित महिला, घरायसी कामले विद्यालय छाडेका ,तल्लो तहका कर्मचारी र घरेलु कामदारहरुको सहभागिता बढी पाइयो ।

ङ) छात्रको तुलनामा छात्राहरुको सहभागीता बढी रहेको पाइयो ।

च) सम्पर्क कक्षा संचालन जम्मा ८ बिषयको १७५ घण्टी हुने गरेको पाइयो । सो कक्षा संचालन विद्यार्थी र शिक्षकको सहमतिबाट निर्धारण गर्ने गरेको पाइयो ।

छ) सम्पर्क कक्षा संचालन गरेवापत सहजकर्ता साथै संयोजकलाई दिइने सेवा र सुविधा न्यून रहेको र सो सेवा सुविधाबाट उनीहरु सन्तुष्ट भएको पाइएन ।

ज) संयोजक नियुक्ति गर्दा धेरै विद्यालयमा सोहि विद्यालयका प्रधानाध्यापकलाई प्राथमिकता दिइएको पाइयो भने सहजकर्ता पनि सोहि विद्यालयका शिक्षकलाई तोकिने गरेको पाइयो । सहजकर्ता मध्ये धेरै तालिमप्राप्त भएपनि केहिले भने अझ पनि तालिम नलिएको पाइयो ।

झ) शैक्षिक सामग्रीहरुमा सबैले मुद्रित सामग्रीको प्रयोग गर्ने गरेको पाइयो भने श्रव्य (क्यासेट)र दृश्य सामग्री केहि मात्रमा प्रयोग गरेपनि श्रव्य-दृश्य सामग्री भने कसैले पनि प्रयोग गर्ने गरेको पाइएन् ।

ञ) आन्तरिक मूल्याङ्कन गर्नका लागी कक्षा कार्य, गृहकार्य, एकाईपरीक्षा र नियमितता सबैलाई आधार बनाउने गरेको पाइयो ।

ट) विद्यार्थीको सिकाई उपलब्धी न्यून रहेको पाइयो । त्यसमा छात्रको भन्दा छात्राको उपलब्धी राम्रो पाइयो । श्रेणीगत रुपमा हेर्दा अधिकांश विद्यार्थीको उपलब्धी द्वितीय श्रेणी पाईयो ।

ठ) खुला र औपचाीरक विद्यालय तर्फको पाठ्यक्रम समान रहेको पाइयो ।

ड) औपचारिक बिद्यालयको पाठ्यक्रमलाई नै प्रयोग गर्ने गरेको पाइयो ।

ढ) औपचारिक बिद्यालयमा नै कक्षा संचालन गर्ने गरेको पाइयो ।

ण) दलित समुदाय र अन्य जातिको भर्ना प्रतिशत हरेक बर्ष बढ्दो पाइयो भने जनजातिको भर्ना प्रतिशत भने कम हुँदै गएको पाइयो ।

त) यस कार्यक्रम अन्तगर्त बिद्यार्थीको भर्ना हुने संख्या हरेक बर्ष कम हुँदै गएको पाइयो तर पनि छात्राहरुको भर्ना हुने प्रतिशत भने छात्रको तुलनामा बढी भएको पाइयो ।

थ) यस कार्यक्रमले समाजमा पिछडिएका र अवसरबाट बन्चित व्यक्तिमा सकारात्मक प्रभाव परेको पाइयो ।

### ६.१.२ खुला विद्यालय र औपचारिक विद्यालयको एसएल.सी परीक्षाको लेखाजोखा सम्बन्धमा

क) खुला विद्यालय र औपचारिक दुवै कार्यक्रम अन्तर्गतको एस.एल.सी परीक्षाको नतिजा हालको बर्षहरुमा घट्दो क्रममा पाइयो । त्यसमा पनि औपचारिकता भन्दा खुला तर्फ न्युन रहेको पाइयो ।

ख) बिषयगत औषत उपलब्धी औपचारिक विद्यालयको भन्दा खुला विद्यालयका विद्यार्थीको सबै बिषयको न्युन रहेको पाइयो । दुवै कार्यक्रम अन्तर्गत उच्च बिषयगत औषत उपलब्धी जनसंख्या बिषयमा पाइयो भने न्युनऔषत उपलब्धी खुला विद्यालय तर्फ गणित र औपचारिक विद्यालय तर्फ नेपाली बिषयमा पाइयो ।

ग) खुला विद्यालय तर्फको औषत उपलब्धी न्युन हुनका कारणहरुमा सम्पर्क कक्षा न्युन हुनु, पूर्वज्ञानको अभाव, पाठ्यक्रम विस्तृत हुनु, कार्यव्यस्तता , व्यवहारीक ज्ञानको अभाव, विद्यार्थीको न्युन सहभागीता, संयोजक र सहजकर्ताको सेवा सुविधा न्युन हुनु , व्यवस्थापन र अनुगमनमा एकरुपता नहुनु आदि रहेको पाइयो ।

घ) मूल्याङ्कन साधनहरुमा लिखित परीक्षालाई मात्र प्राथमिकता दिइएको पाइयो ।

### ६.१.३ खुलाविद्यालय संचालनमा देखिएका समस्याहरुको समाधानका उपायहरु सम्बन्धमा

क) सम्पर्क कक्षाको संख्या र अवधि बढाउनु पर्ने देखियो ।

ख) कार्यक्रमको विस्तारका निम्ति लगानी र प्रचारप्रसार न्यून देखियो ।

ग) शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगमा न्यून पाइयो ।

घ) विद्यार्थीको नियमितता र सहभागीता बढाउनु पर्ने देखियो ।

ङ) यस कार्यक्रमका लागि बेग्लै व्यवहारीक पाठ्यक्रम र भौतिक तथा प्रशासनिक व्यवस्थापन नभएको पाइयो ।

च) संयोजक तथा सहजकर्तालाई दिइने सेवा र सुविधा न्युन रहेकोले त्यसमा वृद्धि गर्नुपर्ने पाइयो ।

## ६.२ निष्कर्ष

खुला विद्यालय शिक्षा कार्यक्रमको विश्लेषणमा आधारित भएर गरिएको यस शोध कार्यको प्राप्तीलाई अध्ययन र मनन गरी निम्नानुसारको निष्कर्षलाई अघि सारिएको छ ।

यो कार्यक्रम संचालन भएको ५ बर्ष प्रवेश गर्दा सम्म देश भरिका ७५ वटै जिल्लामा विस्तारित भएर जम्मा ८५ वटा विद्यालयमा संचालन हुन पुग्नुले यस कार्यक्रमको महत्वलाई उजागर गर्दछ । यस कार्यक्रमको माध्यमबाट विद्यालय स्तरको शिक्षा लिनबाट बन्चित, पिछडिएको वर्ग, दलित विपन्न महिला आदिले विद्यालय स्तरको शिक्षा लिने अवसर प्राप्त भई उच्च शिक्षाको ढोका समेत खोल्न सफल भएका छन । गाउँ घरसम्म शिक्षा प्रतिको सकरात्मक सोचको विकास भएको छ साथै चेतना स्तरलाई समेत अभिवृद्धि गरेको छ । साथै चेतनास्तरलाई समेत अभिवृद्धि गरेको छ । शिक्षा लिनबाट बन्चित भएकै कारण निराश भएकाहरुलाई भविष्यप्रति आशा जगाएको छ । हरेक बर्ष यस कार्यक्रम विस्तार भएबाट यस कार्यक्रमको औचित्य पुष्टी हुन्छ । यो औपचाीरक शिक्षाको विकल्पको रुपमा अघि आएको छ । २०६८ देखि प्राइभेट बाट एस.एल.सी परीक्षा दिने व्यवस्थालाई परीक्षा नियन्त्रण कार्यालयले बन्द गरेपछि यस कार्यक्रममा पर्ने चाप अझै बढ्ने देखिन्छ । त्यसैले नेपाल सरकार, शिक्षा मन्त्रालय र सरोकारवालाहरुले यसमा अझ स्पष्ट र दीर्घकालिन योजना सहित अघि बढनु पर्ने देखिन्छ ।

सम्पर्क कक्षाको न्यून संख्या, अव्यवहारिक र विस्तृत पाठयक्रमको बावजुद पनि विद्यार्थीको आकर्षण बढ्दो छ । यी देखिएका कमि कमजोरीहरुलाई समाधान गर्दै अघि बढनु पर्ने हुन्छ । राष्ट्रिय शिक्षा आयोग २०४९ ले नै खुला विश्वविद्यालयको अवधारणालाई अघि ल्याएतापनि मूर्तरुप लिन सकेको छैन । तर हालै नेपाल सरकारले खुला विश्वविद्यालय स्थापना गर्ने निर्णय गरेको छ । तसर्थ खुला विद्यालय कार्यक्रमलाई समेत अनुगमन र सुपरिवेक्षण गर्नका लागि खुला विश्वविद्यालय सँगै अघि बढाउने उद्देश्यले बेग्लै निकाय स्थापना गरी जिम्मा दिनु उपयुक्त हुन्छ । खुला विद्यालयको पाठ्यक्रम र औपचारिक विद्यालयको पाठ्यक्रम समान वा एकै हुनु नहुने र खुला विद्यालयको पाठ्यक्रम व्यवहारीक र खुला विश्वविद्यालयको पाठ्यक्रमसँग अनुकूल हुनु पर्दछ ।

## ६.३ सुझावहरु

"खुला विद्यालय शिक्षा कार्यक्रमको विश्लेषण" सम्बन्धमा गरिएको यस शोध कार्यको अनुसन्धानका क्रममा संयोजक र विद्यालय निरिक्षकसँग अन्तरवार्ता साथै सहजकर्ता र विद्यार्थीसँग प्रश्नावली तथा दस्तावेज अध्ययनबाट प्राप्त सूचनाका आधारमा यो कार्यक्रम उपलब्धी मूलक रहेको , लक्षित समुदायमा सकरात्मक प्रभाव परेको र सबैको लागि शिक्षा नामक अन्तर्राष्ट्रिय अभियानलाई समेत टेवा पुग्ने देखिएकोले यस कार्यक्रमलाई अझ सुदृढ ढंगले अघि बढाउनका लागी निम्न सुझावहरुपेश गरिएको छ ।

### ६.३.१ खुला विद्यालय शिक्षा कार्यक्रमको वर्तमान अवस्था सम्बन्धी सुझावहरु

क) यस कार्यक्रमलाई अझ प्रभावकारी बनाई लक्षित समूह सम्म पहुँच पुऱ्याउन स्थानिय निकायहरुलाई समेत संलग्न गराई कार्यान्वयन गराउनु पर्दछ ।

ख) पाठ्यक्रममा सुधार गरी समसामयिक र व्यवहारिक बनाउनु पर्दछ ।

ग) सरकारले यस कार्यक्रमका लागि लगानीमा वृद्धि गरी कार्यक्रमलाई गाउँ गाउँ सम्म विस्तार गरी औपचारिक शिक्षाको विकल्पको रुपमा अघि बढाउनु पर्दछ ।

घ) गाउँघरमा छरिएर रहेका सीपलाई समेत समेटी पाठ्यक्रममा समावेश गर्नु पर्दछ ।

ङ) वर्तमान परीक्षा प्रणालीमा सुधार गरी सैद्धान्तिक ज्ञान र व्यवहारिक सीप दुवैको मापन र मूल्याङ्कनका आधार बनाइनु पर्दछ ।

च) आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोगमा जोड दिनु पर्दछ ।

छ) देशभरी संचालनमा रहेका खुला विद्यालय शिक्षा कार्यक्रममा एकरुपता ल्याउनु पर्दछ ।

ज) यस कार्यक्रममा संलग्न सहजकर्तालाई सम्पर्क कक्षा संचालन सम्बन्धित तालिम दिइनु पर्दछ ।

झ) यस कार्यक्रममा संलग्न संयोजक तथा सहजकर्तालाई दिइने सेवा र सुविधामा वृद्धि गर्नुका साथै यस कार्यक्रममा सहभागी विद्यार्थीलाई समेत औपचारिक विद्यालयका विद्यार्थीलाई दिइने छात्रवृत्ति दिइनु पर्दछ ।

ञ) सम्पर्क कक्षाको समय निर्धारण गर्दा विद्यार्थीको अनुकूलतालाई प्रमुख प्राथमिकता दिइनु पर्दछ ।

### ६.३.२ खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको लेखाजोखा सम्बन्धी सुझावहरु

क) यस कार्यक्रममा सहभागी विद्यार्थीहरुका लागि स्रोत सामग्री/सहयोगी सामग्रीको उत्पादन र वितरणमा जोड दिनु पर्दछ ।

ख) विद्यार्थीहरुको नियमितता र सहभागीता बढाउने कार्यक्रम ल्याउनु पर्दछ ।

ग) अधिकांश विद्यार्थी अंग्रेजी र गणितमा अनुत्तिर्ण हुने गरेकाले यी बिषयलाई यस कार्यक्रम अन्तर्गत ऐच्छिक बिषयका रुपमा राखिनु पर्दछ ।

घ) खुला विद्यालयको पाठ्यक्रम औपचारिक विद्यालयको भन्दा फरक र व्यवहारीक ज्ञानमा आधारति हुनु पर्दछ साथै स्थानीय सीपलाई पाठ्यक्रममा समावेश गरिनु पर्दछ ।

ङ) मूल्याङ्कन प्रणालीमा सुधार गरी व्यवहारीक ज्ञान र सीपको मापनमा जोड दिइनु पर्दछ ।

च) यस कार्यक्रम अन्तर्गतका विद्यार्थीमा पूर्वज्ञानको अभाव देखिएकाले कक्षा ८ उत्तिर्ण गरेको २ बर्षपछि एस.एल.सी परीक्षामा सहभागी हुने व्यवस्थामा सुधार गरी कक्षा ८ उत्तिर्ण भएपछि २ बर्ष लगातार सम्पर्क कक्षा संचालन र सहयोगी सामग्रीको वितरणको व्यवस्था मिलाउनु पर्दछ ।

छ) कार्यक्रमको सम्बन्धित निकायबाट नियमित अनुगमन र सुपरिबेक्षण गरिनु पर्दछ ।

ज) परीक्षा प्रणालीमा सुधार गरी मूल्याङ्कनका विभिन्न साधनहरु उपयोग गरीनु पर्दछ ।

### ६.३.३ खुला विद्यालय संचालनमा देखिएका समस्याहरुको समाधान सम्बन्धी सुझावहरु

क) खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत लगानी वृद्धि गर्नु पर्दछ ।

ख) कार्यक्रमको संचालनमा स्थानीय निकायलाई सहभागी गराउनु पर्दछ ।

ग) यस कार्यक्रमलाई औपचारिक विद्यालय भन्दा बेग्लै संचालन गर्नु पर्दछ ।

घ) यस कार्यक्रमको संचालन र अनुगमन गर्न बेग्लै निकायहरु गठन गरिनु पर्दछ ।

ङ) यस कार्यक्रममा निरीक्षण र अनुगमन प्रभावकारी ढंगबाट गरिनु पर्दछ ।

च) यस कार्यक्रमलाई औपचारिक विद्यालयको विकल्पको रुपमा अघि बढाउनु पर्दछ

छ) पाठयक्रमलाई समसामयिक र व्यवहारीक बनाउनु पर्दछ ।

ज) मूल्याङ्कन प्रणालीमा सुधार गर्नु पर्दछ ।

झ) संचारका साधनहरुबाट समेत सहयोगी सामग्री वा कार्यक्रम प्रसारण गरिनु पर्दछ ।

ञ) यस कार्यक्रमलाई खुला विश्वविद्यालयसँग एकिकृत रुपमा अघि बढाउनु पर्दछ ।

ट) यस कार्यक्रमलाई प्रभावकारी बनाउन घुम्ती सम्पर्क कक्षाको व्यवस्था गरिनु पर्दछ ।

## सन्दर्भ सामग्री


काफ्ले, बासुदेव तथा अन्य (२०६१), *शैक्षिक प्रविधि तथा अनौपचारिक शिक्षा,* भोटाहिटी काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ, श्रेष्ठ, चन्द्रबहादुर (२०६३), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* भोटाहिटी काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६५), *अनुसन्धान पद्धति,* किर्तिपुर काठमाण्डौं सनलाइट पब्लिककसेन ।

तिम्सिना, जमूना (२०६६), *साक्षरता विकासमा अनौपचारिक शिक्षाको भूमिका एक अध्ययन,* स्नातकोत्तर तह दोस्रो बर्षको अप्रकाशित शोधपत्र सुकुना बहुमूखी क्याम्पस ।

थापा, विजय कुमार तथा अन्य (२०६४), *व्यवस्थापन सूचना प्रणाली र मानव संशाधन व्यवस्थापन,* भोटाहिटी काठमाण्डौं :विद्यार्थी पुस्तक भण्डार ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), *दूर शिक्षा/खुला सिकाई कार्यक्रम संचालन सम्बन्धी निर्देशिका,* सानोठिमी भक्तपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०६३), *खुला विद्यालय संचालन सम्बन्धी कार्यान्वय पुस्तिका,* सानोठिमी भक्तपुर ।

पाक्षिक पत्रिका (२०६६), *एजुकेशनल पेजेज,* काठमाण्डौं, एन.पि.टि.सि. लिमिटेड चाबहिल ।

पौडेल, लेखनाथ (२०६४), *नेपालमा शिक्षाको विकास,* भोटाहीटी, काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

मालाकार, सुनिता र साथीहरु (२०६३), *दूरशिक्षा विशेषाङ्क,* सानोठिमी भक्तपुर, नेपाल सरकार शैक्षिक जनशक्ति विकास केन्द्र ।

विष्ट, मीन बहादुर (२०४८) *शिक्षाको सिद्धान्त,* पुल्चोक ललितपुर, साझा प्रकाशन ।

वाग्ले, रामचन्द्र (२०६४), *प्रौढ शिक्षाको सन्दर्भमा साक्षरता कार्यक्रमको प्रभावकारीता,* स्नातकोत्तर तह दोस्रो बर्षको अप्रकाशित शोधपत्र, पृथ्वी नारायण क्याम्पस ।

शर्मा, चिरन्जिवी (२०६४), *शिक्षाका आधारहरु,* काठमाण्डौं, एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स, भोटाहिटी ।

शर्मा, गोपीनाथ (२०५५), *उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन,* काठमाण्डौं, मकालु बुक्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा एण्ड शर्मा (२०६३), *शैक्षिक प्रविधि र अनौपचरिक शिक्षा,* भोटाहिटी काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

Koul, Lokesh (2008), *Methodology of Educational Reseach*, Vikas Publishing House.

Patton, M.Q (1990) *Qualitative Evaluation and Research Method*, New Delhi SAGA Publication.

Young, P.v. (1988), *Scientific Survey*, New Delhi, Prentice Hall of India.

(यो प्रश्नावली त्रि.वि. शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षको Ed.CE ५९८ विषयको अनुसन्धानार्थ तयार पारीएको हुँदा सत्य तथ्य सूचना प्रदान गरी सहयोग गरीदिनु हुन विनम्र अनुरोध गरिन्छ ।)

## अनुसूची -१

खुला विद्यालय शिक्षा कार्यक्रम सम्बन्धी शिक्षक/सहजकर्तालाई सोधिने प्रश्नावली

शिक्षकको नाम : बिषय :

शैक्षिक योग्यता :

खुला विद्यालयको नाम :

१. खुला विद्यालय शिक्षा कार्यक्रममा कहिले देखि सहभागी हुनु भएको हो ?

२. सम्पर्क कक्षाको समय कसरी निर्धारण गर्नु हुन्छ ?

३. विद्यार्थीको सहभागीता कस्तो छ ?

४. के कस्ता शैक्षिक सामग्रीहरु उपलब्ध छन ?

५. आन्तरिक मूल्याकन कसरी गर्ने गर्नुभएको छ?

कक्षाकार्यबाट ☐ गृहकार्यबाट एकाई परीक्षाबाट ☐ नियमितताबाट ☐ माथिका सबै साधनबाट ☐

६. सम्पर्क कक्षा संचालन गर्दा सहयोग कस्तो पाउनु भएको छ ?

७. खुला विद्यालय कार्यक्रमले समाजमा कस्तो प्रभाव पारेको छ ?

८. खुला विद्यालय र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको उपलब्धीसमान छ ? यदि छैन भने के कस्ता कारणहरु होलान ?

९. सम्पर्क कक्षा संचालन गर्दा प्राप्त सेवा सुविधाबाट सन्तुष्ट हुनु हुन्छ ?

१०. सम्पर्क कक्षा संचालन गर्दा के कस्ता समस्याहरु देखिएका छन ?

११. खुला विद्यालय संचालनमा देखिएका समस्यालाई समाधान गर्ने के के कस्ता उपायहरु होलान ?

(यो प्रश्नावली त्रि.वि. शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह दोश्रो वर्षको Ed.CE ५९८ विषयको अनुसन्धानार्थ तयार पारीएको हुँदा सत्य तथ्य सूचना प्रदान गरी सहयोग गरीदिनु हुन विनम्र अनुरोध गरिन्छ ।)

## अनुसूची -२

खुला विद्यालय शिक्षा कार्यक्रम सम्बन्धी विद्यार्थी लाई सोधिने प्रश्नावली

विद्यार्थीको नाम :

विद्यालयको नाम :

१. तपाई कुन पेशामा आबद्ध हुनु हुन्छ ?

२. विद्यालयमा कुन उद्देश्यले सहभागी हुन भएको हो ?

३. तपाई सम्पर्क कक्षामा कत्तिको उपस्थित हुनु हुन्छ ?

४. के तपाईले अध्ययनमा परिवारबाट सहयोग पाउनु भएको छ ?

५. सम्पर्क कक्षाको समय कसरी निर्धारण गर्नु हुन्छ ?

शिक्षकको अनुकुलतामा ☐ विद्यार्थीको अनुकूलतामा ☐

शिक्षक र विद्यार्थीको अनुकूलतामा ☐ विद्यालयको अनुकूलतामा ☐

६. के तपाई पठनपाठनबाट सन्तुष्ट हुनु हुन्छ?

७. पठनपाठन कार्य प्रभावकारी छ ?

छ ☐ छैन ☐

८. खुला र औपचारिक तर्फको पाठयक्रम र परीक्षा समान छ ? के यो उपयुक्त छ ? छ भने कसरी र छैन भने कसरी छैन ?

९. के सम्पर्क कक्षाको अवधि उपयुक्त छ ? यसले पाठयक्रमलाई समेट्न सक्छ ?

१०. के खुला र औपचारिक तर्फको एस.एल.सीं परीक्षाको उपलब्धी समान छ ? यदि छैन भने किन फरक परेको होला ?

११. सम्पर्क कक्षामा के कस्ता शैक्षिक सामग्रीहरु उपयोग गरिन्छ ?

१२. खुलाविद्यालय कार्यक्रमको समाजमा कस्तो प्रभाव पारेको छ ?

१३. आन्तरीक मूल्याङ्कन कसरी गरिन्छ ?

कक्षाकार्यबाट ☐ गृहकार्यबाट ☐ एकाई परीक्षाबाट ☐ नियमितताबाट ☐ माथिका सबै साधनबाट ☐

१४. पठनपाठनमा के कस्ता समस्याहरु भेल्नु परेको छ ?

१५. खुला विद्यालयलाई अभ्र प्रभावकारी ढंगबाट अघि बढाउने के के उपायहरु हुन सक्छन ?

## अनुसूची -३

खुला विद्यालय शिक्षा कार्यक्रम सम्बन्धी प्राचार्य/प्रधानाध्यापकलाई लिइने अन्तवार्ता अनुसुची

---

प्रधानाध्यापकको नाम :

योग्यता :

खुला विद्यालयको नाम :

---

१. खुला विद्यालय संचालन कहिले देखि थाल्नु भएको हो ?

२. विद्यार्थी भर्नाका आधारहरु के के छन् ?

३. के खुला विद्यालय उद्देश्य अनुरुप संचालन भएका छन ?

४. खुला विद्यालयमा कस्ता-कस्ता विद्यार्थीहरु भर्ना हुन आउछन ?

५. शिक्षक/सहजकर्ताको व्यवस्था कसरी गर्नु हुन्छ ?

६. सम्पर्क कक्षाको व्यवस्था कसरी मिलाउनु भएको छ ?

७. आन्तरिक मुल्याङ्कन कसरी गर्ने गर्नु भएको छ ?

८. विद्यालयको आर्थिक व्यवस्थापन कसरी गर्नु हुन्छ ?

९. खुला विद्यालय कार्यक्रमले समाजमा कस्ता प्रभाव पारेको छ ?

१०. खुला तर्फको एस.एल.सीं परीक्षाको उपलब्धी कस्तो छ ?

११. के खुला र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको उपलब्धी समान छ? यदि छैन भने के कारणले फरक पर्न गएको होला ?

११. के खुला विद्यालय संचालनमा कठिनाईहरु छन ? यदि छन भने के के होलान ?

१२. खुला विद्यालय संचालनका समस्याहरुलाई समाधान गर्ने उपायहरु के के हुन सक्छन ?

१३. खुला विद्यालय र औपचारिक विद्यालयको पाठ्यक्रम समान रहनु ठीक छ या छैन कस्तो लाग्छ ?

१४. सम्पर्क कक्षाको समयावभि वर्तमान पाठ्यक्रमलाई मिल्दो छ ? यदि छैन भने कसरी सुधार गर्न सकिन्छ ?

## अनुसूची -४

खुला विद्यालय शिक्षा कार्यक्रम सम्बन्धी विद्यालय निरिक्षकलाई लिइने अन्तवार्ता अनुसूची

विद्यालय निरिक्षकको नाम:

सम्बन्धित जिल्ला :

१. यस जिल्लामा खुला विद्यालयशिक्षा कार्यक्रम कहिले देखि शुरु भएको हो ?

२. खुला विद्यालय शिक्षा कार्यक्रमको अवधारणा आउनुको कारण के होला ?

३. खुला विद्यालय शिक्षा कार्यक्रमलाई प्रदान गरिने सुविधाहरु के के होलान ?

४. खुला विद्यालय कार्यक्रको एस.एल.सी. परीक्षा र औपचारिक विद्यालयको एस.एल.सी. परीक्षाको उपलब्धी कस्तो छ ?

५. खुलाविद्यालय कार्यक्रम र औपचारिकविद्यालयको एस.एल.सी. परीक्षाको उपलब्धी फरक छ? यदि छ भने फरक आउनुका कारणहरु के के होलान ?

६. खुला विद्यालय संचालन गर्दा के कस्ता समस्याहरु देखिएका छन ?

७. खुला विद्यालय कार्यक्रमलाई अझ प्रभावकारी ढंगले संचालन गर्न के कस्ता उपायहरु हुन सक्छन ?

८. खुला विद्यालय शिक्षा कार्यक्रमले समाजमा कस्तो प्रभाव पारेको छ ?

## अनुसूची -५

खुला विद्यालयशिक्षा कार्यक्रम अन्तर्गत विद्यार्थी विवरण संकलन सर्वेक्षण फारम

| क.सं. | विद्यालयको नाम | विद्यार्थी संख्या | | प्रतिशत | |
|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

## अनुसूची -६

खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत जातजातीगत विद्यार्थी विवरण

| क.सं. | विद्यालयको नाम | जम्मा विद्यार्थी संख्या | दलित | | जनजाती | | अन्य | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |

**अनुसूची -७**

खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत SLC परीक्षामा सहभागी विद्यार्थी र उर्त्तिण विद्यार्थी विवरण

| शै.सत्र | विद्यालयको नाम | सहभागी विद्यार्थी संख्या | | उर्त्तिण विद्यार्थी संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम श्रेणी | | द्वितीय श्रेणी | | तृतीय श्रेणी | |
| | | छात्र | छात्रा | छात्र | छात्रा | छात्रा | छात्र | छात्र | छात्रा |
| २०६४ | ज.उ.मा.वि.इटहरी | | | | | | | | |
| | आ.उ.मा.वि., विराटनगर | | | | | | | | |
| | नरग्राम मा.वि. टंकि | | | | | | | | |
| २०६५ | ज.उ.मा.वि.इटहरी | | | | | | | | |
| | आ.उ.मा.वि., विराटनगर | | | | | | | | |
| | नरग्राम मा.वि. टंकि | | | | | | | | |
| २०६६ | ज.उ.मा.वि.इटहरी | | | | | | | | |
| | आ.उ.मा.वि., विराटनगर | | | | | | | | |
| | नरग्राम मा.वि. टंकि | | | | | | | | |

## अनुसूची -८

खुला विद्यालय शिक्षा कार्यक्रम  तथा औपचारिक विद्यालय अन्तर्गत SLC परीक्षामा सहभागी विद्यार्थीहरुको बिषयगत औषत उपलब्धी सर्वेक्षण फारम

| क्र.सं. | विद्यालयको नाम | | अंग्रेजी | नेपाली | गणित | विज्ञान | सामाजिक | जनसंख्या तथा वातावरण | ए.प्रथम | ऐ द्वितीय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | औपचारिक | | | | | | | | | |
| | | खुला | | | | | | | | | |
| २ | | औपचारिक | | | | | | | | | |
| | | खुला | | | | | | | | | |
| ३ | | औपचारिक | | | | | | | | | |
| | | खुला | | | | | | | | | |

## अनुसूची -९

खुला विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत शिक्षक विवरण

| क.सं. | विद्यालयको नाम | शिक्षक संख्या | शैक्षिक योग्यता | | तालिम | |
|---|---|---|---|---|---|---|
| | | | *स्नातक* | *स्नातकोत्तर* | *प्राप्त* | *अप्राप्त* |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

## अनुसुची १०

कक्षा अवलोकन फारम

१. विद्यालयको नम : २. विद्यालयको किसिमः

३. शिक्षकको नाम : ४. पढाएको विषय :

---

१. विद्यार्थी संख्या : छात्र/छात्रा

२. विद्यार्थी उपस्थित संख्या : छात्र/छात्रा

३. पाठयोजनाको निर्माण : छ/छैन

४. शैक्षिक सामग्रीको व्यवस्था : छ/छैन

५. विद्यार्थीको उत्प्रेरणा : छ/छैन

६. विद्यार्थीको सहभागिता : राम्रो/निष्कृय/सामान्य

७. समूह निर्माण : छ/छैन

८. शिक्षण क्रियाकलाप शिक्षक केन्द्रित/विद्यार्थी केन्द्रित

९. कक्षा कार्य वा गृहकार्य छ/छैन

१०. विद्यार्थी मूल्याङ्कन गर्न विभिन्न साधनको प्रयोग छ/छैन

११. कक्षा अवलोकनबाट देखिएका सकरात्मक पक्षहरु : ..................

१२. सुधार गर्नुपर्ने पक्षहरु...........

१३. विद्यार्थीहरुको प्रतिक्रिया : .................